# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभुमी

मानब बेचविखन विश्वव्यापी रूपमा फैलँदै आएको एउटा मानवीय घटना हो । यस प्रति धेरै शैक्षिक, राजनितिक, अन्तराष्ट्रिय को रूप रेखा तथा मिडियाका साधनहरूले ध्यान दिएता पनि अहिलेको आधुनिक समाजमा मानब बेचविखन एउटा ठुलो चुनौतीको रूपमा रहेको देखिन्छ । मानब बेचविखन दासत्वको रूप हो । जसलाई श्रम शोषणबाट चित्रण गर्न सकिन्छ । यो विभिन्न अपराध सम्बन्धी उधारो बन्धन जस्तै हो । जुन मानिसको विक्री वितरण (शरीरको अंगहरू) का लागि भर्ती गरिने माहोल जुन संसार भरि नै शोषणको लागि तिब्र गतिमा भइरहेको छ (Lee 2007-1-3) । यो संसारभरि नै तिब्र गतिमा बढिरहेको अपराधिक व्यापार हो  (Kara 2009-18-19) । यो दासत्वको आधुनिक रूप हो जसमा विभिन्न परिमाण र मानबअधिकार उल्लङघनका तौर तरिकाहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा संघियताको दायित्वहरू पर्दछन् । विश्वव्यापी रूपमा27 million पुरुष, महिला तथा बालबच्चाहरू "मानब बेचविखन" भन्ने अभिव्यक्तिको वर्णनबाट नै अति प्रभावित भएको छन् भनि अनुमान गरिएको छ जसमा 2.5 million भन्दा बढि मानब वेचविखन कै परिणाम स्वरूप जबरजस्ती श्रम (यौन शोषण समेत गरी) विभाजन गरी अंकमान गरीएको छ  ( ILO,2007) । व्यक्तिहरूको वेचविखनको लागि मध्यपुर्वी क्षेत्रहरू मुख्य गन्तव्य स्थानको रूपमा परिचित रहेका छन् । (UNDOC, 2012), को एक प्रतिवेदन अनुसार संसारको विभिन्न क्षेत्रहरूबाट वेचविखन भएकाहरू मध्येको ७० प्रतिशत पिडितहरू मध्य पुर्वमै रहेका छन् । कुनै पनि प्रकारवाट भएको आधा भन्दा बढि मानब वेचविखन सम्बन्धि दुरूपयोग पिडितहरू एसिया र आसपास क्षेत्रमा छन् भने अन्य स्थान लेटिन अमेरिका, क्यारीवियन, मध्यपुर्व क्षेत्र र उत्तर अफ्रिकाहरूमा उल्लेखीय संख्यामा रहेका छन् भने लगभग आधा भन्दा बढि महिला र वालबच्चाहरू धेरै जसोलाई यौन शोषण समेतको जवरजस्ती श्रम गर्न बाध्य तुल्याएको छ ( The Asia Foundation 2000) ।

मानब वेचविखन मानबअधिकारको उल्लङघन र सामाजिक अन्यायको प्रकटीकरण गम्भीर रूप हो । संसारमा कति मात्रामा वेचविखन भएको छ भन्ने वारे मान्य र विश्वासनीय तथ्य

भेटाउन गाह्रो छ। तत्कालको अनुमानित रिपोर्ट अनुसार संसारको विभिन्न ठाउँको २४.९ Million मानिसहरू श्रम गर्न वाध्य छन् (ILO 2017)। यि ब्यक्तिहरू आर्थिक कियाकलापहरू जस्तै कृषि, माछा मार्ने, घरेलु कार्य, निमार्ण, उत्पादन तथा ब्यावसायिक यौन धन्दामा शोषित भएका छन्। पत्ता लागिएको वेचविखन भएका पिडितहरू धेरै जसो अन्तराष्ट्रिय सिमापार गरि आएका छन् भने ४२% पिडितहरू आफ्नै देशबाट रहेका छन् (UNODC 2016)। यसमध्ये ७१% महिला र २८% वालिकाहरू रहेको पत्ता लगाइएको छ (UNODC 2016)।

वास्तवमै भन्ने हो भने मानव सभ्यताको आदि देखी अहिलेसम्म नै विश्वमानव समाजमा महिलालाई दोस्रो दर्जाको मानिसको रूपमा हेरिएको उदाहरणहरू स्प्रष्ट देख्न सकिन्छ। जसको कारण महिलाहरू घरभित्र वा घरवाहिर दमन, भेदभाव, महिला हिँसा, अशिक्षा, असमानता, र बलात्कार जस्ता घटनाहरू सहन बाध्य छन्। बर्षेनी १२००० देखि १५००० नेपाली बालबालिका तथा महिलाहरू विभिन्न प्रलोभन, धम्की, डर, त्रासमा सिङ्गापुर, दुवाई, कतार, मलेसिया जस्ता देशहरूमा पशु सरह बेचिएका छन् र नरकीय जिबन बाँच्न बाध्य भएका छन्। प्राय ठाँउहरूमा रहँदै आएको महिलाहरू असमानता, शिक्षामा बञ्चित, यौन उत्पीडन, महिला  दुरूपयोग, दमन, शोषण, घरेलु हिंसा, दाइजो प्रथा, वेश्यावृति, आत्मनिर्भरता जस्ता हिंसाहरू महिलालाई मानवअधिकार विहिन वनाएको छ।

संसारमा गम्भीर रूपमा मानब तस्करी हुनु मानब अधिकारको उल्लङघन हुनु हो र यसले मानब अन्याय प्रकट गर्दछ। महिला हिंसा, महिला तस्करीको संख्या नेपालमा दिन प्रतिदिन वढ्दै गएको पाइन्छ। महिला तस्करी नियन्त्रण विरुद्ध विभिन्नUN, NGO, INGO, सरकारी संस्था तथा कानून भएतापनि वर्षेनी १००००-१५००० को विचमा नेपाली चेलीहरू भारतमा वेचिन छोडिएको छैन (Khatri (2003)। भारतमा मात्र नभएर नेपाली चेलीवेटी हङकङ, थाइल्यान्ड, मलेसिया, मध्ये पूर्वी तथा खाडी मुलूक जस्तै कुवेत, साउदी जस्ता क्षेत्रमा IRS 25000 –IRS 100000 मा वेचिएको पाइन्छ  (राजभण्डारी 1993:Himal 2005)। महिला वेचविखन बढ्नको मुख्य सामाजिक सांस्कृतिक कारणहरू निम्नः सामाजिक अवस्था, शिक्षाको अभाव, चेतनाको अभाव, लैङ्गिक असमानता, महिला विरुद्ध हिंसा, emotional abusem परिवारिक समस्या आदि रहेको छ। त्यस्तैगरी आर्थिक तथा राजनैतिक तत्वहरू बेरोजगार, अविकास, राजनैतिक अस्थिरता आदि जस्ता कारणहरूको

कारण महिला तस्करी बढीरहेको पाइन्छ । ILO report (kcet al.,2001) का अनुसार वर्षेनी १२००० केटीहरू १३-१८ मुनीको शारीरिक शोषणको लागि वेचविखन भइरहेको छ । वेचिएको महिलामध्ये भारतको वेश्यालयमा भएको सबैभन्दा ठुलो संख्या अनुमानित २००००० केटीहरू नेपाली महिलाहरू रहेको छ । (Maiti, Nepal, nd) तस्करीमा नेपालमा विभिन्न जातिका केटीहरू रहेको पाइन्छ । जस्तै व्राहमण, क्षेत्री, थारु नेवार अन्य आदि (IIPS and UNIFEM 2004) । अप्रकाशित प्रतिवेदन NHRC का अनुसार वेचिएका महिलामा क्षेत्री (२७%), तामाङ (१८%), गुरुङ (११.१ %), राई(१०%), नेवार (९.५%), व्राहमण (७%) र अन्य ८.५% दमाई, थारु, राजवंशी रहेको छ ।

यस्तो अमानबीय धन्दामा स्थानीय दलाल, पुरुष महिला, नेता र ठुलाबडा मानिसहरू संलग्न रहेको पाइन्छ । उनीहरूले कामको लागि, अथवा अन्य कुनै बाहाना बनाई दलाल, आफ्नै सौतेनी बाउ, काका काकी वा उनीहरूको गाउँको दिदी, बहिनी जो यौन कियाकलापमा संलग्न छन् उनीहरूमार्फत भई विभिन्न देशमा बेचिदै आईरहेको देखिन्छ । मानब बेचविखन सम्बन्धि विभिन्न निती नियम तथा कानूनहरू भएतापनि समाजमा यस सम्बन्धि ज्ञान नहुनु र कानून पूर्ण रूपमा कार्यन्वयन हुन नसक्नाले नेपालमा यस सम्वन्धि अपराधहरू बढ्दै गएको पाइन्छ । यो एकको स्वीकृती विना वाध्यात्मक रूपमा विवशमा पारी गरिने जघन्य अपराध हो । नरेन्द्रमणि आचार्य दिक्षितका अनुसार Trafficking भन्नाले वेचविखन गर्नु, सौदावाजी गरी व्यापार चलाउनु हो भनि परिभाषित गर्दछ । यसैगरी टोप बहादर सिंहका अनुसार वेचविखन भन्नाले कुनै वस्तु विकी गरी समाप्त भएको कामलाई जनाउँदछ । यि परिभाषाहरू विश्लेषण गर्ने हो भने महिला वेचविखन भनेको महिलालाई नै समाप्त पार्नु वा हत्या गर्नु जस्ता जघन्य अपराधिक कार्य हुन् । यसै कारणले पनि कतिपय मुलुकहरूमा वेश्यावृत्तीलाई कानूनी मान्यता दिएको भएतापनि सोहि पेसाको लागि मानव वेचविखन र ओसारपोसार गरिनु जघन्य अपराध मानिन्छ ।

नेपालको कानूनको शुरुवाती अवस्था देखि नै मानव वेचविखनको कानुनी व्यवस्थाहरू भएको पाइन्छ । मुलुकी ऐन २०१० मा पनि महिला वेचविखनको विषय उल्लेख भएको पाइएता पनि राणाकालिन समयमा महिलाहरूको अवस्था निकै नाजुक थियो । संयुक्त राष्ट्र संघीय महासभा १९९४ ले महिला वेचविखनको वारेमा वृहत धारणा व्यक्त गरेको छ र फराकिलो अर्थ लगाएको छ जस अनुसार “कुनै पनि मुलुकको सिमा भन्दा बाहिर वा भित्र

गैर कानूनी रूपमा पैसा लिएर विक्रि गर्ने, जवरजस्ती काममा लगाउने, झुट्टा विवाह गरि फसाउने र आर्थिक उपार्जनको लागि यौन कार्यमा लाग्न उत्प्रेरित वा वाध्य गराउने कार्यहरूलाई चेलीवेटी वेचविखन भनिएको छ र यस महासभाले वेचविखन विरुद्ध विश्वव्यापी अभियानलाई अगाडि बढाएको छ ।

यसै गरी नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा २९ (३) मा जनाइए अनुसार मानिसलाई वेचविखन गर्न, दास वा वाधा वनाउन पाइने छैन । यसले महिला वेचविखनलाई रोक लगाउन दरिलो आधार तयार गरेको देखिन्छ भने यसैलाई नै हाल महिला वेचविखन सम्बन्धि नेपालको मुख्य कानून मानिन्छ ।

यसरी महिला वेचविखन सम्वन्धि विभिन्न निती नियम तथा कानूनहरू निर्माण भएका छन्, त्यसैगरी सरकारी तथा गैरसरकारी संस्थाहरूले मानब बेचविखन रोक्न विभिन्न कार्यक्रमहरू जस्तै सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था सुधार कार्यक्रमहरू गर्दै आइरहेको पाइन्छ तर पनिकतिपय ठाउँहरूमा १३ देखि २९ वर्ष सम्मकै छोरी चेलीहरू दिनानु दिन बिभिन्न बाहाना तथा प्रलोभनमा परी छिमेकी राष्ट्र भारत देखि लिएर अन्यबिभिन्न देशहरूमा समेत पशु झै गरी बिक्रि बितरण भइरहेको पाइन्छ ।

यस सोध कार्यमा नुवाकोट जिल्ला दुप्चेश्वर १ मा पर्ने घ्याङफेदिमा बसोबास गर्ने तामाङ तथा शेर्पा जाति र त्यस ठाउँमा रहेको लैङ्गिक असमानता र चेलिबेटि बेचविखनको अवस्थाको बारेमा अध्ययन गरिएको छ । विशेषगरी तामाङ र शेर्पा जातिको बाहुल्यता रहेको नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकाको चेलिबेटी बेचविखनको अवस्थाको बारेमा यो सोधकार्य अनुसन्धान गरिएको छ । सतियौं देखि चल्दै आएको त्यस ठाउँको चेलीवेटी वेचविखन सम्वन्धि अध्ययन र समयको परिवर्तन सँगै त्यस ठाँउको अवस्थामा आएको थोरै परिबर्तनमा यो अध्ययन अनुसन्धान केन्द्रित छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

आजको विश्व जगतमा नेपाल एउटा गरिब राष्ट्रको रूपमा चिनिनुका साथै एसियन बिकाश बैक २०१० को तथ्याङ्किय बिबरण अनुसार यहाँको २५.२% मानिसहरू गरिबीको रेखामुनि रहेको छ । विश्वस्तरमा आएको विश्वव्यापिकरण, आधुनिकरण, महिला शसक्तिकरण जस्ता कुराहरू आएता पनि नेपालमा अझै पनि अशिक्षा, गरिबी, वेरोजगारी, माहिला हिंसा,

भेदभाव जस्ता कुराहरूको  दर घटेको पाइदैन । नेपालको धेरै भाग पहाडी मुलुक भएकाले देशको कुना काप्चा, पहाडी स्थानहरूको अझै पनि मानिसहरू अशिक्षित, वेरोजगारी, अचेतना, अन्धविश्वास, महिला हिंसा आदि समस्याहरूबाट बाहिर निस्कन सकेको छैन् । लैङ्गिक विभेदीकरणको जरो , अशिक्षा र अचेतनाका कारण मानिसहरूले कुन काम सही र कुन काम गलत हो भनेर छुट्याउने ज्ञान अझै पनि कति ठाउँको मानिसहरूमा नरहेको पाइन्छ । कमजोर आर्थिक अवस्था , अशिक्षा र गरिवीको कारण मानिसहरूले अपनाएको विभिन्न कानूनी, गैरकानूनी कार्यहरू मध्ये यो सोध कार्यमा नुवाकोट जिल्लाको घ्याङफेदिमा इतिहासदेखि एउटा पेशाको रूपमा चल्दै आएको चेलिबेटि बेचविखनलाई मुख्य विषयको रूपमा अध्ययन गरिएको छ। तामाङ तथा शेर्पा जाति वसोवास गर्ने त्यस ठाउँका मानिसहरूको आर्थिक अवस्था, अचेतना र त्यससँग सम्बन्धित चेलिबेटि वेचविखन जस्तो अमानवीय कार्यलाई यस अध्ययनमा समाबेश गरिएको छ। विश्वव्पापी रूपमा भएको आधुनिकरण, सहरीकरण, विश्वव्यापीकरण, औद्योगिकरण आदिको कारणहरूले यस ठाँउको मानिसहरूको जनजिवनमा आएको केही परिवर्तनलाई यो अनुसन्धानले नियाल्ने प्रयास गरिरहेको छ । जसको निम्न अनुसन्धानात्मक समस्याहरूमा केन्द्रित रहेर अनुसन्धानका प्रश्नहरू तयार गरिएको छ ।

**अनुसन्धानका प्रश्नहरू :-**

अध्ययन क्षेत्रको मानिसहरूमा चेलिबेटि वेचविखन गर्न बाध्य तुल्याउने कारणहरू के के हुन् ?

१. अध्ययन क्षेत्रको मानिसहरूमा परेको प्रभाव अध्ययन गर्नु ?

२. चेलीबेटी बेचविखनमा गैरसरकारी संस्थाले के कस्ता भूमिका निर्वाह गरेका छन् ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको मुख्य उद्देश्य नुवाकोट जिल्लाको दुप्चेश्वर १, घ्याङफेदिमा बसोबास गर्ने मानिसहरूले खुल्ला तथा गुप्त रूपमा अपनाउँदै आएको पेशा चेलिवेटी वेचविखनको अवस्थाको अध्ययन गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नअनुसार रहेको छन् :

१. चेलिबेटि वेचविखिन गर्नुको प्रमुख कारणहरू पत्ता लगाउने ।

२.	यसबाट समाजमा के कस्तो नकारात्मक प्रभावहरू परेको छ सोको पत्ता लगाउने ।

३.	बेचविखन रोक्न सरकारी तथा गैरसरकारी संस्थाहरूद्धारा के कस्ता भुमिका तथा प्रयासहरू भईरहेका छन् पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व (Significance of the Study)

नेपाल देश विविध संस्कृतिले भरिएको धनी देश हो। यहा ँबसोवास गर्ने प्रत्येक मानिसहरूको आ-आफ्नै धर्म, संस्कृति, परम्परा, पेशा रहेको छ। तसर्थ यहाँको विभिन्न जातजाति सम्प्रदाय उनीहरूले अंगालेको पेशाको समाजशास्त्रीय तथा मानबशास्त्रीय दृष्टिकोणले खोजी गर्नु महत्वपुर्ण पक्ष मानिन्छ। समाजमा पिछाडिएको उत्पिडनमा परेको राज्यको पहुँचबाट टाढा रहेको, निम्न जिबनस्तरको जिबन विताइरहेका मानिसको अध्ययन अनुसन्धान र विश्लेषण गर्न अझ बढी सान्दर्भिक र महत्वपुर्ण हुन्छ। आजको परिवर्तित समयमा यहाँका मानिसहरूमा शिक्षा, जनचेतनामा आएको परिवर्तन र उनीहरूको सोचाइ, पेशामा आएको परिवर्तनलाई यस अध्ययनले नियाल्ने प्रयास गरेको छ। यस प्रकार घ्याङफेदिको मानिसहरूको जिवनशैली र हाल आएको थोरै परिवर्तनलाई उल्लेख गर्नु यस अध्ययनको मुख्य उद्देश्य हो ।

नेपालमा रहेको विभिन्न समस्याहरूको अध्ययन अनुसन्धान हुनु महत्वपुर्ण हुन्छ। नेपालमा रहेको लैङ्गिक विभेद तथा चेलिवेटि वेचविखन सम्बन्धमा धेरै अध्ययन अनुसन्धान भइसक्दा पनि घ्याङफेदिमा इतिहासदेखी रहँदै आएको लैङ्गिक विभेद र चेलिबेटी वेचविखनको अध्ययन हालसम्म पनि कमै भएको पाइएकाले यस सम्बन्धी गहिरो अध्ययनको आवश्यकता महसुस गरिएको हो। यस सोध कार्यको महत्वलाई निम्न बुँदाहरूको आधारमा छुट्याउन सकिन्छ।

अध्ययन क्षेत्रका मानिसहरूको आर्थिक अवस्थाको जानकारी लिनको लागि यो अध्ययन महत्वपुर्ण रहेको छ। यहाँको मानिसहरूको आर्थिक अवस्था कमजोर हुनुका साथै विश्वव्यापी रूपमा समाज परिवर्तन भइरहँदा पनि यस ठाउँको मानिसहरूको सोचाईमा, रहन सहन, सँस्कृतीमा किन परिवर्तन आउन ढिलाई भएको छ भन्ने जस्ता कारणहरू पत्ता लगाउनु यस सोध कार्यमा विस्तृत रूपले अध्ययन गरिएको छ ।

हाल यी मानिसहरूको आर्थिक अवस्थामा के कस्तो परिवर्तन आइरहेको छ । त्यसको बारेमा जान्नको लागि पनि यो अध्ययन महत्वपुर्ण छ ।

बेचविखन रहर हो वा बाध्यता जस्ता कारणहरू र यसमा आएको सुधारको बारेमा जान्न चाहाने, चासो राख्ने स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई सहयोग पुग्ने छ ।

यस अध्ययनको निचोडलाई समग्र अशिक्षा, गरिबी र चेलीबेटी वेचविखन स्थितिको बारेमा जान्न चाहने अनुसन्धानकर्ता समाजशास्त्र तथा मानवशास्त्रका सोधकार्य गर्न विधार्थीहरू तथा सरकारी तथा गैरसरकारी संघ संस्थाले द्धितीय सामग्रीको रूपमा प्रयोग गर्न सक्दछन् ।

## १.५ अध्ययनको सिमा (Limitation of the Study)

जुनसकै अध्ययन कार्यको पनि एउटा निश्चित सीमा निर्धारण गरिएको हुन्छ । यस अध्ययन कार्यको पनि निम्नअनुसार सीमा निर्धारण गरिएको छ :-

यो अध्ययन नुवाकोट जिल्लामा पर्ने दुप्चेश्वर १ मा पर्ने घ्याङफेदिको चेलिबेटि बेचविखनको अवस्था र हाल आएको परिबर्तनमा आधारित भएर मात्र तयार पारिने छ ।


यो अध्ययन समाजशास्त्रको स्नातकोत्तोर उपाधिको प्राप्तिको अंशिक आवश्यकता परिपूर्तिको लागि गरिने छ ।


यस अध्ययन शैद्धान्तिक दृष्टिकोणबाट गरिने छ। यसमा घ्याङफेदिमा रहेको लैङ्गिक असमानता, अशिक्षा, गरिबी र चेलिबेटी बेचविखनमा आएको थोरै परिवर्तनको अवस्थालाई चित्रण गरिएको छ ।

## १.६ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यो सोध कार्य नुवाकोट जिल्ला दुप्चेश्वर १ घ्याङफेदिमा बसोबास गर्ने मानिसहरूको शिक्षाको अवस्था, आर्थिक अवस्था, महिलाको अवस्थातथा चेलिबेटि बेचविखन र त्यस ठाउँमा आएको परिबर्तनको खोजीनीति गर्ने  उद्देश्य लिएर गरिएको हो । यस सोधकार्यमा विशेष गरी घ्याङफेदिको मानिसहरूको जनजीबन र हालआएको परिवर्तनलाई बढी प्राथमिकता दिएर अध्ययन गरिएको छ। त्यस ठाउँको चेलिबेटी वेचविखनको बारेमा

अध्ययन गर्दा निम्नअनुसारको क्षेत्रलाई विशेष प्राथमिकतामा राखी यस सोधकार्यको अवधारणा ढाँचालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।




माथि प्रस्तुत गरिएको पहिलो आधारणात्मक ढाँचाले सम्बन्धित क्षेत्र घ्याङ्गफेदी-१, दुप्चेश्वर गाउँपालिकामा बसोबास गर्ने मानिसहारुको शैक्षिक, आर्थिक तथा लैङ्गिक पक्षको अध्ययन गर्न सहज बनाउने उद्देश्य राख्दछ भन्ने दोश्रो अवधारणात्मक ढाँचाले त्यस ठाउँको शैक्षिक, आर्थिंक एवं लैङ्गिक पक्षहरूमा विभिन्न गैर सरकारी संघ-संस्थाहरूले कस्तो किसिमको भूमिकाहरू निर्वाह गरेका छन् र त्यसबाट त्यहाँको मानिसहरूमा कस्तो किसिमको प्रभावहरू परेका छन् भन्ने हेतुले अध्ययनलाई सहज पार्न खोजिएको छ ।

# अध्याय दुई
# पूर्व साहित्यको समिक्षा

## २.१ सैद्धान्तिक समिक्षा (Literature Review)

केहि अनुसन्धानकर्ताहरूले चेलिबेटी बेचविखन, गरिबी जस्तो विषयहरूमा विभिन्न दृष्ट्रिकोणहरूबाट अध्ययन अनुसन्धान गरी धेरै कुराहरू पत्ता लगाइसकेका छन् । उहाँहरूले विभिन्न तरिकाहरूबाट आफ्नो धारणा, विचारहरू व्यक्त गरेका छन् । सैद्धान्तिक समिक्षाले सम्बन्धित विषयको बारेमा अनुसन्धानकर्तालाई ज्ञान र जानकारीहरू दिने गर्दछ । यस सम्वन्धमा विभिन्न विद्वान, सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले अध्ययन तथा अनुसन्धान पछि विभिन्न पत्र पत्रिकाहरू, लेख तथा कितावहरू मार्फत विभिन्न तथ्यको जानकारी दिएका छन् ।

महिलाहरू वेचविखन हुनुको मुख्य कारण लैङ्गिक विभेदता हो । प्राचिन कालदेखीको विभिन्न समाजशास्त्रीहरूको अध्ययनलाई हेर्ने हो भने कुनैकुनै समाजमा लैङ्गिक समानता देखिए पनि प्राय समाजमा लैङ्गिक असमानता देखिन्थ्यो जसको कारण महिलाहरू इतिहास देखी अहिले सम्म नै विभिन्न घरेलु समस्याको शिकार हुनुको साथै पशु सरह वेचिएको पाइन्छ । विभिन्न विद्धानहरूले लैङ्गिक सम्बन्धको वारेमा विभिन्न समाजको अध्ययन अनुसन्धान गरेको पाइन्छ । जस अन्तर्गत L. Tiger J. Shephes ले (woman and kiputz-1995) Isreal को एक समाजमा गरेको अध्ययनअनुसार त्यहाँ महिला पुरुषबीच सामाजिक भिन्नता छैन र सामाजिक समानतालाई व्यवहारमा उतारेको पाइन्छ । हरेक कार्यमा महिला वा पुरुष दुवैको सहभागिता हुन्छ । Maegaret Mead (Growing up in New Guinea -1930) ले न्यूगिनीका तीनवटा आदिवासी समाजको तुलनात्मक अध्ययन गरेकी थिइन् । उनका अनुसार Arapesh समुदायमा पनि महिला र पुरुषहरू बीचमा समान सहयोगी दृष्टिकोण र व्यावहारहरू थिए भने Mundugumor समुदायमा पनि महिला र पुरुषबीच समानव्यवहार र क्रियाकलापहरू त भेटिए तर तीArapsh समुदायका भन्दा निकै भिन्न थिए एवम् स्वार्थी र रिसाहा पनि थिए । Aprapesh समुदायमा Feminie गुण थियो भने Mundugnmor समुदायमा Masculine गुण पाइन्थ्यो त्यस्तै गरी अर्को समुदाय Tchambuli जसमा महिला र पुरुषहरू बीच भिन्न भिन्न व्यवहार र क्रियाकलापहरू

देखिन्थे । जसअनुसार महिला विवेकी र प्रभुत्वदायी प्रमुख थिए भने पुरुष बढी अरूको सत्ता स्विकार्ने उत्तेजक तथा वालवच्चाको स्याहार गर्ने स्वभावका थिए भनेका छन् ।

यसरी विभिन्न विद्वानहरूले विभिन्न समाज तथा जातिहरूको अध्ययन अन्तर्गत समाजमा रहेको लैङ्गिक समानता र असमानताको वारेमा छुट्टाछुट्टै रूपमा अध्ययन गरेको छन् । नेपाली समाज पहिलेदेखी नै पुरुषको निर्णयमा चल्दै आएको र महिलाहरूको आफ्नै पहिचान नभएको विभिन्न लेखकहरूको अध्ययनवाट देख्न सकिन्छ । जस्तै सन् १९३५ मा गोपालसिंह नेपालीको ‘The Newars’नामक पुस्तकमा पनि नेवार जातिको धार्मिक परम्परा, सामाजिक जनजीवन, संस्कार आदिमा पुरुषको भुमिका बढि रहेको देखिन्छ । त्यस्तै गरी सन् १९८३ मा Kathryan S. Marchद्धारा काठमाडौँका आसपासमा रहेका तामाङ समुदायको अध्ययन गरी त्यस समुदायमा रहेको लैङ्गिक सम्बन्ध र भुमिकाका बारेमा  खोजपुर्ण अध्ययन गरएको छ । जसमा तामाङहरूमा पुरुषहरू लेखपढ तथा जागिर आदिमा संलग्न रहेको र महिलाहरू सिलाइबुनाइ कार्यमा संलग्न रहेको देखाइएको छ। यसले समाजमा पुरुषहरूको र महिलाहरूको छुट्टाछुट्टै भुमिका-निर्वाह हुने गरेको तथ्य देखाएको छ। तामाङ समुदायमा महिलाहरूले तानवावुनाइ र पुरुषहरूले कलमको महिमा गर्ने गरेको तथ्य Kathryab S. March ले उल्लेख गरेकी छिन् । Lynne Bennet(सन् १९८३) ले काठमाडौँ नजिकैको नारीकोट गाउँ अध्ययन गरी “Danger wives  and sacred sister”नामक पुस्तक प्रकाशन गरेकी छिन् । जसमा नारीकोट समाजका महिलाहरूको लैङ्गिक भुमिका पुरुषहरूको भन्दा निम्न रहेको भन्ने कुराहरू व्याख्या गरेका छन् । पितृ सत्तात्मक ढाँचामा चलेको नेपाली समाजको महिलाहरू विभिन्न समस्याहरू भोग्न र घरेलु हिंसाहरू सहन इतिहासदेखी नै वाध्य भएको कुरा विभिन्न समाजशास्त्रीहरूको अध्ययनवाट पनि स्पष्ट रूपमा थाहा पाउन सकिन्छ । यिनै कारणहरूले गर्दा नै महिलाहरू पशु सरह वेचविखन भई आफ्नो जिवन एउटा वन्द कोठीमा विताइरहेका छन् । यि सव हुनुको मुख्य कारण देशमा जरा गाडिएको लैङ्गिक विभेदतालाई मान्न सकिन्छ ।

चेलीवेटी वेचविखनको अध्ययन तथा रोकथामको लागि नेपालमा विभिन्न NGOs, INGOs ले महत्वपुर्ण भुमिकाहरू खेल्दै आएको पाइन्छ । गरिबी निबारण, जनचेतनामुलुक कार्यक्रम, आयस्रोत परियोजना, वेचिएको महिला तथा बालिकाको उद्धार देखि लिएर उनीहरूलाई सिपमुलुक कार्य सिकाउने लगायत वा सस्थानको व्यवस्था गर्ने कार्यहरू UNODC, माइती

नेपाल, GFN, ILO, AATWIN, NNAGT, ONRT लगायतका विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले गर्दै आएको पाइन्छ भने सरकारी क्षेत्रबाट यो कार्य नियन्त्रण गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा कारवाहीहरूको व्यवस्था गरिएको पाइन्छ ।

महिला तस्करीको सुरुवात नेपालमा कुन समयदेखि भयो भन्ने वारेमा प्रमाणित सुचना उपलब्ध हुन सकेको छैन (Gimire,1997) तर केहि सान्दर्भिक कितावहरूमा यसको शुरुवात राणा काल तथा राजा लिच्छवि मल्लको महिला तथा केटीहरू वेचेको पाइन्छ । यो समय अवधिमा हिमाली क्षेत्रजस्तै सिन्धुपाल्चोक र नुवाकोट जिल्लाका युवतीहरू राणाहरूको दरवारमा नोकरनी, रखौटी, नाच्न गाउनको लागि प्रयोग गरेको पाइन्छ । अध्ययनले ती प्राय युवतीहरू तामाङ समुदायवाट रहेको देखाउँछ। राणा कालदेखी सुरु भएको महिला वेचविखन पञ्चायतकाल (1960-1990 AD) पनि निरन्तर वृद्धि भई हालसम्म कायम रहेको पाइन्छ ।

राजा शुरेन्द्र विक्रमशाहले पहिलो पटक लिखित रूपमा जारी गरेको राष्ट्र कोड कानून “मुलुकी ऐन” १८५९ वि.सं.ले केहि समुदायहरूमा केहि वेचविखन प्रतिवन्ध लगाएको थियो -शाक्य 1999) । त्यसै गरी चन्द्र शमसेरले पनि दासत्व प्रथा निर्मुल पार्ने कानून 1981 BC मा बनाएको थियो ।

नेपाल संविधान 2047 Article (20) ले मानव तस्करी निषेधित गरेको छ । यस्तो गरेको खण्डमा सजाय ऐन निर्माण गरेको छ । यो कुरालाई ध्यानमा राखेर NGOs, INGOs दाता तथा बहुपक्षीय एजेन्सीहरूले तस्करीको सम्भावना भएको जिल्लाहरूमा जागरुकता र वकालत सम्बन्धी कार्यक्रमहरू शुरु गरेको छ ।

Deputy Secretary General of the United Nation, Jan Eliasson (25 June 2013) का अनुसार “यो मानव तस्करी विरुद्दको लडाई न्याय, समानता र मर्यादाको लागि युद्ध हो । यो मानवअधिकार र मानव शालीनताको लागि हुने युद्ध हो । ”

चेलिवेटी वेचविखन सम्वन्धि रोकथाम तथा नियन्त्रणको सन्दर्भमा विभिन्न समयमा बिभिन्न कानूनविद्धहरूले यस सम्वन्धि परिभाषाको ब्याख्या गर्नुको साथै चेलिवेटी वेचविखन मानव समाज बिरुद्धको एक जघन्य अपराध हो भन्नेमा कसैको दुइ मत रहेको छैन । नरेन्द्रमणि आचार्य दिक्षितको“ साझा संक्षिप्त कोष” तृपितय संस्करण २०५० ( साझा प्रकाशन )

अनुसार “Trafficking भन्नाले वेचविखन गर्नु, सौदावाजी गरी व्यापार चलाउनु हो भनि परिभाषित गर्दछ।” यसैगरी टोप बहादुर सिंहका“कानूनी शव्दकोष ” २०५६ अनुसार “वेचविखन भन्नाले कुनै वस्तु विकी गरी समाप्त भएको कामलाई जनाउँदछ। यि परिभाषाहरू विश्लेषण गर्ने हो भने महिला वेचविखन भनेको महिलालाई नै समाप्त पार्नु वा हत्या गर्नु जस्ता जघन्य अपराधिक कार्य हुन्। यसैकारणले पनि कतिपय मुलुकहरूमा वेश्यावृत्तीलाई कानूनी मान्यता दिएको भएतापनि सोहि पेसाको लागि मानव वेचविखन र ओसारपसार गरिनु जघन्य अपराध मानिन्छ।”

नेपालको कानूनको शुरुवाती अवस्था देखि नै मानव वेचविखनको कानूनी व्यवस्थाहरू भएको पाइन्छ। मुलुकी ऐन २०१० मा पनिमहिला वेचविखनको विषय उल्लेख भएको पाइएता पनि राणा कालिन समयमा महिलाहरूको अवस्था निकै नाजुक थियो। संयुक्त राष्ट्र संघीय महासभा १९९४ ले महिला वेचविखनको वारेमा वृहत धारणा व्यक्त गरेको छ र फराकिलो अर्थ लगाएको छ जसअनुसार “कुनै पनि मुलुकको सिमा भन्दाबाहिर वा भित्र गैर कानूनी रूपमा पैसा लिएर विकि गर्ने, जवरजस्ती काममा लगाउने, झुट्टा विवाह गरि फसाउने र आर्थिक उपार्जनको लागि यौन कार्यमा लाग्न उत्प्रेरित वा वाध्य गराउने कार्यहरूलाई चेलीवेटी वेचविखन भनिएको छ र यस महासभाले वेचविखनविरुद्ध विश्वव्यापी अभियानलाई अगाडि बढाएको छ।

यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ धारा २९ (३) मा जनाइए अनुसार मानिसलाई वेचविखन गर्न, दास वा वाँधा बनाउन पाईने छैन। यसले महिला वेचविखनलाई रोक लगाउन दरिलो आधार तयार गरेको देखिन्छ भने नेपालको संविधान २०७२ को भाग ३ धारा ३८ मा महिलाहरू वेचविखन गरेमा दण्ड हुने कानूनको व्यवस्था गरेको छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक सिद्धान्त अनुसार सहभागी गराउने भनी उल्लेख गरेको छ। यसैलाई नै हाल महिला वेचविखन सम्बन्धि नेपालको मुख्य कानून मानिन्छ।

यो अध्यायले गरिबी, अशिक्षा र चेलीबेटी बेचविखनको सम्बन्धमा विभिन्न अनुसन्धानकर्ता, लेखकको सम्बन्धित क्षेत्रको अनुसन्धानले अझ गहिरो तरिकाबाट बुझ्न सहायता गर्दछ। सैद्धान्तिक समिक्षामा उल्लेखित बिभिन्न लेखक, समाजशास्त्रि, दार्शनिक तथा कानूनबिदहरूको भनाइहरूले हामीलाइ यो कुराको पुष्टि गर्दछ की लैङ्गिक असमानता र

चेलीबेटी बेचविखन जस्तो जघन्य अपराधहरू हाम्रो जस्तो समाजमा सदियौ देखि रहिआएको छ र राज्यले अहिले सम्मै यसको नियन्त्रण गर्न सकिरहेका छैनन्। तसर्थ यस सम्बन्धि अनुसन्धान तथा अध्ययन एक अपरिहार्य बिषय भएको छ।

## २.२ पुर्व अध्ययनको पुनरावलोकन

नेपालको चेलिवेटी वेचविखनको समस्यालाई विषयवस्तु वनाएर विभिन्न अध्ययन अनुसन्धान गरेको पाइन्छ। यस सम्वन्धी विभिन्न समाजशास्त्रीहरू, अनुसन्धानकर्ताहरू, संघसंस्थाहरू भिन्न भिन्न समयमा विभिन्न तरिकाहरूवाट अध्ययन अनुसन्धान गरी महत्वपुर्ण सहयोग पुऱ्याएका छन्।

पुर्व साहित्यको पुनरावलोकन गर्ने क्रममा मानब वेचविखनको उत्पत्तिको बारेमा वुझ्न जरुरी हुन्छ। भारत सरकारले १९२०s - १९३०s मा गरेको अनुसन्धान अनुसार भारतिय पुनरावृत्ती तथा अवकाश प्राप्त गोर्खा सिपाहीहरू यस पेशामा संलग्नभएको दर्शाइएको छ। जब नेपाली व्रिटिस र इन्डिया सेनासँगपहिलो विश्व युद्धको लागि लड्न पठाइएको थियो त्यति वेला देखि नै एक  ठाउँको महिला चेली अर्को ठाउँ वा विदेशमा व्यावसायिक हिसावले वेच्न सुरु भएको मानिन्छ साथै १९ औं शताब्दी देखी सुरु भएको नेपाल र भारत विचको आर्थिक व्यावसायिक क्रियाकलापले पनि नेपालको चेलीहरू भारतमा वेचिन थालेको पाइन्छ। त्यस्तै नेपाली समाजको पुरानो परम्परा तथा धार्मिक आस्थाले पनि अप्रत्यक्ष रूपमा वेश्यावृत्ति तथा चेलीवेटी वेचविखनलाई लागु गरेको पाइन्छ। जस्तै वादी, देउकीझुमा जस्ता संस्कृतिले विभिन्न महिलालाई धर्मको नाउँमा मन्दिरको एउटा दासी बनाएर राखेको पुरानो ग्रीसबाट थाहा पाउन सक्छौँ। जसलाई मानव तस्करीलाई फष्टाउन दिइने एउटा मुख्य आधार मान्न सकिन्छ। चेलीवेटी वेचविखनको समस्या नेपालको मात्र नभएर विश्वव्यापी समस्या हो। पछिल्लो समयमा महिला तथा बालबच्चा वेचविखन र उनीहरूको निर्दोषपुर्ण जीवनशैलीले धेरै स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूको ध्यान खिचेको पाइन्छ।

Jean D. Chunha (1998)को अध्ययनअनुसार दक्षिण एसियाका देशहरूमा भएको वेश्यावृत्ति र यौन तस्करीको मात्रा र परिमाणको वारेमा गम्भिर जाँच गरेका छन्। उनका अनुसार लगभग ७०००० देखि २००००० महिलाहरू वेश्यावृत्तिमा संलग्न रहेका छन्। लेखक विश्वास गर्छन् कि वेश्यावृत्तिमा महिलाहरू वेचविखनहुनको मुख्य कारणहरू यौन

शोषण, अपहरण, धोका, राम्रो कामको लालच, झुटो विवाह सम्झौता, मित्रता गास्दा आदि कारणहरू रहेको  लेखक विश्वास गर्दछन् ।

Krishna Prasad (2006)ले आफ्नो विश्लेषणमा भारत, वंगलादेश, पाकिस्तान र नेपाललाई समेटेका छन् । जसमा भारतीय मानब तस्करीको परिदृश्य दक्षिण एसिया देशहरूसँग विल्कुलै मिल्न गएको कुरा निष्कर्ष निकालेका छन् । महिलाहरू, मानिसहरू र बच्चाहरू यौन शोषण र श्रम शोषणको लागि वेचिने मुल गन्तव्य भारत रहेको छ ।। मध्यपुर्वी देशहरूमा भारतीय पुरुष र महिलाहरू अनैच्छिक दासत्वको लागि र वालवालिकाहरू Camel Jockeys झै गह्रौ काम गर्नको लागि तस्करी भएको पाइएको छ । यौन शोषण, घरेलु हिंसा र श्रमको लागि वंगलादेशका महिला तथा वालवालिकाहरू भारतमा बेचिएका छन् वा भारतको मार्ग हुँदै पाकिस्तान र मध्यपुर्वी देशहरूमा समेत वेचिएको पाइन्छ ।

Madhusudhana (2006) अध्ययन अनुसार भारतको एउटा शहर अन्द्रा प्रदेशमा सञ्चालन रहेको मानव तस्करीको प्रथालाई उल्लेख गरेका छन् । उनका अनुसार महिला तस्करी एउटा बहुराष्ट्रिय संगठित अपराध विश्वव्यापीकरणको अध्याँरो पक्ष रहेको व्याख्या गरेको छन् । मानिसहरूको अवैध तस्करीको स्वभावका कारण महिला तथा वच्चाहरू यौन ब्यावसायको लागि धेरै मात्रामा वेचिएका छन् । उनी विश्वास गर्छन् कि मानब तस्करीको संख्या यो दशकमा विश्वव्यापारमा निकै बढेको छ । यो सब हुनुको पछाडि लैङ्गिक विभेद, गरिवी, शिक्षाको अभाव, आर्थिक मौकाको अभाव, छिटो विवाह, साने उमेरमा वच्चा जन्माउनु आदि रहेको उनी बताउँछन् । उनको पहिचानअनुसार आदिवासी समुदायमा महिलाहरूलाई आफ्नै जग्गाको लागि अनुमति दिएको छैन जुनचाँहि दुर्गम समाजमा मुख्य आम्दानीको स्रोत हो र महिलाहरूलाई जग्गा नदिई पुरुषको तुलनामा अझ कमजोर बनाइएको छ । उनका अनुसार पिडितहरूले मनोवैज्ञानिक दुर्व्यवहार मात्र खप्न परेको छैन एच.आइ.भी एड्स जस्तो सच्चाईबाट पनि संक्रमित रहेका छन् । उनी भन्छन् कि यो जस्तै केहि समय पछि उनीहरू दुर्व्यवहार सिकारको रूपमा खरिदविकी हुन्छन् । उनी भन्छन् आफ्नै परिवार तथा समाजले महिलाहरूमाथि गर्ने अवस्थित भेदभाव  नराम्रो रूपले हेर्ने मान्यताले चेलीवेटी तस्करीलाई थप कमजोर बनाएको छ ।

संयुक्त राष्ट्रसंघ (2015) ले मानब तस्करी सम्बन्धि विभिन्न सत्य तथ्यको पहिचान गरेको छ । जस अनुसार मानब तस्करी देश विकाससँग जोडिनुका साथै अरू विभिन्न तस्करीहरू

गरिवीको क्षेत्रबाट धेरै धनी हुनेखाने मानिनेहरूहरूसँग निर्देशित छ। तस्करीका मुख्यमुख्य कारक अथवा कारणहरूमा विद्यमान देशको गरिवी, वेरोजगारी, असमानता, भेदभाव र अरू विकासका अवस्थाहरूसँग सम्वन्धित छ। त्यसैकारण हामीले यिनीहरू माथि जित हासिल गर्न सके मात्र दिगो विकासको लक्ष्य प्राप्त गर्न सक्छौ। दिगो विकासको लक्ष्य लागु 25th सेप्टेम्बर, 2015 मा संयुक्त राष्ट्रसंघले साधारण विधानसभामा 2030 का अनुसार हासिल गरेका पाइन्छ। यसमा 17 ओटा दिगो विकासका लक्ष्यहरू र अरू 169 वटा विशिष्ट लक्ष्यहरू लिएका छन्। जसको लक्ष्यहरू बालबालिका यौन शोषण र मानब वेचविखन तथा तस्करीसँग मुकाबला गर्न सान्दर्भिक छ।

टोप बहादुर सिंहले " कानून शब्दकोष"भन्ने पुस्तकमा उल्लेख गरे अनुसार बेचविखन भन्नाले कुनै बस्तु विकी गरी समाप्तभएको कामलाई जनाउँदछ भने धन लिएर पर पुरुषसँग संभोग गराउने व्यवसायलाई वेश्यावृत्ति भनिन्छ।

नरेन्दमणी आचार्य दिक्षितले आफ्नो कृति " साझा संक्षिप्त कोष" तृपितय संस्करण २०५० मा "Trafficking" भन्ने वेचविखन गर्नु, सौदावाजी गरी व्यापार चलाउनु हो भने Prostituition भन्ने महिलाले पैसाको लागि आफ्नो शरीरलाई वेच्नु हो।

मुलुकी ऐन एघारौं संशोधनको जिउ मास्ने बेच्नेको महल ११ मा उल्लेख भए अनुसार महिला बेचविखनको अर्थका साथै यस्ता कार्य गर्ने गर्न लगाउनेलाई सजायको समेत व्यवस्था गरिएको पाइन्छ। मुलुकी ऐन जिउ मास्ने बेच्नेको महलको १ नं. मा भनिएको छ : "कसैले कुनै मानिसलाई विक्री गर्ने उद्देश्यले ललाई फकाई नेपाल सहर बाहिर लैजाने वा लगी विक्री गर्न हुँदैन। विदेशमा बेच्न लगेमा बेच्ने नपाउँदै पक्राउ भए बेच्ने लाई १० बर्ष र बेचिसकेको भए २० बर्ष कैद हुन्छ। किन्ने मानिस नेपाल सहर भित्र फेला परे निजलाई समेत बेच्नेलाई हुने सरहको सजाय हुन्छ। "

"मानब तस्करी संसारको तेस्रो ठुलो अपराधमा पर्दछ। यस्तो अपराध प्राय ६ बर्ष देखि माथिका चेलीवेटीमा घट्दछ। चेलीवेटी तस्करी हुने औसत उमेर भनेको १६ बर्ष हो।"अनुराधा कोइराला (www.vagabomb . com, माइती नेपाल)

नेपालको आन्तरिक संविधान २०६३ को भाग ३ धारा २९ (३) मा जनाए अनुसार मानिसलाई बेचविखन गर्नु, दास वा बाधा बनाउन पाइने छैन। यसले महिला बेचविखनलाई रोक लगाउन दरिलो आधार तयार गरेको देखिन्छ।

त्यस्तै विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले चेलिवेटी वेचविखनको वारेमा थुप्रै अध्ययन अनुसन्धान गरेको पाइन्छ। जुन निम्नअनुसार रहेको छ। नेपालको सन्दर्भमा मानब तस्करीको रिपोर्ट (२००७-२००९)को तथ्य अनुसार ५३% पिडितहरू महिला र ३३% चाहि केटीहरू रहेको पत्ता लगाइएको छ। (UNDOC, 2012:69) अनुमानित तथ्य अनुसार करिव २ लाख महिला तथा केटीहरू नेपालबाट वेश्यावृत्तिको लागि भारतको विभिन्न सहरहरूमा वेचविखन भइरहेको छ र प्रत्येक वर्ष ५००० केटीहरू वेचविखन भएको पाइन्छ। जब १९८९ मा टाइम्स अफ इन्डियाले भारतीय वेश्यालयहरूमा १००००० नेपाली महिलाहरू कार्यरत रहेको तथ्य पत्ता लगाए तब मात्र महिला तथा केटीहरूको वेचविखन सम्बन्धमा विभिन्न पत्रपत्रिका अर्थात प्रशारण साधनहरू सामाजिक सञ्जाल र सरकारको ध्यानकर्षण भएको थियो। धेरै केटी तथा वालिकाहरू पनि इन्डियन सर्कस मा काम गर्नको लागि वेचिएकाछन् जहाँ उनीहरू यौन शोषण लगायत थुप्रै यातना दिने कामहरू सामना गर्नु परेको छ। (Crawford and kaafman, 2011)

नेपालको विदेशी रोजगार विभाग(Department of foreign employment of Nepal) का अनुसार नेपाली महिलाहरू रोजगारीको खोजीमा खाडी मुलुकहरूमा आएका छन् र प्रत्येक बर्ष ६७००० देखि ८३००० महिलाहरू खाडी मुलुक गएको देखिन्छ। Foreign Nepali Workers Resue Center को रिपोर्ट अनुसार जम्मा ३००० महिलाहरूसँग उचित दस्तावेज रहेको पाइन्छ जस्तै उनीहरू कानूनी रूपमा, स्वच्छाले, राज्यको स्थिति अपनाएर गएको पाइएको छ भने बाँकी महिलाहरू अरू नै अनौपचारीक माध्यमबाट प्रक्रियाहरू नअपनाई अवैध तरिका मार्फत अर्थात वेचिएर खाडी मुलुकहरूमा गएको पाइन्छ। यी कागजात नगरिएको त्रुटि भएको प्रवासीहरू अन्तिममा अक्सर वेश्यावृत्तिको लागि छिमेकी देशहरूमा बेचिएको र उनीहरूको अधिनमा यौन शोषण र हिंसाको शिकार भएका छन्। परिवार, समाज तथा स्वैच्छिक प्रवासीहरूको डरले उनीहरू यस्तो विनासकारी काम गर्ने अवस्था र यौन दुरूपयोग सामना गर्नुपर्दा पनि उनीहरूले आफ्नो समस्या नेपाल सरकार तथा मद्दतमा खटिएका संघ संस्थालाई रिपोर्ट गरेको पाइदैन। (SWW, 2013)

विश्वव्यापी रूपमा मानब तस्करी एउटा महामारीको रूपमा फैलिएको पाइन्छ। विश्मा वेचिएको मानिसहरूमा ५५-६० प्रतिशत महिलात था केटीहरू तस्करी पिडित छन्। विश्वमा वेचिएको सम्पुर्ण जनसंख्यामध्ये ५५-६०% पिडित महिलाहरू छन्, र महिला र केटीहरू ७५% (UNDOC, 2012:7) महिला वेचविखन जवरजस्ती, आयत नियाएतको कारोवारलाई बुझिन्छ जुन अपहरण, छलफल गरी उनीहरूको इच्छा विपरीत वाध्यात्मक रूपमा काम गराइन्छ। महिला तथा वालिका तस्करी कानून तथा सामाजिक रूपमा स्वीकार योग्य नभएको र समाज विरुद्धको अपराध हो। यो मानबअधिकार उल्लङघन घरेलु कानूनको गम्भीर अपराध हो। विश्वव्यापीकरणको वढ्दो प्रवृत्तिअनुसार मानब तस्करी विश्वव्यापी रूपमा निरन्तर वढ्दै मात्र नभएर यसले विश्वलाई नै खराब बनाएको छ। मानब तस्करीको प्रवृत्ति तेस्रो राष्ट्रहरू उच्च भएको अपेक्षा गरिएको छ। मानब तस्करी प्रचलित तथा विकसित पश्चिमी राष्ट्रहरूको केहि भागहरूमा पनि भइरहेको पाइन्छ तर यसको वेवास्ता गरिएको छ भने मानब तस्करी वढ्दो प्रवृत्तिलाई हेर्दा मुलुकको तेस्रो राष्ट्रहरूमा यसको दर उच्च रहेको अपेक्षा गरिएको छ। (Kendle,2006:8)

दक्षिण एसिया मानब तस्करीकोमा पर्ने विश्वको प्रचलित क्षेत्रको रूपमा लिइन्छ जसमा मुख्य पिडितहरू केहि तथा महिलाहरू रहेको छ। Global report (UNDOC) का अनुसार ४७% पिडितहरू श्रमको लागि वेचिएको र ४४% महिलाहरू यौन शोषणको लागि दक्षिण एसियाली क्षेत्रमा बेचिएको पाइन्छ। UNDOC का अनुसार ४१% महिलाहरू दक्षिण एसिया क्षेत्रमा ओसारपोसार भएको पाइन्छ। केहि राष्ट्रहरूमा यसको बारे तथ्यहरू रहेको छ भने अरू राष्ट्रहरूमा नभएको पाइन्छ। त्यसकारण यसको ठिक तथ्य र त्यसको प्रभावबारेमा थाहा पाउन केहि समस्या देखिएको छ। दक्षिण एसियामा भएका वेचिएको पिडित महिलाहरू छिमेकी राष्ट्रहरूको मात्र नभएर विश्वको विभिन्न क्षेत्रबाट पनि रहेको पत्ता लगाइएको छ। (UNODC,2012:73) दक्षिण एसियाली क्षेत्रहरूमा एसियाली वृद्धि विकास र १९९० को आर्थिक संकटको अवधीमा वढि मात्रामा मानब तस्करीको क्षेत्र तथा मात्रा बढेको पाइन्छ र भारत दक्षिण एसियाको मानव तस्करीको मुख्य क्षेत्रको रूपमा लिइन्छ। विश्वव्यापारीकरण र आर्थिक स्वतन्त्रताले सीमा सजिलो बनाइदिएको छ जसको कारण अपराधीहरूलाई सामान तथा मानव वेचविखन तथा ओसारपोसार गर्न बाटो खुल्ला भएको छ। समाजमा भएका धेरै सीमान्तीकृत मानिसहरू जस्तै लैङ्गिक असमानता, (जनजाति) विभिन्न जातीय, गरिवी, भाषा तथा स्वास्थ्य, शिक्षा, भुमी, वासस्थानमा पहुँचको अभाव

आदि कारणहरूले गर्दा धेरै संख्यामा केहि जनजातिहरू, विभिन्नजातिका केटी तथा महिलाहरू वेचविखनको पिडित भएका छन् । (Gupta, 2010)

मानब वेचविखन विरुद्ध लड्नुको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट थुप्रै विशेष प्रकारको निति तथा रणनितिक योजनाहरू बनाउनुका साथै थुप्रै प्रतिवद्धताहरू समेत जनाइएका छन् । मानबअधिकारको विश्वव्यापी घोषणा (The Universal Declaragion& human right - UDHR), महिला माथि भएको सम्पुर्ण भेदभाव पुर्ण रूपमा उन्मुलन तथा यस विरुद्ध गरिएको अधिवेशन (CEDAW), व्यक्ति माथि दमनको रूपमा हुने वेचविखन, मानव अङ्गको व्यापार, देहव्यापार, दुरूपयोगको सभा र संयुक्त राज्य अमेरिकामा भएको अन्तराष्ट्रिय साँगठनिक अपराध (UNTOC) सम्बन्धि महाधिवेशन आदिमा नेपाल सरकारको तर्फबाट पनि हस्ताक्षर भैसकेका छन् । तर ब्यक्तिको वेचविखन र दवाव रोक्न भएको सन्धि विशेष गरी अन्तर देशिय संगठित अपराधको अतिरिक्त महिला तथा वालवालिका विरुद्ध संयुक्त राज्य अमेरिका भएको महाधिवेशन सम्बन्धि भने नेपाल सरकारद्धारा हस्ताक्षर हुन वाँकी नै रहेका छन् । (UNODC, 2010:52) अन्तराष्ट्रिय प्रतिवद्धताको बुँदाहरूमा नेपाल सरकारको (GON) तर्फबाट मानब वेचविखन विरुद्धको लागिथुप्रै राष्ट्रिय निति तथा योजनाहरूको सुरुवाती तर्जुमा गरिएको छ । नेपाल सरकारको आधी करोड कर्मचारी अंग, महिला तथा बालवालिका मन्त्रालय, महिला आयोग र राष्ट्रिय मानबअधिकार आयोग (NHRC) जस्तै राष्ट्रिय अंगहरू नै मानब वेचविखन निवारणको नितिहरू कार्य योजना गर्ने महत्वपुर्ण सरकारी संस्थाहरू हुन् । यि संगठनहरूले मानब वेचविखन विरुद्ध लड्ने हातहतियारहरू भनेको वकालत, नितिगत बिषयहरू नै हुन् भनि विचार गरेका छन् । त्यस्तै प्रकारले “MOWESW” महिला वालवालिका सामाजिक कल्याण मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (MOHP), MOHA, MOLTM, भुमि सुधार तथा वाताबरण मन्त्रालय (MOLRM), स्थानिय विकास मन्त्रालय (MOLD) जस्ता मन्त्रालयहरू गरिवी निवारण कोष समेतले आफ्नो निशानित र नियमित कार्यक्रमहरू मार्फत भएर महिला तथा वालवालिका वेचविखनको रोकथाम तथा निवारणको लागि महत्वपुर्ण भुमिकाहरू निर्वाह गरेका छन् । (Kapur and Sanghera, 2000) सरकारको प्रवल प्रयास सँगसँगै विभिन्न गैरसरकारी संघ संस्थाहरू जस्तै : माइती नेपाल, शक्ति समुह, पौराखी, टाइनी हेन्डस, महिला स-शक्तिकरण आदिले पनि मानब वेचविखन विरुद्ध विभिन्न जनचेतनाको कार्यक्रमहरू, सामाजिक, आर्थिक तथा शैक्षिक कार्यक्रमहरू देखि

लिएर पुर्नस्थापनाको कार्यक्रमहरू जस्ता कार्यमा महत्वपुर्ण भुमिका खेल्दै आएका छन् ।(UNODC, 2012)

Alliance against trafficking in women and children in Nepal (AATWIN) र National network against girls trafficking (NNAGT) नामक यि दुई NGOs हरू नेपालमा राष्ट्रिय स्तरमा रहेर वेचविखन विरुद्ध कार्य गरिरहेका छन् । यि NGOsहरूले सरकार सँगसँगै देशको विभिन्न दुर्गम तथा दुर्वल क्षेत्रहरूमा चुनाव प्रचार गर्ने, बकालत गर्ने, तथा जागरुकता सम्बन्धि विभिन्न कार्यक्रमहरू गर्दै आएका छन् । त्यस्तै गरी यहाँ धेरै NGOs हरू वेचविखन विरुद्ध कार्य गर्दै आएका छन् । जस्तै माइती नेपाल, WOREC, ABC Nepal शक्ति समुह, आशा नेपाल शान्ति पुर्नस्थापना केन्द्र (PRC) आदि । जो चाहि वेचविखन रोक्ने, वेचिएकाहरूको उद्धार गर्ने, पिडितहरूलाई पुर्नवासको व्यवस्था गर्ने जस्ता कार्यहरू गरिरहेका छन । यि NGOs हरू मध्ये १९९३ मा स्थापना भएको माइती नेपालनामक NGO चेलीवेटी वेचविखनसँग लडाई गर्ने प्रभावशाली तथा प्रमुख NGO को रूपमा लिइन्छ । माइती नेपालले रोकथामको लागि  राजधानी काठमाडौं भन्दा बाहिर ३ वटा घर, काठमाडौंमा पुर्नस्थापन केन्द्र र आपतकालीन केन्द्र रहेको छ भने भारत र नेपालको सिमाना भरी नै विभिन्न सुरक्षा जाँच केन्द्रहरूको स्थापना गरेको छ (ONRT 2008:73,75) । माइती नेपालले बेचिएका पिडित महिलाहरूलाई नेपाली पुलिस, इन्डियन पुलिस तथा अरू सान्दर्भिक इन्डियन NGOs हरूको सहायताबाट इन्डियाको वेश्यालयबाट उद्धार गर्नको लागि महत्वपुर्ण भुमिका खेल्दै आएको छ । यति मात्र नभएर माइती नेपालले उद्धार गरिएको महिलालाई पिडितहरूको आवश्यकता अनुसार धेरै प्रकारको पुनस्थापनाको सहायता गर्दै आएको छ । (ONRT 2008:73,75) माइती नेपालले पिडितहरूलाई बेचविखन गर्ने दलालको विरुद्धमा मुद्दा जाहेर गरी अदालतसम्म पुऱ्याउने सहायतागर्दै आएको छ । अरू संघ संस्थ ासँगसँगै माइती नेपालले मानब वेचविखन मा अवरोध पुऱ्याउने उद्देश्यका साथ सीमानामा अनुगमणको कार्यक्रम गर्ने, उद्धार कार्यक्रमको सञ्चालन गर्ने, उद्धार गरिएका पिडितहरूलाई सिप सिकाउने, आयस्रोत परियोजनाहरू ल्याउने, पिडितहरूलाई बस्ने स्थान जुटाउने र अन्यआवश्यक कुराहरू, यौनको लागि वेचिएकावा वेचविखन भइ एच.आइ.भी संक्रमित प्रभावित भएकाहरूलाई औषधी प्रदान जस्ता आवश्यक कार्यक्रमहरू गर्दै आएको प्रभावकारी संस्थाको रूपमा परिचित रहेका छन् । (American Bar Association, 2011)

त्यस्तैगरी वि.स २०५४/२०५५ सालमा स्थापना भएको Good Friends of Nepal (GFN) नामक NGO ले नेपालको विभिन्न ग्रामीण भागमा सेवामुलक कार्य गर्दै आएको छ। त्यसमध्ये नेपालको चेलीवेटी वेचविखनमा १ नम्बरमा पर्ने नुवाकोट जिल्लाको दुप्चेश्वर १ घ्याङफेदीमा २०६९ सालदेखि चेतनामुलक कार्यक्रम, शिक्षा क्षेत्र, विभिन्न सिपमुलक तालिम लगायत गरिबी निबारणको लागि आयस्रोत परियोजनाहरू सञ्चालन गर्दै आएको छ। जसको मुख्य उद्देश्य त्यस ठाउँको मानिसहरूलाई शिक्षादिनु, जनचेतना जगाउनु, आर्थिक वृद्धि विकास गरी चेलीवेटी वेचविखन रोक्नु रहेको छ।

## २.३ नितिगत समिक्षा

नेपालमा २०७२ मा प्रकाशन भएको नयाँ संविधानले महिलाहरूको हक, अधिकार, विभेद, वेचविखन रोकथाम, हत्या हिँसा उत्पीडनको समस्याको अन्त्य हुने कुरामा आशाको किरण देखिएको छ। हुनतवि.स २०२० को मुलुकी ऐनले चेलीवेटी वेचविखन रोकथाम गर्ने र यस्ता कार्यमा समावेश भएका व्यक्तिहरूलाई दण्ड सजाएको व्यवस्था गरेको थियो तर पनि व्यवहारमा चेलीवेटी वेचविखन कायम भएको पाइन्छ। नेपालको अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ मा पनि महिलाहरूको हक अधिकारको व्यवस्था गरेको छ। त्यसैगरि महिला तथा दिदीवहिनीहरूलाई सरकारी सेवामा प्रवेश गराउन निजामति सेवा लगायत अन्य सेवामा आरक्षण कोठाको व्यवस्था गरेको छ। त्यस्तै महिला संरक्षणको लागि विभिन्न संस्थाहरू कार्यरत छन्  जसले महिला विरुद्ध हुने हत्या, हिंसा, वेचविखन जस्ता अपराधहरू घटाउन, जनचेतना फैलाउन विभिन्न कार्यहरू गरिरहेको छन्। प्रत्येक गाउँमा पनि महिलाहरूले महिला सुरक्षाको लागि महिला समुह निर्माण गरेको पाइन्छ।

नेपालको संविधान २०७२ को भाग ३ धारा ३८ मा महिलाहरू वेचविखन गरेमा दण्ड हुने कानूनको व्यवस्था गरेको छ। राज्यको सबै निकायमा महिलालाई समानुपातिक सिद्धान्त अनुसार सहभागी गराउने भनी उल्लेख गरेको छ।

नेपाल संविधान २०७२ को भाग ३ मा मौलिकहकको धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। जसमा सामाजिक रूपमा पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अल्पसंख्यक युवा, किसान, श्रमिक उत्पीडित वा

पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ । (नेपालको संविधान २०७२)

यसवाट पनि महिलाहरूको उत्थान हुनेछ भन्ने आशा पलाएको छ । त्यसैगरी भाग ३ को धारा ३८ ले प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशिय हक हुने भनिएको छ । भाग ३ को धारा ३८ को ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनि व्यवस्था भए वमोजिम चेलीवेटी वेचविखन रोक्ने र महिलाहरूको संरक्षण गर्ने सन्दर्भमा २०७२ को संविधान सहयोगी हुने आशा गर्न सकिन्छ ।

शोषण विरुद्ध हकभाग ३ को धारा २९ को (३ र ४) मा कसैलाई पनि वेचविखन गर्न, दास वा बाँध बनाउन पाइने छैन । कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन भनी ब्याख्या गरेको पाइन्छ । यि विभिन्न महिलाहरूको हक अधिकार सम्वन्धी सन्दर्भहरूलाई हेर्दा २०७२ को संविधान महिला सुरक्षाको लागि निकै फलदायी हुने आशा गर्न सकिन्छ ।

# अध्याय तीन
# अनुसन्धान विधि

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र त्यसको औचित्य

यस अध्ययनले दुप्चेश्वर-१ घ्याङफेदिको लैङ्गिक असमानता तथा चेलीवेटी वेचविखन र यसमा समावेश व्यक्तिहरूलाई अध्ययनको क्षेत्र मानिएको छ। अध्ययनको लागि तयार पारिएको प्रश्नावलीबाट प्रत्यक्ष अन्तर्वार्ता लिई तथ्याङ्क सङ्कलन गर्नको लागि उक्त क्षेत्रमा रहि आएका व्यक्तिहरूसँग र विभिन्न कार्यरत संघसंस्थाहरूबाट तथ्याङक सङकलन गरिएको छ।

## ३.२ अनुसन्धानको ढाँचा

यो अध्ययन वर्णनात्मकर अन्वेषणात्मक अनुसन्धानको ढाँचामा रहेको छ। अध्ययनको विशिष्ट उद्देश्यहरूहको परिपुर्तिको लागि यो अनुसन्धान मलु  रूपमा प्राथमिक स्रोतहरूमा आधारित भएर गरिएको छ। यसमा उद्देश्यलाई ध्यानमा राखेर सम्वन्धित क्षेत्रमा बसोवास गर्ने मानिसहरू, तिनका जात, महिलाको स्थिती र भुमिका,  जनजाति संरचना, उमेर ,कामको किसिम, रोजगारी संङ्ख्या, वैवाहिक स्थिति,शैक्षिक स्थिती,राजनैतिक स्थिती, पारिवारिक स्थिति आदि जस्ता गुणात्मक तथ्यहरू भएकोले संख्यात्मक भन्दापनि गुणात्मक तथ्याङ्कमा वढी जोड दिनुपर्ने र त्यसको लागि स्थलगत अध्ययन नै वढी उपयुक्त हुने गर्दछ।

## ३.३ तथ्याङ्कको प्रकृति र श्रोतहरू

कुनै पनि अध्ययनको लागि तथ्याङ्कको अत्यन्तै जरुरी हुन्छ। झन् अध्ययनको विश्वसनियताको लागि प्राथमिकतथा द्धितीय श्रोतहरूबाट तथ्याङक लिन आवश्यक हुन्छ। यस अध्ययनमा प्रत्यक्ष अन्तर्वार्ता मार्फत् अन्तर्वार्ता अनुसूची प्रयोग गरी प्राथमिक तथ्याङक संकलन गरिन्छ भने यस अध्ययनको लागि यस शोधपत्र शीर्षकसँग सम्बन्धित विभिन्न पत्रिका, पुस्तक, प्रतिवेदन, लेख, रचना आदि द्धितीय तथ्याङ्कका श्रोतहरू हुन्।

### ३.३.१ प्राथमिकश्रोत

शोधकर्ताले अध्ययनलाई आवश्यक पर्ने जानकारी तथा सङ्कलन बास्तविक र सहि प्राप्त गर्न प्रत्यक्ष अवलोकन गरिनेछ। प्रत्यक्ष अवलोकन अन्तर्गत घ्याङफेदिगाउँ र त्यहाँका मानिसहरूको बारेमा अधिक निकट भई तथ्याङ्क संकलन गर्न अवलोकन प्रक्रिया र सोधकर्ता स्वयं सक्रिय भई तटस्थ रूपमा संकलन गरिने छ। त्यसैगरी विभिन्न जानकार व्यक्तिहरूसँग आवश्यक छलफल गरी सहि उत्तर लिने प्रयास गरिएको छ।

### ३.३.२ द्वितीय श्रोत

शोधकर्ताले आफ्नो अध्ययनसँग सम्बन्धित विषयका विभिन्न विद्वान्हरूको लेख तथा सङ्घ संस्थाहरूले प्रस्तुत गरेको प्रतिवेदन र पुस्तकहरूलाई द्वितीय श्रोत तथा सामग्रीको रूपमा लिइनेछ। यसका साथै घ्याङफेदिका मानिसहरूको सामाजिक, शैक्षिक, राजनैतिक, आर्थिक अवस्था सम्बन्धित पहिले गरीएका शोधपत्रहरूलाई पनि द्वितीय स्रोतको रूपमा लिइएको छ।

## ३.४ अनुसन्धानको समग्रता र नमुना छनौट

यस अध्ययनले उक्त क्षेत्रमा रहेका महिला तथा चेलीवेटीहरूलाई अध्ययनमा समावेश गरेको छ। नुवाकोट जिल्ला दुप्चेश्वर गाउँपालिकाको वडा नं. १ मा पर्ने घ्याङफेदीगाउँमा रहेको जम्मा ७९० घरधुरीमध्ये साविक वडा (१) मा पर्ने पालुकेचरी टोलबाट ५ घरधुरी, साविक वडा नं. (४) मा पर्ने घ्याङफेदी टोल बाट ५ घरधुरी, साविक वडा नं. (५) मा पर्ने घ्याङडाँडा बाट ५ घरधुरी, साविक वडा नं. (६) मा पर्ने सिसिपु बाट ५ घरधुरी, साविक वडा नं. (७) मा पर्ने वोलुङबाट ५ घरधुरी र  साविक वडा नं. (९) मा पर्ने चेताङ टोलबाट ५ घरधुरी गरी जम्मा ३० घरधुरीलाई उद्देश्यमुलक नमुना छनौट विधि अपनाई अनुसन्धान गरिएको छ।

## ३.५ तथ्याङ्क संकलनकाविधि

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क प्रश्नावली मार्फत् प्रत्यक्ष अन्तर्वार्ताको माध्यमबाट संकलन गरिएको छ। तसर्थ यस अध्ययनमा अध्ययनबाट प्राप्ततथ्याङ्कहरूलाई प्रश्नावलीमा भरी सो तथ्याङ्कलाई प्रयोग गरिएको छ।

### ३.५.१ अन्तर्वार्ता

अध्ययन अनुसन्धानका निम्ति विभिन्न अन्तर्वार्तालाई बढि महत्व दिइनेछ। शोधकर्तालाई अनुसन्धानको विषयसँग सम्बन्धित व्यक्तिसँग व्यक्तिहरूमा प्रत्यक्ष भेटघाट गरेर सत्य तथ्य तथ्याङ्क पत्ता लगाउन यो विधिले सहयोग गर्नेछ। अध्ययनको अनुरूप बनाइएका अन्तर्वार्ता अनुसूचीबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ।

### ३.५.२ अवलोकन

यस अध्ययनको उद्देश्य वमोजिम यस अध्ययनको क्रममा घ्याङफेदिगाउँको स्थलको अवस्था, तिनका कामको प्रकृति, घर परिवारको वर्तमान अवस्था, विभिन्न स्थानिय बासिन्दाहरूसँग प्रत्यक्ष छलफल, वैवाहिक अवस्था, शैक्षिक अवस्था, घरका जम्मा सदस्य, उनीहरूले अपनाउँदै आएको पेसा र चेलीवेटीको हालको अवस्था बारेमा बुझ्न स्वयम् उपस्थित भई अवलोकन विधि मार्फत तथ्याङ्क लिइएको छ।

### ३.५.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अन्तर्वार्ता

यस अध्ययनको उद्देश्य पुर्ति गर्नका लागि अनुसन्धानको विषयमा जानकार व्यक्तिहरू जस्तै वडा अध्यक्ष, महिला वडा सदस्य, प्राथमिक शिक्षक, शिक्षिका, स्थानिय अगुवा, NGOs को कर्मचारी, विभिन्न कार्यरत संघसस्थाहरूको माध्यमबाट जानकारी हाँसिल गरिएको छ।

## ३.६ तथ्याङ्क व्यवस्थापन, विश्लेषण तथा प्रस्तुतीकरण

सामाजिक अध्ययन अनुसन्धान गर्दा आवश्यक मात्रामा जानकारी तथा तथ्याङ्कहरू संकलन गर्ने वित्तिकै अनुसन्धान कार्य पुर्ण भएको मानिदैन। संकलन गरिएको तथ्याङ्कहरूलाई सही ढंगबाट विश्लेषण गर्न सकिएन भने अध्ययन अनुसन्धानको प्रस्तुतीकरणको प्रभावकारीता फितलो हुन सक्छ।

शोधकार्यमा संकलन गरिएका तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय पद्धति अनुसार तालिकीकरण गरी विश्लेषण गरिएको छ। प्राप्त तथ्याङ्कलाई तालिकामा वर्गीकरण गरी आवश्यकता अनुसार प्रतिनिधिमूलक तथ्यहरू प्रतिशत निकालेर प्रस्तुत गरिएको छ। तथ्याङ्कको प्रस्तुतिकरण वर्णनात्मक विधिका साथै तथ्यको प्रकृति अनुसार गरिएका छ।

# अध्याय चार

# तथ्याङ्क प्रस्तुती र विश्लेषण

## ४.१ भौगोलिक स्थिति

मध्यमाञ्चल विकास क्षेत्रमा ३ नं प्रदेश अन्तर्गत वाग्मति अञ्चलमा पर्ने नुवाकोट जिल्ला भौगोलिक हिसाबले मध्य पहाडी क्षेत्रमा पर्दछ । सुगम क्षेत्रहरूदेखि लिएर अति विकट क्षेत्रहरू समेत ओगटेको यस जिल्लाको दक्षिणमा, काठमाडौं उत्तरमा रसुवा सम्म फैलिएको छ । पुर्वमा सिन्धुपाल्चोक, पश्चिमधादिङ्ग, उत्तरमा रसुवा र दक्षिणमा काठमाडौं जिल्लाले बाधेको नुवाकोट जिल्लाको सदरमुकाम विदुर हो ।

दुईवटा निर्वाचन क्षेत्र , दुईवटा नगरपालिका र १० वटा गाउँपालिका  रहेको यस जिल्लामा दुप्चेश्वर गाउँपालिका वडा नं १ को रूपमा घ्याङफेदीगाउँ स्थापित रहेको छ। सदरमुकामबाट ४६ कि.मी पूर्वमा पर्ने घ्याङफेदीमा ७८० परिवार बसोबास गर्दछन् । जसमा २ घर मगर १ घर क्षेत्री र बाँकी घरहरू तामाङ र शेर्पा जातिहरू रहेको छ । लाङटाङ राष्ट्रिय निकुञ्ज तथा छलछल बग्ने खोला, झरना तथा असंख्य बन्यजन्तु, चराचुरुङ्गीहरू भएको प्राकृतिक रुपमा रमणीय स्थलको फेदीमा पर्ने घ्याङफेदी गाउँ प्राकृतिक हिसाबले निकै धनी गाउँ हो ।

घ्याङफेदीको पूर्वमा सिन्धुपाल्चोक जिल्ला, पश्चिममा शिखरवेसी गाउँपालिका र उत्तरमा गोसाईकुण्ड हिमाल रसुवा जिल्लासँग जोडिएको छ । यो गाउँको वनौट प्राकृतिक हिसावले पनि अनौठो प्रकारको देखिन्छ । चारै पट्टिवाट डाडापाखाले भरिएको यस गाउँमा माथि हेर्दा थोरै भाग आकाश मात्र देखिन्छ र चारै दिसामा पहाड तथा त्यही पहाडमा घरहरू मात्र देखिन्छ । यो गाउँ समुन्द्रि सतहवाट १२०० देखी १८०० मिटर उचाईमा पर्दछ ।

यस गाउँमा २०६५ सालको जनगणना अनुसार जम्मा ३१०० जनसंख्या रहेको थियो भने हाल ४१०० जति जनसंख्या रहेको छ । जसमा २१३२ महिला र १९६८ पुरुष रहेको छ । ( दुप्चेश्वर गाउँपालिका सुपरिबेक्षण प्रतिवेदन २०६२, नुवाकोट,राष्ट्रिय केन्द्रिय तथ्याङ्क विभाग, २०६५) ।

## ४.२ प्राकृतिक स्रोतहरू

कुनै पनि देशको आर्थिक विकास तथा समृद्धि र असल वातावरण तयार गर्न त्यहाँका प्राकृतिक स्रोत साधनहरूको ठुलो महत्व रहेको हुन्छ। यिनले हामीलाई आवश्यक पर्ने जमिन , बनजङ्गल, पानी, खानी र औधोगिक कच्चा पदार्थ आदि जस्ता अत्यावश्यक जरुरी पुरा गर्छ। जसले प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा मानिसको आर्थिक विकासमा सहायता गर्दछ। यस गाउँ पनि प्राकृतिक हिसाबले निकै धनी छ। लाङटाङ राष्ट्रिय निकुञ्जको फेदीमा अवस्थित यस गाउँमा विभिन्न किसिमका जडिवुटी, पशुपन्छी, वनस्पतिहरू प्रशस्त मात्रामा पाइन्छ।

तादी नदी यस ठाउँको मुख्य नदी हो जुन गोसाइकुण्ड र भैरब कुण्डबाट उत्पन्न भएको मानिन्छ। त्यहाँ अरू पनि प्रशस्त मात्रामा नदीहरू छन् जसले बस्तीका विभिन्न क्षेत्रमा खानेपानी उपलब्ध गराउँदछ तर पनि पानीको स्रोतको उचित मात्राम ाप्रयोग हुन सकेको छैन। पहाडी भेग भएको कारण सिचाईको लागि पनि पानी प्रयाप्त रूपमा प्रयोगमा ल्याउन सकिएको छैन।

यस ठाउँको अर्को मुख्य प्राकृतिक स्रोत बन जङगललाई लिन सकिन्छ। बनजङगल यस ठाउँको लागि काठ दाउराको मुख्य स्रोत रहेको छ। घर बनाउन देखि लिएर पशु चराउन, खाना बनाउनको लागि वनजङगलको प्रयोग भएको छ यो एउटा इन्धनको साधनको रूपमा रहेको छ। यहाँको हावा पानी अनुरूप यस ठाउँमा सल्लो, उत्तिस, कटुस, चिलाउने आदिको रुखहरू पाइन्छ। यहाँको जङगलमा बाँस र निगालो पनि पाइन्छ जसबाट डोको, मुन्द्रो, भकारी, थुन्चे, डालो, नाङ्लो आदि बनाइन्छ।

हिमाली भेगको चिसो हावापानी, प्रशस्त बनजङ्गल भएकोले वसोवास गर्न तथा पशुपालनको लागि यस ठाउँ उपयुक्त रहेको छ। यहाँको माटोमा आलु र तोरी खेतीको लागि धेरै नै योग्य रहेको छ भने धान नदीको छेउ छाउमा थोरै मात्रा मामात्र फल्दछ। यस गाउँमा प्रशस्त मात्रामा खेतबारी नभएको तथा कृषि उत्पादनमा चिसो हावापानीको कारण अन्नवाली उत्पादनमा अभाव भएको पाइन्छ। यस ठाउँमा मकै, कोदो, गहुँको खेतीपाती बढि मात्रामा गरिन्छ। चिसोको कारण मकै पाक्नपनि नौ महिना जति समय लाग्ने गर्दछ। यस ठाउँ खेतीपातीको लागि भन्दा पनि पशुपालनको लागि उपयुक्त रहेको पाइन्छ।

यस ठाउँवाट धार्मिक रूपमा प्रशिद्ध तीर्थस्थल गोसाईकुण्ड थोरै समयमा पैदल यात्रा गरि पनि पुग्न सकिन्छ भने हाइड्रोपावरको लागि पनि माथिल्लो तादी नदी मुख्य स्रोतको रूपमा रहेको छ अर्थात् यस ठाउँमा विश्व स्तरमा लोभ हुँदै गएको वन्यजन्तु रेड पाण्डा पनि पाइने भएकोले यस ठाउँ आन्तरिक तथा वाह्य पर्यटनको लागि एउटा आकर्षक स्थानको रूपमा लिन सकिन्छ ।

## ४.३ सामाजिक अवस्था

तामाङ तथा शेर्पा जातिहरूको वसोवास रहेको घ्याङफेदी गाउँमा लैङगिक विभेद देखिन्छ । छोरा पाउँदा दुखीत हुने र छोरी जन्मिदा खुसी हुने त्यहाँको सामाजिक परम्परा नै बनेको देखिन्छ । यस समाजमा प्राय बौद्ध धर्मावलम्वीहरूको वाहुल्यता रहेको छ भने उनीहरू धाँमी, झाँक्रीमा विश्वास गर्दछन् र कुखुरा, बोकाको वली चढाउने गर्दछन् । उनीहरू विभिन्न धार्मिक परम्परा जस्तै दशै, तिहार, ल्होसार तथा अन्य स्थानिय चाडपर्वहरू मान्ने गर्दछन् र चाडपर्वमा पाहुना तथा परिवार मिलेर मनाउने, खाने गर्दछन् । त्यस ठाउँमा व्रतवन्ध, विवाह, भात खुवाई जस्तो सामाजिक सँस्कृति परम्परालाई निरन्तरता दिइरहेको पाइन्छ । उक्त कार्यक्रममा घरमुलीले सके पनि नसके पनि रक्सी, जाँड, भोज भतेर व्यवस्था गर्नै पर्ने देखिन्छ । मर्दा पर्दा उनीहरू गुठी तथा समुदाय मिलेर एक अर्कालाई सहायता गर्ने गर्दछन् । यस ठाउँमा घरवस्ती एक ठाउँमा नभएर ग्रुप ग्रुपमा छुट्टा छुट्टै ठाउँमा वसोवास गरेको पाइन्छ । यस ठाउँमा कुनै ठाउँबाट आएका पाहुना तथा पर्यटकहरूलाई उनीहरूको परम्परा अनुसार आदर तथा अतिथि सरकार गर्ने गर्दछन् । उनीहरूले लोटामा पानी तथा हातमा फुलेका माला वा खादा लिएर अतिथिलाई स्वागत गर्ने गर्दछन् । अतिथि सत्कार तथा रितिरिवाजमा यस ठाउँको मानिसहरू सवल देखिन्छ । यस ठाउँको मानिसहरू विशेष गरी तामाङ तथा शेर्पा भाषा बोल्ने गर्दछन् । अधिकांश बुढापाका मानिसहरूले नेपाली भाषा बोल्न तथा बुझ्न समेत सक्दैनन् र उनीहरू घरभित्र पनि आफ्नै भाषा बोल्ने गर्दछन् । यस ठाउँमा ढुङ्गा र माटोले बनेको घरहरू छ भने छोरी बेचेर किनेको जस्ता पाताले घरधुरी छाएको देखिन्छ ।

### ४.४ जनसंख्याको प्रकार

**तालिका नं. १**

**दुप्चेश्वर-१ घ्याङफेदीको मानिसहरूको उमेर, लिङ्ग, समुहको आधारमा उत्तरदाताको विवरण**

| क.स | उमेर समुह | महिला | पुरुष | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ०-५ | १ | १ | २ | ६.७ |
| २ | ६-१० | २ | २ | ४ | १३.३ |
| ३ | ११-१५ | २ | २ | ४ | १३.३ |
| ४ | १६-२० | ३ | २ | ५ | १६.६ |
| ५ | २१-२५ | ३ | ३ | ६ | २० |
| ६ | २६-माथि | ५ | ४ | ९ | ३० |
| | जम्मा | १६ | १४ | ३० | १०० |

श्रोत : स्थलगतअध्ययन, २०७६ ।

तालिका नं १अनुसार यस ठाउँमा ०-५ बर्ष उमेर हुने पुरुष तथा महिला संख्या १/१ जना, ६-१० बर्षको महिला तथा पुरुष संख्या २/२ जना, ११-१५ बर्ष उमेर समुहको महिला पुरुष संख्या २/२ जना, १६-२० बर्ष उमेर समुहको महिला संख्या ३ र पुरुष संख्या २ जना, २१-२५ बर्ष उमेरका महिला ३ जना पुरुष ३ जना, २६ बर्ष भन्दा माथिको महिला उमेर संख्या ५ जना र पुरुष उमेर संख्या ४ जना रहेको छ। जसलाई प्रतिशतमा लैजादा ०-५ बर्ष उमेर हुनेहरू ६.७ प्रतिशत, ६-१० बर्ष उमेर हुनेहरू १३.३ प्रतिशत, ११-१५ बर्ष हुनेहरू १३.३ प्रतिशत, १६-२० बर्ष हुनेहरू १६.७ प्रतिशत, २१-२५ बर्ष उमेर हुनेहरू २० प्रतिशत, २६-माथि बर्ष उमेर हुनेहरू ३० रहेका छन् ।

दुप्चेश्वर-१ घ्याङफेदीमा जम्मा ७९० घरधुरीहरू रहेको छन् भने त्यहाँको जम्मा जनसंख्या २०६५ सालको जनगणना अनुसार ३१०० थियो भने हाल ४१०० रहेको छ जसमध्ये पुरुषहरू १९६८ र महिलाहरूको संख्या २१३२ छ। यस ठाउँमा जनसंख्या वर्षेनी वृद्धि भइरहेको पाइन्छ। घ्याङफेदीको जन्मदरको आधारमा मुल्याङकन गर्दा त्यस ठाउँमा महिलाहरूको संख्या पुरुषको तुलनामा केहि मात्रामा बढि नै रहेको देखिन्छ। विगत् १० वर्ष

अगाडिको घ्याङफेदीको जनगणनाको तथ्याङ्कलाई हेर्दा छोरीको जन्मदर बढि रहेको पाइन्छ भने हाल छोराको जन्मदर वढ्न थालेको छ। यस ठाउँमा साना वाल वच्चा, युवायुवती, महिला पुरुष तथा वृद्ध, बुढाबुढीहरू वसोवास गरेको पाइन्छ। जसको उमेरहरू असमान रहेको छ। यस ठाउँमा वसोवास गर्ने मानिसहरूको उमेर अनुसारको जनसंख्याको विवरणलाई माथि तालिका १ वाट स्पष्ट गरिएको छ।

### ४.५ शैक्षिक अवस्था

**तालिका नं २**

**शैक्षिक स्थितीको आधारमा उत्तरदाताको विवरण**

| क.स | तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १८ | ६०% |
| २ | प्रा.वि | ८ | २६.६% |
| ३ | नि.मा.वि | २ | ६.७% |
| ४ | मा.वि | १ | ३.३% |
| ५ | उच्च | १ | ३.३% |
| | जम्मा | ३० | १००% |

श्रोतः स्थलगत अध्ययन, २०७६।

माथिको तालिका अनुसार उत्तरदाताहरू समग्रतामा भन्नु पर्दा दुप्चेश्वर-१ घ्याङफेदीमा ६० प्रतिशत जति मानिसहरू निरक्षर रहेको देखिन्छ। प्रा.वि तहमा पुग्दा अध्ययनमा केहि सुधार भएता पनि नि.मा.वि मा पुग्दा अध्ययनमा संख्या घट्दो कममा देखिन्छ। साक्षरता दरलाई हेर्दा यसमा पुरुष ८० प्रतिशत जति पर्दछ भन् महिलाहरू जम्मा २० प्रतिशत जति मात्र साक्षर रहेको छ। यसकारण यस ठाउँको शैक्षिक क्षेत्रको अवस्थानिकै कमजोर रहेको देखिन्छ। यस ठाउँमा उच्च मा.वि नभएको तथा शिक्षाको गुणस्तरमा कमी, शिक्षकको अनुपस्थिती लगायत यस ठाउँको बासिन्दालाई शिक्षाको महत्व थाहा नभएको कारण यो अवस्था सृजना भएको हो भन्ने कुरा विभिन्न गैर सरकारी संघसस्थामा कार्यरत कर्मचारीहरू बताउँछन्। कमजोर आर्थिक स्थिति, भौगोलिक रूपमा पिछडिएको ठाउँ भएको कारणले गर्दा मा.वि तथा उच्च मा.वि मा साक्षरता दर झनै न्युन देखिन्छ।

शैक्षिक अवस्था हेर्दा नेपालमा रहेको विभिन्न दुर्गम ठाउँहरू मध्ये धेरै ठाउँहरूमा शिक्षाको क्षेत्रमा निकै पछाडी रहेको छ। जसमध्येमा पनि महिलाहरूको साक्षरता दर ६० प्रतिशत भन्दा कम्ती रहेको पाइन्छ जसले आफ्नो नाम लेख्न पढ्न पनि सक्दैनन्। दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदी गाउँ पनि शैक्षिक क्षेत्रमा निकै पछाडी परेको र यस ठाउँमा समाज आदिबाट औद्योगिक समाजमा रूपान्तरण हुँदा सम्म पनि हाल सम्म नि.मा.वि र उच्चमाध्यमिक तहको विद्यालयहरू नभएको पाइन्छ। संख्यामा हेर्दा ६,७ वटा प्राथमिक तहको स्कुलहरू रहेको देखिएता पनि शिक्षकको अनुपस्थिति र त्यस ठाउँको वासिन्दाको चेतनाको अभावको कारण भर्नादर न्युन रहेको र स्कुलमा दैनिक रूपमा विद्यार्थीको अनुपस्थितीको कारण केहि स्कुलहरू बन्द भएको पाइन्छ। यस ठाउँमा ६० % भन्दा वढि मानिसहरू निरक्षर छन् भने १०,१२ पढ्ने मानिसहरू पाउन गाह्रो रहेको देखिन्छ। त्यस ठाउँमा भएको विद्यालय पनि १-२, १-३, १-४ कक्षा सम्म मात्र सिमित छन् भने एउटा विद्यालयमा २५-३५ जना विद्यार्थी पाउन पनि गाह्रो छ। यस ठाउँको मानिसहरूलाई शिक्षाको महत्वबारे अझै पनि ज्ञान नभएको देखिन्छ। १०,१२ वर्ष अगाडिको साक्षरता दरलाई नियाल्दा ८ कक्षा पास भएको व्यक्तिलाई भेटाउन पनि गाह्रो पर्दथ्यो तर विश्वव्यापी रूपमा फैलिएको सञ्चारको माध्यम, आधुनिकरण, शिक्षाको विकाश जस्ता कारणहरूले हाल यस ठाउँको मानिसहरूको जिवन तथा सोचाइमा थोरै परिवर्तन आएको छ भने शिक्षाको आभास उनीहरूले महशुस गरेको पाइन्छ र महिलाहरूलाई पनि प्रौढ शिक्षा तथा छोरीहरूलाई पनि शिक्षाको आवश्यकता रहेको व्यक्त गर्न थालेको छन् तर पनि हालसम्म यस ठाउँमा एउटा पनि उच्च माध्यमिक विद्यालय स्थापना हुन सकेको छैन र कसैले उच्च शिक्षा हासिल गर्न चाहेमा सदरमुकाम विदुर वा राजधानी काठमाडौं धाउनु पर्ने रहेको छ।

## ४.६ आर्थिक अवस्था

**तालिका नं.३**

**आर्थिक स्थितिको आधारमा उत्तरदाताको विवरण**

| क.स | आर्थिक विवरण | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अतिविपन्न | २१ | ७०% |
| २ | विपन्न | ६ | २०% |
| ३ | मध्यम | ३ | १०% |
| जम्मा | जम्मा | ३० | १००% |

श्रोतः स्थलगत अध्ययन, २०७६ ।

नेपालमा रहेको विभिन्न सामाजिक समस्या मध्ये गरिबी एउटा मुख्य समस्या हो। ठुलो परिवार, शिक्षाको कमी, रोजगारीको अभाव तथा विभिन्न कारणले यस देशको अधिकांश परिवारहरूको आर्थिक अवस्था निकै कमजोर देखिन्छ। घ्याङफेदीमा बसोबास गर्ने अधिकांश परिवारहरूको आर्थिक अवस्था निकै कमजोर रहेको माथिको तालिकाबाट पुष्टि गर्न सकिन्छ। यस ठाउँमा रहेको घरधुरी मध्ये अति विपन्न आर्थिक अवस्था भएको परिवारहरूको संख्या निकै धैरै अर्थात २१ संख्या रहेको देखिन्छ भने विपन्न परिवारको संख्या ६ र मध्यम वर्गीय परिवार संख्या निकै न्युन ३ घरधुरी मात्र देखिन्छ। यसको मतलब यस ठाउँको मानिसहरूको आर्थिक अवस्था निकै नाजुक रहेको पाइन्छ। कृषि उत्पादनमा कमी, शिक्षको कमी, रोजगारको अभाव, यातायातको विकास नहुने, अज्ञानता जस्ता कारणहरूले गर्दा यस ठाउँको आर्थिक अवस्था निकै दयनिय रहेको यस ठाउँको स्थानिय अगुवाहरू बताउँछन्।

यस ठाउँमा रोजगारीको अवसर, कृषिबाट २/३ महिना भन्दा बढि खान नपुग्ने तथा आम्दानीको दरिलो स्रोत नभएको कारण आर्थिक अवस्था निकै कमजोर रहेको देखिन्छ। यस ठाउँको प्राय मानिसहरू वेरोजगार छन्। उनीहरू पशुपालन, बाँसका सामानहरू, जडिवुटि तथा चेलीवेटी वेचविखन गरेर नै जिनतिन गुजारा टार्छन्। यस ठाउँमा धान नफल्ने र एकचोटी मकै फल्न नौ महिना लाग्ने र त्यसबाट पनि वर्षेनी खान नपुग्ने, व्यापार व्यवसायको लागि पनि पुर्वधारको विकास नभएको, सबै क्षेत्रबाट पछाडिएको यो गाउँ निकै

दुर्गम भएको कारण पनि गरिवीले निकै पिरलेको देखिन्छ। यस ठाउँमा आलु, मकै, कोदो, फापर मुख्य अन्न हो भने पशुपालन मुख्य व्यवसाय हो। केहि अन्न तथा दुध, घ्यु वेच्न पनि शिखर वेसी वा सदरमुकाम पुग्न पर्ने र भरियालाई बोकाएर लैजान पनि सामानको भन्दा भरियाको ज्याला बढि महङ्गो पर्न आउने कारण यस ठाउँमा व्यापार व्यवसाय गर्न पनि कठिनाई देखा परेको पाइन्छ।

यस ठाउँको मानिसहरूमा आम्दानीको दरिलो स्रोत नहुनु र मजदुर तथा व्यापार गर्न पनि गाह्रो रहेको छ भने यस ठाउँको मानिसहरूमा नियमित रूपमा जाँड, रक्सी सेवन गर्ने बानी परेकोले झनै आर्थिक अवस्था कमजोर बन्दै गएको छ। यस ठाउँको मानिसहरू धेरै सन्तान जन्माउने र आफ्नो छोरीचेली वेचविखन गरी दैनिक गुजारा चलाउने गरेको पाइन्छ। राष्ट्रिय निकुञ्ज नजिक भएकोले यस ठाउँका मानिसहरू छोरीचेली बेच्नुका साथै पशुपन्छी तथा जडिवुटीहरू पनि वेचविखन गरी आम्दानी गर्ने गर्दछन् तर यस्तो किसिमको आम्दानी निरन्तर नहुनाले यस ठाउँको मानिसहरूलाई एक सरो कपडा लगाउन तथा एक छाक टार्न पनि निकै गाह्रो रहेको पाइन्छ। समग्रमा हेर्दा प्रर्याप्त जग्गा जमिन नभएको र अन्नवाली नफल्ने र फलेकोले पनि केहि महिना धान्ने, पुर्वाधारको विकास नभएकाले, शैक्षिक क्षेत्रमा पिछडिएकोले, रोजगारीको अवसर नभएकोले र जाँड रक्सी सेवन गर्नाले यहाँको मानिसको आर्थिक अवस्था निकै निम्न रहेको छ।

## ४.७ विकासका पुर्वाधार

**तालिका नं. ४**

**विकासका पूर्वाधारहरू**

| | |
|---|---|
| विजुली | छैन |
| खानेपानी | अप्रयाप्त |
| सडक | राम्रो छैन |
| सञ्चार | मोवाइलफोन तर network समस्या |
| स्वास्थ्य | हेल्थपोस्ट छ तर कर्मचारी धेरै घरमा बस्छन्। |
| शिक्षा | अप्रयाप्त |

श्रोतः स्थलगत अध्ययन, २०७६।

दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदी नुवाकोट जिल्लाको विकट ठाउँहरूमा पर्ने गाउँ मध्ये एउटा दुर्गम ठाउँ हो । सदरमुकाम विदुरबाट ४६ कि.मि पुर्व पर्ने यस गाउँमा यातायातको सुविधा नरहेको देखिन्छ । यस ठाउँमा ४१०० जनसंख्याको लागि एउटा हेल्थपोस्ट रहेको छ जसमा न त कर्मचारी नियमित रूपमा देख्न पाइन्छ न त औषधीहरू नै उपलब्ध छ । यस ठाउँमा ३०-३५ वटा पानीको धाराहरू देख्न सकिन्छ भने त्यहाँको खोलालाई मुख्य पानीको स्रोतको रूपमा लिइन्छ । यस ठाउँमा तादी खोलामा दुईवटा निलम्बन पुलहरू रहेको छ ।

त्यस ठाउँका मानिसहरू किनमेलको लागि चार घण्टा पैदल यात्रा गरेर समुद्रटार भन्ने ठाउँमा आउँदछन् र त्यस ठाउँबाट उनीहरूले किटनाशक औषधीहरू, तेल, नुन, मर मसला किनेर गाउँमा लैजाने गर्दछन् । त्यस ठाउँमा एउटा वडा कार्यलय रहेको छ जसमा पर्याप्त फर्निचर, कागजातहरू रहेको पाइदैन । यस ठाउँमा खानेपानी, यातयात, विजुली, पसल, विद्यालय, स्वास्थ्य चौकी जस्ता विकासको पुर्वाधारहरूको समस्या देखिन्छ । यस ठाउँमा एउटा मात्र हेल्थपोस्ट रहेको पाईन्छ । उक्त स्वास्थ चौकीमा कर्मचारीहरू भए पनि स्वास्थ्य चौकीमा नबस्ने तथा हेलचेक्राई गर्ने गरेकाले त्यहाँका मानिसहरूले सामान्य प्राथमिक उपचारहरू पनि पाउन सकेका छैनन् । स्वास्थ्य सुविधान भएकै कारण त्यहाँका मानिसहरू सुत्केरी हुन नसकी, झाडापखाला लागेर मर्ने गरेको पाइयो भने त्यहाँका मुख्य उपचार भनेकै धाँमी, झाँक्री लगाउने गर्छन् जसले गर्दा धेरै मानिसहरूको मृत्यु हुने गरेको पाइन्छ ।

लाङटाङ राष्ट्रिय निकुञ्जमा पर्ने यस ठाउँमा हाल सरकारद्धारा सञ्चालित ५ वटा प्राथमिक स्कुलहरू रहेको छ भने गाउँपालिका तथा जिल्ला पालिकाद्धारा सञ्चालित ४ वटा समुदायिक विद्यालयहरू रहेको छ र विद्यार्थीको अभावको कारण एउटा विद्यालय बन्द भएको देखिन्छ ।

## ४.८ महिलाको अवस्था

नेपालमा महिलाको अवस्था राम्रो छ भन्न सकिदैन । यहाँ ६० प्रतिशत भन्दा बढि महिलाहरू अशिक्षित छन् र उनीहरूलाई राम्रो अवसर पनि दिइएको छैन । महिलाहरूको अवस्था भौगोलिक स्थान, धर्म, जाति, आर्थिक अवस्था, सामाजिक वनावट आदिको आधारमा भिन्न भिन्न देखिन्छ । उच्च जाति तथा धनीमानीको छोरीहरू मत्र शिक्षित तथा रोजगारीमा संलग्न देखिन्छ भने निम्न वर्गका महिलाहरूको अवस्था नेपालमा घरपरिवार,

समाज, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक जस्ता क्षेत्रमा निकै कमजोर रहेको देखिन्छ र महिलाहरू पुरुषको दमन, हिंसा, अत्याचार सहन वाध्य रहेका छन् । महिलाहरू अझै पनि घरभित्र, चुला चौकामा सिमित रहेको पाइन्छ । त्यसैमध्ये दुप्चेश्वर-१ घ्याङफेदीको महिला तथा छोरी चेलीको अवस्था निकै दयनिय रहेको पाइन्छ । नुवाकोट जिल्लाको विदुर सदरमुकामबाट ४६ कि.मि. पुर्व पर्ने घ्याङफेदीगाउँ एउटा दुर्गम गाउँ हो र त्यहाँको छोरी चेली तथा महिलाहरूको जिवनको कुनै अस्तित्व नरहेको पाइन्छ । यस गाउँमा महिला तथा पुरुषवीच गहिरो असमानता, विभेद रहेको छ भने महिलालाई दोस्रो दर्जाको मानिस वा एउटा पशु सरहको स्थान दिइएको पाइन्छ । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक रूपमा महिलाहरूलाई यस ठाउँमा दवाएर राखिएको पाइन्छ भने हिंसा, कुटपिट, दमन, शोषण तथा महिला वेचविखन जस्तो अमानविय कार्यले यस ठाउँको महिलाहरूमाथि अन्याय पुर्ण व्यवहार गरेको पाइन्छ ।

समाजको पितृसतात्मक ढाचाँ, गलत परम्परा, सांस्कृतिक, रिती तिथी जस्ता कुराहरूले गर्दा यस ठाउँको महिलाहरू घरेलु हिंसाको शिकार लगायत यौन उत्पिडन तथा वेचविखनमा परी आफ्नो जिवन एउटा वन्द कोठामा सिमित गराउन वाध्य रहेको पाइन्छ ।

यस ठाउँमा वाँकी रहेको ३० वर्ष माथिको महिलाहरू पनि घरधन्दा, चुला चौकामा मात्र सिमित रहेको पाइन्छ । सामाजिक कार्य, तालिम, शैक्षिक क्षेत्र, राजनैतिक क्षेत्र, निर्णय कार्यमा महिलाहरूको संलग्नता छैन वा अतिकम रहेको देखिन्छ । यस ठाउँको रहेको पितृ सतात्मक र पुरानो परम्परागत सोचाइको कारण महिला तथा छोरीचेलीहरू आफ्नो जिवन वुवा, श्रीमान र छोराहरूबाट बलियो रूपमा प्रभावित भएको पाइन्छ । जसकारण घरमा छोरा, वुवा तथा श्रीमानको निर्णय, अधिकार चल्ने गर्दछ भने महिलाहरूको एउटा दासीको रूपमा जिवन गुजारा गरिरहेको पाइन्छ । शारीरिक, आर्थिक, सामाजिक हिसावले पनि महिलाहरूको अवस्था निकै दयनिय रहेको पाइन्छ । यस गाउँमा घरको सम्पत्ति, जग्गा, जमिन आदि माथि पुरुषको अधिनमा रहेको छ भने शारीरिक रूपमा पनि महिलाहरू ठगिएको पाइन्छ । यहाँको महिलाहरू दैनिक १७ घण्टा आफ्नो परिवारको लागि कार्य गर्दछन् तर आफ्नो व्यक्तिगत सम्पत्ती महिलाहरूको नाममा केहि पनि नरहेको देखिन्छ । कृषि क्षेत्र, पशुपालन, घाँस, दाउरा, ज्यामी, घरधन्दा, वालवच्चा हेरचाह जस्ता कार्यमा यस ठाउँका महिलाहरू जिवन विताइरहेको छन् भने भर्खरै हुर्केका १२-३० वर्ष सम्मको छोरीचेली

मुम्वाई लगायत विभिन्न खाडी मुलुकमा वेचविखन भई दयनिय जिवन विताइरहेको पाइन्छ। उनीहरू आफ्नै वाउआमा, काकाकाकी, दाजुभाई, दलाल मार्फत भई थोरै पैसामा वेचविखन भएको पाइएको छ। यस ठाउँको मानिसहरू छोरी जन्मिदा निकै खुसी हुने र छोरा जन्मदा दुखी हने गर्दछन् किनकी यस ठाउँको मानिसहरू छोरीलाई एउटा मुख्य आम्दानीको स्रोत मान्दछन् र युवा अवस्था पुग्ने वित्तिकै एउटाको छोरी आफन्त अथवा आफ्नै अभिभावक स्वयम्ले वेचविखन गरी पैसा आर्जन गर्ने गर्दछन्। यि कुराहरूलाई मध्यनजर गर्दा यस ठाउँको छोरीचेली तथा महिला दिदीवहिनीहरू एउटा पशुको रूपमा तुलना गर्न सकिन्छ। जसलाई हुर्काइन्छ र ठुलो भएपछि विकीविरण गरिन्छ। यस ठाउँको महिलाहरूको अवस्थालाई चित्रण गर्दा उनीहरूको जिवन एउटा अँध्यारो गुफा जहाँ सुर्यको किरण देखिदैन त्यस्तै एउटा वन्द कोठामा मात्र सिमित देखिन्छ। त्यस्तै यस ठाउँमा वेचविखनवाट वचेका महिलाहरू जतिगाउँमा छन् उनीहरूको जिवन घाँस, दाउरा, चुलो चौकामा सिमित छ भने जति महिलाहरू गाउँमा छैन उनीहरू एउटा बन्द कोठामा दिनहुँ यौन अत्याचार सहन वाध्य रहेको पाइन्छ।

## ४.९ परिवारको प्रकार

**तालिका नं. ५**

**पारिवारिक विवरण**

| क.स | परिवारको प्रकार | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल | १२ | ४० |
| २ | मझौला | १५ | ५० |
| | संयुक्त | ३ | १० |
| | जम्मा | ३० | १०० |

श्रोत: स्थलगत अध्ययन २०७६।

माथिको तालिका अनुसार यस ठाउँमा बसोबास गर्ने ४० प्रतिशत परिवारहरू एकल परिवार रहेको पाइन्छ। जसमा १ देखि ५ जना सम्मको परिवार संख्या रहेको छ। यस्तो परिवारमा बाबु, आमा, छोरा, छोरीहरू(विवाह नभएको) बसोबास गरेको पाइन्छ। भने यस ठाउँमा प्राय परिवारहरू मझौला खालको रहेको छ। जसमा ७ देखि १२ जना सम्मको

सदस्यहरू बसोबास गरेको पाइन्छ। ५० प्रतिशत परिवारहरू मझौला परिवार रहेको माथिको तालिकाबाट स्पष्ट देख्न सकिन्छ। यस्तो परिवारमा हजुरबबा, हजुरआमा, बाबु, आमा, छोराछोरी, नाता नातिनी आदि बसोबास गरेको देखिन्छ। त्यस्तै गरी यस ठाउँमा १० प्रतिशत परिवारहरू संयुक्त परिवारको रूपमा एउटै छाना मुनि ठुलो संख्यामा बसोबास गरेको देखिन्छ। यस्तो परिवारमा हजुरबबा, हजुरआमा, आमाबुबा, छोराछोरी, नातानातिनी, दाजुभाउजु, भाइबहारि आदि रहेको छ भने संयुक्त परिवारको संख्या सबैभन्दा न्युन देखिन्छ।

घ्याङफेदी गाउँमा तामाङ तथा शेर्पा जातिका परिवारहरू वस्छन् भने त्यस ठाउँमा जम्मा २ घर क्षेत्री र १ घर मगर रहेको छ। यस ठाउँमा वसोवास गर्ने प्राय परिवार संयुक्त परिवारहरू रहेको थियो भने २०७२ सालको भुकम्प पश्चात् अधिकांश घरहरू भत्किएर परिवारहरू पनि संयुक्त परिवारबाट टुक्रिएर एकल तथा मझौला परिवारमा वसोवास गरेको पाइन्छ। जसको वारे निम्न तालिकावाट स्पष्ट पार्न सकिन्छ।

### ४.१० राजनैतिक अवस्था

यस गाउँको मानिसहरूको राजनैतिक क्षेत्रमा संलग्नता न्यून देखिन्छ तापनि समय समयमा स्थानिय तथा राष्ट्रिय स्तरको चुनाव कार्यक्रमहरू रहने गर्दछ। रा.प्र.प्रा, नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादी विशेषत प्रमुख रहेका छन्। वर्तमान अवस्थामा यस ठाँउमा नेपाली कांग्रेस र नेकपा माओवादी मात्रैको चलखेल रहेको दखिन्छ। पार्टिगत कुराहरूमा पुरुषहरू अग्रसर देखिन्छन् भने महिलाहरूको भुमिका कम नै देखिन्छ। समग्रतामा हेर्दा यस ठाउँको राजनैतिक अवस्था सन्तोषजनक नभएको देखिन्छ।

### ४.११ नारीको स्थान

नारीहरू हाम्रो समाजमा विभिन्न रूपमा देखिन्छ। देवीको अवतार, जननी सृष्टिकर्ता साथै विभिन्न उपनाम तथा दर्जाहरू पनि दिइएको पाइन्छ। अर्काको घर जानेजात, घुचचुकमा वुद्धि भएको जात, शक्तिहिन, कुखुराको फुल, लुते धन्दा गर्ने जात जस्ता विभिन्न हेलित तथा अपमानित शब्द तथा ब्यवहारहरूले महिलाहरूलाई तल्लो वर्गमा राखेको पाइन्छ। नेपालको प्राय समाजहरूमा महिलालाई दोस्रो दर्जाको मानिस तथा वर्ग विहिन, शक्तिहिन मानिसको रूपमा लिइन्छ। त्यस्तै यस ठाउँमा पनि नारीको स्थाननिकै तल्लो स्तरमा

राखेको पाइन्छ। जसलाई थोरै पैसामा विक्रि वितरण गर्ने गरिन्छ। यस ठाउँमा नारीको स्थान निकै कमजोर अथवा नाजुक अवस्थामा रहेको देखिन्छ। शिक्षाबाट बञ्चित, घाँस दाउरा, पानी पधेँरो, चुलाचौका, वालबच्चा हेर्ने मात्र नभएर अलिकति हुर्कने वित्तिकै नारीको स्वाभिमान मेटिने गरी सधैको लागि जिन्दगी उजाडेर, इच्छा, आकाङक्षा , सब तहसनहस पारी वेचविखन गर्ने गरिन्छ।

यस ठाउँमा नारीलाई थोरै मुल्यको पनि मानिदैन र थोरै इज्जत पनि दिइदैन। पैसाको लागि आफ्नै बुबाले आफ्नै छोरीलाई पनि पशु जस्तै गरी वेचिदिने थुप्रै उदाहरणहरू यस ठाउँमा पाइएको छ। जसको कारण नारीको स्थान यस ठाउँमा मुल्यविहिन रहेको पाइन्छ।

## ४.१२ जनसंख्या (Population)

४००० देखि ४२०० सम्म

## ४.१३ पेशा (Occupation)

पशुपालन, जडिबुटि वेचविखन, भरिया र मानब बेचविखन

## ४.१४ जाति (Caste)

तामाङ र शेर्पा

## ४.१५ धर्म (Religion)

मुख्यतया बुद्ध धर्म हो तर हिन्दु धर्म पनिमान्ने गर्छन्। देवीको पुजा गर्ने, भाकल गर्ने, वोका, कुखुरा काट्ने गर्छन्

## ४.१६ चाडपर्व (Festival)

सोनामल्होसार, दशै, तिहार

## ४.१७ पोशाक (Dressup)

पुरुषः दौरा सरुवाल, टोपी, पटुका

महिला : लुङ्गी, चोलो, पटुका, गरगहना

### ४.१८ खाना (Food)

मकै, ढिडो, सिस्नो, जाँड, रक्सी

### ४.१९ उत्पादन (Product)

मकै, जौ, कोदो, आलु, तोरी

### ४.२० सिँचाई (Irrigation)

केहि समुदायमा देखिएता पनि पूरै गाउँमा सिंचाई सुविधा छैन ।

### ४.२१ समस्याहरू

विजुली, सडक बाटो, सिचाईको समस्या
स्वास्थ्य सेवा सुविधाको समस्या
शिक्षाको समस्या
प्रयाप्त भोजनको समस्या
सरसफाईको कमी
सामाजिक संघ संस्थाहरूको उपस्थितिको अभाव
धामी , झाक्री माथिको विश्वास

### ४.२२ घ्याङफेदीमा चेलीवेटी वेचविखन कसरी शुरुवात भयो र रहँदै आएको छ भन्ने बारे एक संक्षिप्त विवरण

नुवाकोट जिल्लाको सदरमुकाम विदुर नगरपालिकाबाट ४६ कि.मि पुर्व तर्फ रहेको दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदी नुवाकोट जिल्लाको विकट गाउँपालिकामा पर्ने गाउँहरू मध्ये एक सानो गाउँ हो। यस गाउँमा तामाङ तथा शेर्पा जातिहरू बसोवास गर्दै आएको पाइन्छ। गोसाइकुण्ड हिमालले घेरेको यो गाउँ प्राकृतिक रूपमा निकै सुन्दर रहेको छ भने लाङटाङ राष्ट्रिय जिकुञ्जको फेदीमा रहेकोले हरियो बनजंगल, झरना, खोलानाला, पाखा, पखेरो यस ठाउँको अमुल्य सम्पत्ति रहेको छ। घ्याङफेदीको बनौट हेर्दा यसबाट नलोभिने आन्तरिक तथा वाह्य पर्यटक कम नै होला। वरिपरि डाँडा, हिमाल, झरना, चराचुरुङ्गीको आवाज, खोलानालाले घेरिएको यस गाउँ चारैतिरबाट डाँडाले घरेको र माथि हेर्दा थोरै खुला

आकाश देखिन्छ। यो ठाउँ रसुवा र सिन्धुपाल्चोक जिल्लासँग जोडिएको छ भनमाथि हेर्दा थोरै भाग आकाश र वरिपरी पहाड मात्र देखिन्छ यस ठाउँबाट अरू ठाउँ देख्न सकिदैन भने यस ठाउँ एउटा कुनामा अवस्थित भएकोले वाहिरी ठाउँका मानिसहरूको आवातजावत संस्थाको कामले मात्र देखिन्छ नत्रभने यस ठाउँमा अरू मानिसहरू खासै जाँदैनन्। यस ठाउँमा रहेको सुन्दर लाङटाङ राष्ट्रिय निकुञ्ज र त्यस निकुञ्जको बन्यजन्तु, जडिवुटी, खोलानाला यस ठाउँको मुख्यप्राकृतिक स्रोतहरू रहेको पाइन्छ। नेपालको इतिहासलाई हेर्दा निकुञ्ज राजा, महाराजातथा ठुला वडा मानिसहरूलाई शिकार खेल्ने र उनीहरूलाई मनोरञ्जन दिने एउटा प्राकृतिक स्थल मान्न सकिन्छ। नुवाकोटको इतिहासलाई हेर्दा यो जिल्ला पहिलेदखि एउटा धार्मिक तथा ऐतिहासिक स्थलको रूपमा चिनिन्छ। नुवाकोट राजाहरू वसोवास गर्ने एउटा प्रमुख जिल्ला रहेको छ। नुवाकोट जिल्लामा रहेको नुवाकोट दरबार र ककनीमा रहेको बसन्ती दरवार राजा महाराजा बस्ने एउटा मुख्य स्थलको रूपमा चिनिन्छ। पहिलाको समयमा राजाहरू मनोरन्जनको लागि बन्यजन्तु तथा चराचुरुङ्गीभएको स्थलमा शिकार खेल्ने चलन प्रचलित थियो। बसन्ती दरबारबाट राजा, महाराजाहरू राणाकालीन समयमा लाङटाङ राष्ट्रिय निकुञ्जमा शिकार खेल्ने जाने गर्दथे। त्यस समयमा राणाहरू ऋति प्रभावशाली थिए , कुनै लिखित कानूनहरू बनेको थिएन राणा राजाहरूले जे बोल्थे त्यहि कानून हुन्थ्यो र जे भन्थे जनताहरू चाहेर नचाहेर मान्न पर्दथ्यो। घ्याङफेदीका महिला तथा यवुतीहरू दाउरा, घाँसको लागि त्यहि निकुञ्जमा जाने गर्दथे र शिकार खेल्न आएका ठुलावडा महाराजा, राजाहरूको नजर त्यहाँको युवतीहरूमा पर्न थाल्यो । उनीहरूले त्यस ठाउँको महिला तथा छोरीचेली माथि आँखा गाड्न थाले। उनीहरूमाथि जवरजस्ती शारीरिक शोषण गर्ने, शिकारको कममा अँध्यारो भएमा त्यहि बसोवास गर्न थाले। बलियो शरीर भएकातामाङ तथा शेर्पा जातिहरूलाई सित्तैमा काम लगाउने र महिलाहरूलाई शोषण गर्ने जस्ता कार्यहरू गर्न थाले। राम्रो केटीहरूलाई सँगै दरवार लिएर आउने, शारीरिक शोषण गर्ने, काम लगाउने, नाच्न, गाउन लगाई मनोरन्जन लिने जस्ता कार्यहरू गर्न थाले र विस्तारै घ्याङफेदीमा भएका राम्री केटीहरूलाई दरवार झिकाउने आदेश दिई उनीहरूको भाइभारद्धारहरूलाई लिन पठाउन थाल्यो र अभिभावकहरूले पनि राजाको आदेश उल्लङघन गर्न नसकेर डर तथा धम्कीको कारण आफ्नो छोरीचेली दरबार पठाउन थाले। यो प्रकिया निरन्तर रूपमा चल्न थाल्यो। नेपाल र भारतको पहिले देखि मैत्रीपुर्ण सम्बन्ध रहेको कारण नेपालको महाराजा तथा भारतको

महाराजाहरू नेपाल तथा भारतको दरवारमा आवतजावत गर्ने गर्दथ्यो । भारतको राजा, महाराजा नेपाल आउने कममा राम्री युवतीहरूलाई देखेर उनीहरूको बारेमा सोधखोज गर्ने कममा नेपालको राजा महाराजाले भारतको राजा महाराजा आउँदा उनीहरूको लागि राम्री राम्री युवतीहरू झिकाई उनीहरूलाई शारीरिक सन्तुष्टि तथा मनोरन्जनको साधनको रूपमा राख्दिन थाले । यति मात्र नभएर भारतको राजा, महाराजालाई खुसी पार्न उपहार स्वरूप ती युवतीहरू भारत पठाउने कार्य गर्न थाले । जसले गर्दा यो प्रकियाले ठुलो चुनौतीको रूपमा खडा हुन पुगी नेपालको चेलीवेटी भारतमा वेचविखन हुन थाल्यो । १०४ बर्षको दयनिय राणा शासन महिला प्रति गरेको दुरूपयोगको कारण घ्याङफेदीमा चेलीवेटी बेचविखन सुरुवात हुन थालेको पाइन्छ ।

यसरी सतिऔँदेखि राजाहरूद्धारा शोषित भई यस ठाउँको अभिभावकले नचाहाँदा नचाँहदै आफ्नो छोरीचेलीलाई राजाको आदेश अनुसार बमोजिम घरबाट पठाउनु पर्ने भयो र उनीहरूलाई अहिले सम्मै छोरी हुर्केपछि पठाउनुपर्छ यहि नै बास्तविकता हो भन्ने धारणाको विकास भएको पाइन्छ । जसको कारण चेलीवेटी वेचविखन यस ठाउँको मानिसहरूको लागि अहिले कुनै नौलो कुरा नभई एउटा पेशा जस्तो बनेको पाइन्छ ।

(डा. भिमलाल तामाङ, घ्याङफेदीमा महिला चेलीबेटी बेचविखन सम्बन्धी अनुसन्धनात्मक कार्य, वि.स.२०६३)

### ४.२३ महिलाहरू वेचिनुको कारण

नुवाकोट जिल्लाको दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदी चेलीवेटी वेचविखनमा १ नम्बरमा आउने एउटा दुर्गम गाउँ हो । जहाँ आजदेखि नभएर सतिऔं देखि नै चेलीवेटी वेचविखन गर्दै आएको पाइन्छ । तामाङ तथा शेर्पा जातिहरू बसोवास गर्दै आएको यस गाउँमा राणाकालिन समयदेखी नै छोरीचेली वेचिदै आएको पाइन्छ र हालसम्म पनि यस्तो कार्य पूर्ण रूपमा नरोकिएको पाइन्छ । सतिऔ देखि नै यस ठाउँको मुख्य पेशा छोरी चेली वेचविखन गर्ने रहेको पाइन्छ । लाङटाङ राष्ट्रिय निकुञ्जको फेदीमा पर्ने यस गाउँ सम्पुर्ण क्षेत्रबाट पिछडिएको भएतापनि छोरीचेली वेच्न नं १ मा पर्ने गरेको पाइन्छ । यस ठाउँको मानिसहरूले छोरीचेली बेचविखन हुने विभिन्न कारणहरू छन् । जस्तै राज्यले गरेको शोषण,

दमन, अशिक्षा, अचेतना, गरिवी, दुर्गम, बेरोजगार, प्रलोभन, डर धम्की, कृषि उत्पादनमा कमी आदि रहेको छ । जसलाई निम्न बुँदाहरूमा व्याख्या गर्न सकिन्छ ।

### ४.२३.१ चेतनाको अभाव

यस ठाउँमा बालिका तथा महिलाहरू बेचिनुको महत्वपुर्ण  कारण चेतनाको अभावलाई लिन सकिन्छ । जबसम्म मानिसमा चेतना आउँदैन तब सम्म कुनै पनि परिवार, समाज परिवर्तन हुन सक्दैन । घ्याङफेदीको मानिसहरूमा चेतनाको अभाब देखिन्छ । यस ठाउँमा अभिभावकहरूलाई छोरीचेली बेच्नहुँदैन, यो गैर कानूनीकार्य हो, बालबच्चालाई विद्यालय पठाउनु पर्ने, शिक्षाको विकास गर्नुपर्ने जस्तो कुराहरूमा चेतना नरहेको पाइन्छ भने छोरी चेलीहरूलाई यो एक जघन्य अपराध हो, महिलाहरूको दुरूपयोग हो, नराम्रो क्रियाकलाप हो भन्ने जस्तो कुराहरूको चेतना नभएको र आफु पढ्न लेख्न पर्छ, कानूनको पालना गर्नुपर्छ , समाजको नराम्रो रिती, परम्परा परिवर्तन गर्नुपर्छ आदि जस्ता कुराहरूमा चेतना अभाव देखिन्छ । जसका कारण हाल सम्म पनि छोरीचेलीहरू बेचविखन भएको पाइन्छ ।

### ४.२३.२ गरिवी

घ्याङफेदीको अधिकांश जनसंख्याहरू गरिवीको रेखामुनी रहेको छ । दैनिक दुई छाक गाँस टार्न तथा एक सरो कपडा लगाउन त्यहाँको मानिसलाई धौ धौ पर्दछ । भएको खेतवारीबाट खान नपुग्ने, घरमा धेरै परिवार, आम्दानीको स्रोत नहुनु जस्ता कारणले त्यस ठाउँको मानिसहरू निकै गरिब रहेको पाइन्छ । जब भोको पेटले खाना र नाङ्गो शरीर कपडा माग्छ त्यती बेला अर्को कुनै उपाय अपनाउन नसक्ने अवस्थाले गर्दा दैनिक छाक टार्नको लागि त्यस ठाउँको मानिसहरूले छोरीचेली वेचेको पाइन्छ । प्रशस्त खेतबारी नभएको तथा खानको लागि अन्न नफल्ने, फलेपनि २/३ महिना मात्र पुग्ने भएकाले गरिवीकै कारण खान नपुगेर त्यस ठाउँमा छोरीचेली वेचविखन हुन पगेको पाइन्छ। नेपालमा अधिकांश मानिसहरू गरिवीको रेखामुनी नै रहेको छ तर पनि पहाडी भेग भएकोले प्राय ठाउँमा अन्नवाली फल्ने र वेचविखन गर्न सकिने भएकोले मानिसहरू दैनिक गुजारा जेनतेन गरेको पाइन्छ तर घ्याङफेदीमा प्रशस्त खेतबारी नै नभएको अरू ठाउँमा खेतीपाती गर्न जानको लागि नजिक ठाउँ पनि नभएको र अन्नवाली नफल्ने, एकचोटी मकै पाक्न नौ महिना लाग्ने त्यसले पनि २/३ महिना मात्र धान्ने र आम्दानीको अरू कुनै स्रोत नै नभएको कारण खान,

लगाउनु नपाएर भोकमरी चल्ने गर्दछ । अति गरिब भएको कारण उनीहरूले भोको पेट भर्न र नाङ्गो शरीर छोप्नको लागिपनि छोरीचेली वेचविखन गरेको पाइन्छ ।

### ४.२३.३ अशिक्षा

घ्याङफेदीमा चेलीवेटी वेचविखन हुनुको अर्को महत्वपुर्ण कारण अशिक्षा रहेको छ । जसको मुख्य असर यस समाजको चेलीहरूमाथी पुगेको पाइन्छ । अशिक्षाको कारण कुन करा सही, कुन गलत, के गर्नु हुने, के नहुने, के गर्दा त्यसको असर के हुन्छ भन्ने जस्ता कुराहरूको वारे ज्ञान नभएको कारण त्यस ठाउँको मानिसहरूले आफ्नो छोरीचेली वेचविखन गरेको पाइन्छ । दुर्गम तथा विकट गाउँ भएकोले त्यस ठाउँको मानिसहरू शिक्षाबाट बञ्चित भएको र आफ्नो जिवनतथा सोचाई परिवर्तन गर्नको लागि दरिलो आधार नभएको जंगल नजिक एउटा सिमित क्षेत्रमा बस्ने भएकोले यस ठाउँको मानिसहरू अशिक्षित र जंगली स्वभावको देखिन्छ । जसको कारण छोरीलाई पनि एउटा जनावर जस्तै गरि  बेचविखन गर्ने गरेको पाइन्छ ।

### ४.२३.४ बेरोजगार

नेपाली पहाडी मुलुक भएकोले विकासको पुर्वाधारहरूको पहुँचता कमै मात्रामा देखिन्छ । जसको कारण पुरा मुलुकभर वेरोजगार एउटा मुख्य सामाजिक समस्याको रूपमा खडा भएको छ । घ्याङफेदीमा पनि यातायात, पानी, विद्युत, शिक्षा जस्ता विकासको पुर्वाधारहरू पुग्न नसकेको कारण त्यहाँको मानिसहरू पुर्ण रूपमा वेरोजगार छन् । सामान्य कृषि, पशुपालन तथा जडिवुटि वेचविखन गर्ने र मजदुरी मात्र यस ठाउँको मानिसको जिवनयापन गर्ने आधार हो । जसबाट निकै निम्न उत्पादन तथा थोरै आम्दानी हुने गर्दछ जसबाट खान, लगाउन पनि धौ धौ रहेको पाइन्छ । वेरोजगारीको कारण त्यस ठाउँमा धेरै समस्याहरू तथा सामाजिक प्रकोपहरू देखा परेको पाइन्छ । रोजगारीको अवसर नभएको कारण आफुसँग भएको पनि सकिने र थप आम्दानीको पनि स्रोत नभएकाले परिवार पाल्न, खुवाउन पनि समस्याहरू देखा परेको पाइन्छ । त्यस ठाउँबाट बाहिर गएर कार्य गर्न यातायातको साधन, सिप, शिक्षा, सञ्चार माध्यमतथा ज्ञान नभएको र उक्त ठाउँमा कुनै पनि रोजगारीको अवसर नभएको कारण यस ठाउँको मानिसहरू चेलीवेटी तस्करी जस्तो अपराधजन्य कार्य

गर्दै आएको पाइन्छ। त्यहाँका मानिसहरू केहि रोजगारीको अवसरहरू नपाएको कारण छोरीचेली बेच्ने, जंगली जनावर मार्ने जस्ता अपराधमा संलग्न रहेको पाइन्छ।

### ४.२३.५ कृषि उत्पादनमा कमी

घ्याङफेदीमा रहेको ९० प्रतिशत मानिसहरू कृषिमा संलग्न रहेको पाइन्छ। उनीहरू आफ्नो थारै मात्रामा रहेको जग्गा जमिनमा आलु, मकै, फापर, कोदो जस्तो अन्नवालीहरू उब्जनी गर्ने गर्दछन्। गणेश हिमालको फेद मुनी पर्ने भएकाले चिसो मौसमको कारण यस ठाउँमा धान फल्दैन र मकै पनि पाक्न पनि नौ महिना कुर्न पर्दछ। परम्परागत खेतीपाती प्रणाली अपनाउने, सिचाइको अभाव, खेतीपातीको लागि नयाँ विऊ विजनको अभाव तथा नयाँ औजार नहुनु तथा ढुङ्गेनी माटो तथा प्रशस्त जग्गा जमिन नहुनाले त्यस ठाउँमा खेतीपातीबाट राम्रो आम्दानी नभएको कृषि उत्पादनबाट उनीहरूको ठुलो परिवारमा २/३ महिना भन्दा बढि खान नपुग्ने गरेको पाइन्छ। अन्न नफल्ने तथा पर्याप्त जमिन नभएको कारण खान लाउन नपुगेर पनि त्यस ठाउँमा चेलीवेटी वेचविखन गर्ने गरेको पाइन्छ।

### ४.२३.६ प्रलोभन

गरिवीको कारण त्यस ठाउँको मानिसहरूमा एक सरो राम्रो कपडा तथा एक छाक मिठो खान एउटा ठुलो रहरको कुरा रहेको पाइन्छ। यस ठाउँको मानिसहरू आफ्नो आवश्यकता पुरा गर्न विभिन्न प्रलोभनमा परी आफ्नो छोरीचेली तस्करी गर्ने गर्दछन्। धनी बन्ने, राम्रो घर बनाउने, रोजगारीको अवसर प्राप्त गर्ने, मिठो खाना, राम्रो लुगा, गहनापात, पैसा कमाउने जस्ता विभिन्न प्रलोभनमा परि अभिभावकले छोरीचेलीहरू वेच्ने गरेको पाइन्छ भने पहिला वेचिएको छोरीचेलीहरू हेलिकप्टरमा गर गहना तथा राम्रो लत्ता कपडा लगाएर त्यहाँको बाँकी केटीहरूलाई प्रलोभन देखाएर कति केटीहरू आफ्नै खुसीपनि बेचिएको पाइन्छ भने दलाल तथा नाता गोताले रोजगारीको प्रलोभन, धनको प्रलोभन देखाई महिलाहरू विकि वितरण गरेको पनि पाइन्छ।

### ४.२३.७ झुटो विवाह

छोरीचेली बेचिनुको अर्को मुख्य कारण विवाहलाई लिन सकिन्छ। कलिलो उमेरमा विवाह, बहुविवाह जस्तो प्रथाले पनि धेरै जन्मान्तर भएको र विवाह गरेर ल्याएको श्रीमतीलाई

विभिन्न वाहाना वनाई वेचिदिने फेरि झुटो विवाह गरेर ल्याउने र वेचविखन गर्दै पैसा कमाउने गरेको पाइन्छ । विभिन्न ठाउँबाट छोरी चेली विवाह गरेर ल्याई दलाल तथा नाता गोताको माध्यमबाट विभिन्न ठाउँमा बेचेको थुप्रै उदाहरणहरू यस ठाउँमा रहेको पाइन्छ । जसको कारण वर्तमान समयमा विवाहको लागि पुरुषहरूलाई केटी पाउन गाह्रो भएको पाइन्छ ।

### ४.२३.८ लैङ्गिक असमानता

यस ठाउँको समाज पितृ सत्तात्मक ढाँचामा चल्दै आएको पाइन्छ। सम्पुर्ण कुरामा पुरुषहरूको अधिकार चल्ने र महिलाहरूलाई तल्लो दर्जामा राखिएको पाइन्छ। आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक, शैक्षिक जस्ता महत्वपुर्ण क्षेत्रबाट पुरुषहरूले महिला तथा छोरीचेली पछाडि राख्दै आएको पाइन्छ भने महिलाहरू हत्या, हिंसा, दमन, अत्याचार, बलत्कार जस्ता घरेलु हिंसाहरू सहन बाध्य छन् । उनीहरूलाई घर बाहिर गएर काम गर्न, शिक्षा हासिल गर्न, तालिमहरू लिन बञ्चित गरेको पाइन्छ। आर्थिक क्षेत्र तथा सम्पुर्ण क्षेत्रमा महिला तथा छोरीचेलीलाई पुरुषमा आत्मनिर्भर गराइएको कारण उनीहरूले आफ्नो इच्छा, आकाङ्क्षाहरू दबाएर घरमा श्रीमान तथा दाजुभाई बुबाको निर्णयलाई पालना गर्नु परेको छ । जसको कारण पुरुषहरूले महिला तथा छोरीचेलीलाई एउटा मुल्यविहिन पशुसरह दर्जा दिई आफुखसी बेचविखन समेत गर्दै आएको पाइन्छ ।

### ४.२३.९ शोषण

हाम्रो समाज आदिम समाजबाट विस्तारित भई आधुनिक समाजसम्म आइपुग्दा दास समाज, पुँजीवाद समाज, समान्ती समाज जस्ता समाजहरूलाई पछि पार्दै अहिलेको समाजमा विस्थापित भएको पाइन्छ। जसरी कृषि समाज, पुँजीबाद समाज, समान्ती समाजमा मालिकवर्ग, धनीवर्ग, पुँजीपती वर्गहरूले श्रमिकवर्ग, कामदार वर्ग, मजदुर वर्गहरूलाई विभिन्न क्षेत्रबाट शोषण गरेको थियो। त्यसरी नै घ्याङफेदीमा चेलीवेटी वेचविखन शुरु हुनुको मुख्य कारण राणाकालिन समयमा हुनेखाने, महाराजा, भाइभारद्धार वर्गहरूले अशिक्षित, गरिवी, अधिकारविहिन वर्गहरूमाथि शारीरिक तथा मानसिक रूपमा गरेको शोषणलाई मान्न सकिन्छ। गोसाइकुण्ड हिमाल र लाङटाङ निकुञ्जभित्र पर्ने यस ठाउँमा इतिहासदेखि महाराजा, राणा, राजाहरूजस्ता ठुलाठुली ब्यक्तिहरूले आँखा गाडेको पाइन्छ। लाङटाङ राष्ट्रिय निकुञ्जको नजिक भएकाले राजा, महाराजाहरू पहिलेको समयमा

नुवाकोट ककनीमा रहेको बसन्ती दरवारबाट त्यस निकुञ्जमा शिकार खेल्न जाने गर्दथे र त्यस गाउँबाट घाँस, दाउरा गर्न उक्त निकञ्जमा पुगेको युवतीहरूमाथि उनीहरूले आँखा गाड्ने गरेको पाइन्छ । त्यतिबेला कुनै कानून थिएन राणाहरूले जे बोल्थे, जे गर्न चाहन्थे । कसैले केहि भन्न सक्दैनथ्यो  र त्यहि नै कानून मानिन्थ्यो । उनीहरूले त्यस ठाउँको युवतीहरूमाथि शारीरिक रूपमा शोषण गर्ने, राम्री राम्री देख्यो भने दरबारमै लिएर जाने, दासी बनाउने, नाच्ने, गाउन लगाउने गर्दथे । यतिमात्र नभएर इण्डिया र नेपालको पहिले देखिको सम्बन्ध राम्रो भएकोले इन्डियाको सरकार नेपाल आउँदा समेत उनीहरूको लागि घ्याङफेदीका राम्रा राम्रा युवतीहरू दरबार भिकाउने आदेश दिन्थे र उनीहरूलाई खुसीपार्न र सम्बन्ध अझै मैत्रीपुर्ण बनाउनको लागि कोशेली स्वरूप घ्याङफेदीको चेलीहरू उपहारको रूपमा भारत पठाउने प्रथा शुरुदेखि रहँदै आएको पाइन्छ । राज्यले यस ठाउँको महिलाहरू माथि गरेको यि शोषणलाई नै घ्याङफेदीमा चेलीवेटी वेचविखन हुनुको मुख्य कारणको रूपमा लिन सकिन्छ ।

### ४.२४ महिला बेचविखनवाट प्रभावित घरधूरी

**तालिका नं. ६**

**महिला बेचविखनमा संलग्नर प्रभावितघरधूरी**

| क.स | साविक वडा. नं बाट छानिएको टोलको नाम | लिएको घरधूरी संख्या | महिला बेचविखन संलग्न घरधूरी संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | १वाट पालुकेचरी टोल | ५ | ३ | १२.५ |
| २ | ४ वाटघ्याङफेदी टोल | ५ | ५ | २०.८ |
| ३ | ५ वाटघ्याङडाँडा टोल | ५ | ४ | १६.७ |
| ४ | ६ वाटसि.सि.पू टोल | ५ | ५ | २०.८ |
| ५ | ७ वाटबोलुङ टोल | ५ | ४ | १६.७ |
| ६ | ९ वाट चेताङ टोल | ५ | ३ | १२.५ |
| जम्मा | | ३० | २४ | १०० |

स्रोत : स्थलगत अध्ययन २०७६ ।

माथिको तालिकालाई हेर्दा यस ठाउँको छुट्टाछुट्टै साविक बडाबाट लिएको घर धूरीमा वडा नं. १ पालुकेचरी टोलबाट लिइएको ५ वटा घरधूरी  मध्ये ३ घरधुरी चेलिवेटी बेचविखनमा संलग्न भएको देखिन्छ। त्यस्तै वडा नं.४ घ्याङफेदी टोलबाट लिएको ५ वटा घरधूरीलाई हेर्दा ५ वटा घरधूरी नै बेचविखनमा संलग्न भएको देखिन्छ। त्यस्तै वडा नं.५, ६, ७, ९ वडाको ५/५ वटा घरधूरीलाई हेर्दा क्रमश ४, ५, ४, ३ वटा घरधूरी महिला बेचविखनमा संलग्न भएको देखिन्छ। तालिकालाई नियाल्दा साविक वडा नं. ४ घ्याङफेदी टोल र ६ सि.सि.पू टोलमा महिला बेचविखनमा बढि प्रभावित रहेको देखिन्छ। यस वडामा महिला बेचविखनबाट पुरै घरधूरी प्रभावित देखिन्छ। यस ठाउँबाट लिएको ३० घरधूरीलाई हेर्दा महिला बेचविखनमा २४ घरधूरी संलग्न रहेको देखिन्छ। जसबाट यो स्पस्ट हुन्छ कि यस ठाउँमा ८० प्रतिशत परिवार महिला तस्करीमा संलग्न रहेको देखिन्छ।

### ४.२५ बेचविखन नरोकिनुका कारणहरू

नेपालमा चेलीवेटी बेचविखनको संख्या दैनिक रूपमा बढ्दै गएको पाइन्छ। बेचविखन सम्बन्धी विभिन्न कानून तथा रोकथामको निरन्तर प्रयास भइरहँदापनि तस्करी अझै पनि रोकिन सकिरहेको छैन। सरकारी तथा गैर सरकारी संस्थाहरूको तथ्याङ्कलाई हेर्दा बर्षेनी १२०००-१५००० सम्म नेपालको महिला तथा केटीहरू बेचविखनमा पर्दै आएको पाइन्छ। २१ औं शताब्दीमा आइसक्दा पनि नेपालमा छोरीचेली वेचविखन गर्ने कार्य फष्टाइरहेको पाइन्छ। यस सम्बन्धी कार्यलाई रोकथाम तथा नियन्त्रण गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले विभिन्न चेतनामुलक कार्यक्रम, शैक्षिक अवस्थामा सुधार, गरिवी निवारण कार्यक्रम, तालिम तथा सिपको विकास, आर्थिक परियोजना जस्ता कार्यक्रमहरू गाउँगाउँमा गर्दै आएको पाइन्छ। यति हुँदाहुँदै पनि छोरीचेली बेचविखन जस्तो जघन्य अपराध नेपालमा घट्न सकेको छैन। यसमा पनि घ्याङफेदीको छोरी चेलीहरू बढि मात्रामा प्रभावित देखिन्छ। विभिन्न NGOs, INGO हरूले बेचिएको महिलाहरूको उद्धार गर्दा धेरै संख्यामा घ्याङफेदीकै महिलाहरू पर्ने गरेको पाइन्छ। नेपालको विभिन्न जिल्लाबाट चेलीहरू वेचविखन भएता पनि सबै भन्दा बढि संख्यामा वेचविखन हुने जिल्ला नुवाकोटको दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदी रहेको पाइन्छ। समाज विभिन्न तरिकाहरू जस्तै आधुनिकरण, विश्वव्यापारीकरण, औधोगिकरण, सहरीकरण जस्ता कुराहरूले परिवर्तन हुँदै आएता पनि यस ठाउँको मानिसहरूको जनजिवनमा खासै प्रभाव परेको देखिदैन। समयले

ठुलो दरमा कोल्टो फेर्दा पनि यस ठाउँमा अझै पनि छोरीचेली फाट्टफुट्ट रूपमा हराइरहेको पाइन्छ। १२-२८ बर्षसम्मका छोरी चेलिहरू अझै पनि यस ठाउँमा जति मात्रामा देख्न पर्ने हो त्यसको तुलनामा कम्ती देखिन्छ। शिक्षा, सञ्चारको माध्यम, जनचेतना जस्ता कुराहरूले हरेक समाजमा परिवर्तन ल्याउँदा पनि यस समाजको मानिसहरू छोरीचेली बेच्न अझै पनि पछाडि नहटेको पाइन्छ। यस ठाउँमा छोरी तथा महिलाहरूको तस्करी नरोकिनुको कारणहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ।

### ४.२५.१ गुणयुक्त शिक्षातथा ज्ञानको अभाव

मानव सोचलाई सकारात्मक बनाउने तथा मानब समाजलाई परिवर्तन गराउने सबैभन्दा महत्वपुर्ण माध्यम शिक्षाहो। शिक्षाले मानिसको आँखा खोल्ने र शरीरलाई उज्याले प्रदान गर्ने गर्दछ। जब मानिस शिक्षित हुन्छ तब परिवार, समाज तथा राष्ट्रको ९० प्रतिशत समस्याहरू आफै समस्या समाधान हुन्छ किनकी शिक्षालाई परिवर्तनको महत्वपुर्ण साधनको रूपमा लिन सकिन्छ। शिक्षाले मानिसलाई राम्रो, नराम्रो, असल, खराब जस्ता कुराहरूको बारेमा राम्रो जानकारी प्रदान गर्दछ, सोच्ने शक्तिको विकास गरिदिन्छ , कुरिती, अन्धविश्वास, लैङ्गिक भेदभाव, छुवाछुत, अज्ञानता जस्ता समाजको खराब पक्षहरूलाई निर्मुल पार्न सहायता गर्दछ। जब मानिस शिक्षित हुन्छ, त्यस्तो समाजमा कुनै समस्याहरू परेमा पनि असल तरिकाबाट हल गर्न सकिन्छ र समाजलाई सुन्दर बनाइदिन्छ तर जब मानिस अशिक्षित हन्छ त्यस समाजमा चारैतिर अँध्यारो हुन्छ र मानिसहरूमा नकरात्मक तथा हिंसात्मक सोचको विकास हुन्छ र पुरै समाजलाई नै यसले असर गर्दछ र उनीहरूमा सिपको विकास हुँदैन र धुम्रपान, मदिरापान, चोरी, डकैती, वेचविखन जस्ता कार्यमा संलग्न हुन्छ। जसको प्रत्यक्ष उदाहरण यस ठाउँमा देख्न सकिन्छ। घ्याङफेदीको अधिकांश मानिसहरू शिक्षाबाट बञ्चित छन् र धरैलाई आफ्नै नाम लेख्न पनि नआउने पाइन्छ। यस ठाउँमा ४१०० जनसंख्या हुँदापनि राम्रो स्कुल तथा गुणस्तरीय शिक्षाको अभाव देखिन्छ। यस ठाउँमा नि.मा.वि. तहको मात्र विधालय भएको त्यसमा पनि दैनिक रूपमा पढाई नहुने र राम्रो शिक्षा प्रदान गर्न नसकिएको देखिन्छ। जसकारण यस ठाउँका मानिसहरूले राम्रो तथा व्यवहारिक ज्ञान हाँसिल गर्न नसकेको देखिन्छ। विधालयमा विधार्थीको संख्या वढेको भेटिएता पनि प्रा.वि. तहमै छोड्ने गरेको भेटिन्छ जसकारण नाम लेख्न मात्र आउने गरेको देखिन्छ। यस ठाउँमा आज सम्म पनि कुनै माध्यमिक तथा उच्चमाध्यमिक विद्यालयहरू

स्थापना हुन नसकेको कारण र गुणस्तरीय शिक्षाको विकाश हुन नसकेको कारण पनि पेसा जस्तो वन्दै आएको वेचविखन कार्य रोकिन सकेको छैन। यदि यस ठाउँलाई राष्ट्रले पुरा रूपमा प्राथमिकता दिएको र शैक्षिक क्षेत्रमा जोड दिएर पहिले नै राम्रो विद्यालय तथा गुणस्तरिय शिक्षाको विकास गरिदिएको भए यस ठाउँको महिला तथा दिदीबहिनीहरूले धेरैले नरकीय जिबन जिउननपर्ने थियो र यस ठाउँमा भएको समस्याहरू पनि पुर्ण रूपमा हट्ने थियो ।

## ४.२५.२ गरिवी निवारण हुन नसक्नु

गरिवी मानब जिबनको एउटा ठुलो समस्याको रूपमा लिन सकिन्छ। जहाँ गरिवी हन्छ त्यहाँ धेरै समस्याहरू देखा पर्दछ। घ्याङफेदीको चेलीवेटी वेचविखनको समस्या नरोकिनुको अर्को कारण गरिवी रहेको छ। यस ठाउँको  अधिकांश मानिसहरू गरिवीको रेखामुनी रहेको पाइन्छ। यस ठाउँको मानिसहरू यति गरिब छन् कि भोकोपेट र नाङ्गो शरिर छोप्नेलाई पनि उनीहरूको आर्थिक अवस्था भन्दा बाहिर रहेको पाइन्छ। थोरै जग्गा, ठुलो परिवार, अन्नबाली उत्पादन नहुने, रोजगारीको समस्या, शिक्षाको कमी, सिपनहुनु जस्ता कारण यस ठाउँको मानिसहरू अझै पनि गरिवीबाट उकासिने नसकेको देखिन्छ। आम्दानीको दरिलो स्रोत नभएकै कारण खाने, लाउने आवश्यकता पुरा गर्नको लागि छोरी बेचि केहि रकम लिने र आफ्नो दैनिक आवश्यकताहरू पुरा गर्ने गरेको पाइन्छ। जग्गा जमिनको अभाव, रोजगारीको अवसर नहुनु, व्यापार व्यवसायको लागि यातायातको अभाब जस्ता समस्याले गर्दा यस ठाउँको मानिसहरू छोरी वेचीखाने लाउने गरेको देखिन्छ। काम गरेर खान भन्दा छारी वेचेर खान सजिलो भन्ने वानीको विकाशको कारण यस ठाउँको मानिसहरूमा अल्छि स्वभाव पैदा भएको पाइन्छ, उनीहरूमा कडा मेहनत नगर्ने बानी बस्दै गएको छ। जसले गर्दा यस ठाउँको मानिसहरू गरिवीबाट उम्किन सकेको छैन र खानाकै अभावको कारणले पनि चेलीवेटी वेचविखन रोकिन सकेको छैन ।

## ४.२५.३ जनचेतनाको कार्यकमको पहुँचता नपुग्नु

मानिसलाई समाजको एउटा चेतनशील प्राणीको रूपमा लिइन्छ तर मानिसमा चेतना छैन भने त्यो मानिस एउटा पशुसरह मानिन्छ। घ्याङफेदीको मानिसहरूमा चेतनाको कमी देखिन्छ , यस ठाउँको मानिसहरूको सोचाइमा अहिलेसम्म पनि परिवर्तन आउन सकेको

छैन । मानब भएर पनि चेतना नआएको कारण उनीहरूले आफ्नो छोरी र पशुमा कुनै पनि भिन्नता नराखेको देखिन्छ । यस ठाउँको अभिभावकहरूलाई छोरी चेली वेचविखन गर्नु हुँदैन भन्ने चेतना छैन भने छोरी चेलीलाई वेचविखन महिलाहरूको दुरूपयोगको लागि हो भन्ने जस्ता कुराहरूको चेतना नभएको देखिन्छ । यस ठाउँको मानिसहरूमा जनचेतनामुलक कार्यक्रमहरूको पहुँचतावाट वन्चित भएको कारण पनि यस ठाउँमा परिवर्तन आउन सकेको छैन । विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले यस ठाउँको लागि जनचेतनामुलक कार्यक्रम गर्दै आएको भनिएता पनि यस ठाउँमा उपस्थित नभई सदरमुकाम विदूरमा मात्र कार्यक्रम गर्ने र यस ठाउँको रिर्पोट वनाउने जस्ता कार्य गर्दै आएको पाइन्छ । जसले गर्दा यस ठाउँ जहिले ओझेलमा परेको र चेतना नआएको देखिन्छ । जनचेतनाको कार्यक्रमको पहुँचता नपुग्नाले यस ठाउँको मानिसहरूको सोचाई तथा व्यवहारमा परिवर्तन हुन नसक्नाले महिला तस्करी रोकिन सकेको छैन ।

### ४.२५.४ रूपयाँ पैसा प्रति वढ्दो मोह

विश्वव्यापी रूपमा वढ्दै आएको महङ्गी, विलासिताका वस्तुको चाहाना, फेसन, देखासिकी जस्ता कुराहरूले रूपयाँ पैसाको महत्वअझ वढाएको पाइन्छ । जसवाट घ्याङफेदीको मानिसहरूलाई पनि टाढा नरहेको देखिन्छ । घरको छाना जस्ता पाताले छाउने, गर गहना लगाउने, पक्की घर वनाउने, यस आरामको जिवन जिउने, जाँडरक्सी सेवन गर्ने जस्ता कार्यको लागि यहाँका मानिसहरूमा रूपयाँ पैसा प्रति वढी नै मोह वढ्न थालेको देखिन्छ । समाजमा प्रतिस्पर्धा गर्ने, अरू भन्दा आर्थिक रूपमा माथी उठ्न प्रयास गर्ने, चाँडै धनी बन्ने सपना जस्ता कारणले यस ठाउँमा चेलीवेटी वेचविखन नरोकिएको पाइन्छ । यहाँका मानिसहरू भएसम्म छोरी नपाए जंगली जनावरहरू वेचविखन गरी पैसा कमाउन अघि सरेको देखिन्छ ।

### ४.२५.५ कानून प्रभावकारी नहुनु

विभिन्न अपराधहरूमध्ये महिला तस्करी तीव्र गतिमा फैलिएको जघन्य अपराधको रूपमा लिइन्छ । यो अपराधमा दिनहुँ १२ देखि २८ बर्ष सम्मका महिला तथा वालवालिकाहरू पर्दै आएको पाइन्छ । यस्तो अपराधमा स्थानिय, दलाल, ठुलाबडा ब्यक्तिहरू संलग्न भएको पाइन्छ । वेचविखन एउटा विश्वव्यापी रूपमा फैलिएको कारण यसमा संलग्न ब्यक्तिहरूलाई

विशेष प्रकारको दण्ड तथा सजाय तथा निती नियम कानूनहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा बनेको पाइन्छ। नेपालको २०४३ को संविधान, २०६३ को अन्तरिम संविधान लगायत २०७२ को संविधानमा स्पष्ट रूपमा महिला वेचविखन गर्न नपाउने र वेचविखन गरेमा उक्त कार्यमा संलग्न व्यक्तिलाई जरिवाना, जेल सजाय तथा उमेर कैदको सजाय हुने कुराहरू स्पष्ट गरिएको छ। महिला तस्करी सम्बन्धी दरिलो कानून बनेता पनि तस्करी भने निरन्तर भइरहेको देखिन्छ। यस्तो अपराध घट्नुको पछाडि कानून प्रभावकारी रूपमा कार्यान्यवन नहुनु हो। नेपालमा वेचविखन गर्ने दलालहरूलाई तारिखमा छुटाउने तथा केहि समय मात्र सजाय दिइने गरेको पाइन्छ। जसको कारण दलालहरूले खुलेआम यस्तो कार्य गर्दै आएको पाइन्छ। दलालहरूलाई कडा सजाय नभएको कारण उनीहरूलाई कुनै कुराको डर छैन। एकदिन जेल जाने, फेरि निस्किने र पुन सोहि पेशा अंगाल्ने गरेको पाइन्छ। कानून प्रभावकारी नभएको तथा यस्तो कार्यमा संलग्न व्यक्तिहरूलाई कानूनले कडा रूपमा सजाय नदिएको कारण चेलीवेटी बेचविखन रोकिन सकेको छैन। घ्याङफेदीकै कति दलालहरू जो चेलीवेटी वेचविखनमा संलग्न छन्, उनीहरूलाई एकछिन समात्ने फेरि छोड्ने गरेको पाइन्छ। जसको कारण यस कार्यमा उनीहरू पुन संलग्न रहने मौका पाइरहेका छन्। चेलीवेटी वेचविखन रोक्नको लागि नेपाल सरकारले यसमा संलग्न व्यक्तिहरूलाई कडा सजाय तथा वेचविख नहुने ठाउँ तथा देशको सिमानामा कडा निगरानी गर्न आवश्यक देखिन्छ। जसबाट नेपालको अवोध बालबालिका तथा महिलाहरूले नयाँ जिवन पाउन सक्छ।

### ४.२५.६ राजनैतिक आश्रय

घ्याङफेदी गाउँपालिका नेपालको राजधानी काठमाडैँसँग जोडिएको नुवाकोट जिल्लाको एउटा गाउँ हो जुन किलोमिटरको हिसाबले पनि काठमाडौँबाट नजिकै पर्दछ। राजधानी नजिक रहँदा रहदै पनि यो ठाउँमा इतिहास देखि चेलीवेटी वेचविखन जस्तो कार्य रहँदै आएको पाइन्छ र अहिलेसम्म पनि पुर्ण रूपमा यो कार्य रोकिएको छैन। वेचविखन नरोकिनुको मुख्य कारणहरूमध्ये राजनैतिक आश्रय एउटा प्रमुख कारण मान्न सकिन्छ। गाउँमा वेचविखनमा संलग्न भएका दलालहरूलाई राजनैतिक आश्रय पाएको कारण उनीहरू कतिपटक जेल र अदालतसम्म पुग्दा पनि चाँडै नै छोडिएको पाइन्छ। राजनैतिक रूपमा आश्रय पाएको कारण दलालहरू चेलीवेटी वेचविखन जस्तो जघन्य अपराध गर्न समेत

अग्रसरता देखिन्छ । आजको युगमा आएर पनि मानिसलाई पशुसरह झै गरी वेचविखन गर्नु मानब सभ्यताकै लागि अति चनौतीपुर्ण रहेको छ । नुवाकोटको घ्याङफेदीमा इतिहासदेखि आजको यो युगसम्मै चेलीवेटी वेचविखन नरोकिनुमा गलत मनसाय र राजनैतिक अज्ञानताको कारण आफ्नो ओहोदा र शक्तिको सहि प्रयोग नगरीकन गलत मानिसलाई चुनावी राजनितिक प्रलोभनले भई आश्रय पाइरहनु एक महत्वपूर्ण कारण हन् ।

### ४.२५.७ विकट

घ्याङफेदीको नुवाकोट जिल्लाको विकट गाउँहरूमा पर्ने एउटा चेलीवेटी बेचविखन हुने ठाउँ हो । यो ठाउँको बनौट हेर्दा पानि अनौठो प्रकारको रहेको छ माथी हेर्दा थोरै आकाशको भाग र वरीपरी हेर्दा डाँडापाखा मात्र देखिने यस ठाउँ भौगोलिक हिसावले पनि दुर्गम रहेको छ । यस ठाउँको मानिसहरूले अरू मानिसहरूको जिवनशैली देखेर आफुलाई परिवर्तन गर्नको लागि पनि ठाउँ नरहेको देखिन्छ । जति मानिसहरू त्यस गाउँमा वसोवास गर्दछन् त्यति मानिसको जिवनशैली र व्यवहारको देखासिकी गरी एकले अर्कोको छोरी वेच्ने गर्दछन् । घ्याङफेदी बाहेक नेपालमा अरू ठाउँहरू छ र छोरी चेलीहरू पठनपाठन गर्दछन्, जागिर खान्छन् , चेलीहरू वेचविखन गर्दैनन् भन्ने कुरावाट यस ठाउँको मानिसहरू अन्जान देखिन्छन् । यातयातको सुविधा नहुनु, एउटा कुनामा सिमित हुनु, अरू मानिसहरूको आवातजावत नहुनु, देखासिकी गर्ने ठाँउ नहुनु, अति विकट ठाँउ भएको कारण पनि यस ठाँउमा चेलिवेटी वेचविखन भइरहेको पाइन्छ ।

### ४.२६ चेलीबेटी बेचविखनका प्रभावहरू

परिवार छोरा, छोरी, बुबा, आमा, हजरबुबा, हजुरआमा लगायतका सदस्यहरूको संयुक्त रूप हो । कुनै पनि अभिभावकको लागि छोरा, छोरी अमुल्य सम्पत्तीको रूपमा लिइन्छ । छोरा, छोरी गुमाउन परिवारको लागि अति दुखलाग्दो कुरा हो तर कति अभिभावकले गरिबी, अशिक्षा, वेरोजगार, प्रलोभन तथा विभिन्न कुरामा परि आफ्नो छोरीचेली बेचविखन गर्दै आएको थुप्रै उदाहरणहरू नेपालको विभिन्न ठाउँमा देख्न सकिन्छ । सिन्धुपाल्चोक, नुवाकोट, मकवानपुर तथा तराईको विभिन्न ठाउँमा चेलीवेटी बेचविखन तिब्र रूपमा भइरहेको पाइन्छ । यस्तो कार्यले महिलाहरूको जिवननिकै कष्टदायी बनाइदिएको पाइन्छ । नुवाकोट जिल्लामा रहेको एउटा विकट ठाउँ घ्याङफेदीमा पनि इतिहासदेखि चेलीवेटी बेचविखन कार्य

फस्टाउँदै आएको पाइन्छ। जसको कारण समाजको विभिन्न पक्षहरूमा नकरात्मक प्रभाव परेको छ। गरिबी, अशिक्षा, शोषण, प्रलोभन जस्ता विभिन्न कारणले यस ठाउँमा १२ बर्ष माथिका छोरीहरू विभिन्न दलाल मार्फत रहि भारतको विभिन्न ठाउँमा शारीरिक शोषणको लागि बेचिदै आएको पाइन्छ। जसले गर्दा महिलाहरू निकै प्रभावित भएका छन्। उनीहरूले बेचविखनमा परी नरकपूर्ण जिवन जिउन बाध्य हुनुका साथै जिवनभर निको नहुने HIV, AIDS को शिकार हुनु परेको छ। मानब बेचविखन हाम्रो समाजको लागि एकदम लाजमर्दो तथा दुखलाग्दो घटना हो। जसले मानब जिवन तथा समाजमा निम्नलिखित प्रभाव पार्दै आएको छ।

### ४.२६.१ नारीको अस्तित्वमा

नारी समाजको एउटा अमुल्य उपहार हो र नारी संसारको जननी हो। नारी विना एउटा परिवार, समाज, संसार अपुरो छ। नारी, छोरी कुनै पनि घरको लागि अमूल्य गहना हो। कुनै समाजमा नारीलाई घरको गहना वा देवीको रूपमा पुजा गरिन्छ भने कुनै समाजमा नारीलाई मुल्यहिन् तथा दोस्रो दर्जाको मानिसको स्थान दिएको पाइन्छ। नेपालको विभिन्न ठाउँहरूमा नारीलाई एउटा कमजोर दर्जाको  मानिसको रूपमा हेर्ने गरिन्छ र उनीहरूमाथि विभिन्न घरेलु हिंसा, अत्याचार, अन्यायपूर्ण व्यवहार गर्ने गरेको पाइन्छ। जसमध्ये दुप्चेश्वर-१ घ्याङफेदीमा पनि महिलाहरू प्रति निकै अन्यायपुर्ण व्यवहार गरिदै आएको पाइन्छ। यस ठाउँका छोरी चेलीहरूले सतिऔ देखी छोरी हुनुको अस्तित्व वा कुमारित्व गुमाउँदै आएका छन्। आफ्नै छरछिमेकी , अभिभावक, आफन्तको माध्यमबाट उनीहरूले भारतको विभिन्न शहरमा वेचविखनमा परी शारीरिक शोषण लगायत विभिन्न अन्याय, अत्याचार सहँदै आएका छन्। जन्मेर हुर्कने वित्तिकै बेचिदिहाल्ने त्यस ठाउँको नराम्रो परम्पराले त्यस ठाउँको महिला तथा छोरीचेलीहरूले आफु नारी भएको सम्पुर्ण अस्तित्व गुमाउन परेको छ। विवाह गर्ने, बालबच्चा जन्माउने, आमा बन्ने, घरको जिम्मेवारी निभाउने, परिवारको सुख दुखमा सामेल हुने सम्पुर्ण अवसरहरू यस ठाउँको छोरी चेलीले गुमाउन परेको छ। आफ्नो महिला हुनुको अधिकार मात्र नभएर वेचविखनको कारण यस ठाउँको नारीले आफ्नो कुमारित्व, इज्जत गुमाउनका साथै जिवनभर समाजको एउटा नराम्रो मानिस अर्थात वेश्या, कलंक जस्ता उपनामहरूको साथ लज्जित भएर जिउन बाध्य भएका छन्। बेचविखनको कारण यस ठाउँको नारीहरूले आफु नारी हुनुको सम्पुर्ण अस्तित्वहरू

गुमाउन परेको छ भने उनीहरू मानसिक रूपमा कमजोर , आशा विहिन, आफैलाई दोषि ठहराई बाँच्नु परेको छ। वेचविखनको कारण यस ठाउँको नारीले बाँच्ने अधिकार, हाँसो, खुसी लगायत आफ्नो मौलिक हक अधिकार गुमाउन परेको छ भने आफ्नो परिचय तथा छविमा नराम्रो दाग सहित बाँच्नु परेको छ।

### ४.२६.२ परिवार

परिवार एउटा सामाजिक संस्था हो। जहाँबुबा, आमा, छोरी, हजुरबुबा, हजुरआमा आदि सदस्यहरू बसोबास गर्दछन्। परिवार जिवनभर सँगैसँगै दुःख सुखमा सामाजिक कियाकलाप गरी एउटै छानामुनी बसोबास गर्दछन्। परिवार सम्पुर्ण सदस्य परिवारको लागि निकै मुल्यवान् हन्छ। एउटा सदस्य गुम्दा परिवार अपुरो हुन्छ भने परिवारको बाँकी सदस्यमा निराशापन तथा खल्लोपनाले जरो गाडिदिन्छ। यस ठाउँमा रहेको चेलीबेटी वेचविखनले उनीहरूको परिवारमा निकै नकरात्मक प्रभावहरू परेको पाइन्छ। डर, त्रास, लोभ, प्रलोभनमा छोरी बेचिएता पनि छोरीको यादबाट यस ठाउँको परिवारहरू मुक्त हुन सकेका छैनन्। छोरी बेचेको पैसा पनि केहि छिनमा सकिने हुँदा अभिभावकहरू एक्लोपन तथा निराशामा जिन्दगी विताइरहेको पाइन्छ। कति परिवारमा अभिभावकले जबरजस्ती छोरी बेच्न परेकोमा उनीहरू पिडादायी जिवन जिइरहेका छन् भने कति अभिभावकहरू मानसिक समस्याहरू झेली रहेको पाइन्छ। मर्ने बेलासम्म पनि छोरीसँग भेटघाट गर्न नपाउँदा बाबु आमा माथि ठुलो मानसिक असर परेको पाइन्छ। आफ्नो छोरीको यादले परिवारलाई आजिवन शोखमा डुबाइदिएको छ भने परिवारलाई अपूर्ण बनाइदिएको पाइन्छ। जसले गर्दा परिवारको सदस्यहरू एक अर्काबाट टाढिएर बाँच्नु परेको छ भने छोरी तथा बाँकी परिवारको सदस्य बिच बेमेलता तथा आकोशको भावना पैदा गराइदिएको पाइन्छ।

### ४.२६.३ महिला स्वास्थ्यमा

स्वास्थ्यलाई मानबजिवनमा सबैभन्दा ठुलो धनको रूपमा लिइन्छ। जहाँ मानिस स्वास्थ्य हुन्छ त्यस्तो समाजले छिट्टै विकाश तथा प्रगति गरेको पाइन्छ  तर जुन ठाउँमा मानिसहरू स्वस्थ हुँदैनन् त्यस्तो समाज विकशित नहुने तथा अझ विस्तारै पतन हुँदै गएको उदाहरणहरू विश्वव्यापी रूपमा देख्न पाइन्छ।। यसकारण स्वाथ्यलाई सबैभन्दा ठुलो धनको रूपमा लिइन्छ। तर घ्याङफेदीका मानिसहरूमा स्वास्थ्यको महत्वका बारेमा कुनै

ज्ञान नभएको कारण यस ठाउँमा हुँदै आएको मानब तस्करीले यस ठाउँको विशेषगरी महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष रुपमा प्रभाव पारेको पाइन्छ। जसको कारण यस समाज पतन हुँदै गएको पाइन्छ भने यस ठाउँलाई नराम्रो उपनामहरू दिएको पाइन्छ। घ्याङफेदीबाट भारतमा बेचिएका तथा विभिन्न NGO/INGO को सहायताद्धारा उद्धार पाई गाउँमा फर्केका महिलाहरूमा विभिन्न प्रकारका मानसिक रोग, शारीरिक रोगहरू जस्तै यौन रोग लगायत HIV/AIDS जस्तो खतरानाक रोग लागेको पाइन्छ। जसकारण महिलाहरूको स्वास्थ्यमा नराम्रो असर परेको छ भने उनीहरू समाजमा अपहेलित भएर बाँच्नु परेको पाइन्छ। HIV तथा विभिन्न यौनजन्य रोगका कारण यस ठाउँको महिलाहरूलाई कमजोर बनाइदिएको छ भने अरूलाई सर्ने डरले उनीहरू एउटा कोठामा मात्र बस्ने गरेको पाइन्छ। बेचविखनले यस समाजका महिलाहरूको स्वास्थ्य नराम्रोसँग बिगार्नुका साथै उनीहरू लज्जित तथा हेलित भएर बाँच्नु परेको छ।

### ४.२६.४ समाजमा

परिवार परिवार मिलेर समाज बनेको हुन्छ र समाजले खेल्दै आएको विभिन्न सामाजिक कियाकलापले समाजलाई राम्रो तथा नराम्रो नामको पहिचान दिएको हुन्छ। चेलिवेटी वेचविखन जस्तो अमानवीय गैरकानूनी कार्य गर्ने यस समाजलाई हर्ने नजर प्राय मानिसहरूको नराम्रै रहेको पाइन्छ। नुवाकोट जिल्ला दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदीको नाम सुन्ने वित्तिकै सबै मानिसमा एकपटक नकरात्मक सोचाई आउने गर्दछ। आफ्नै छोरीचेली बेच्ने यस समाजको पहिचान विगत देखि अहिलेसम्म नराम्रो मात्र रहेको पाइन्छ। नुवाकोट जिल्लामा HIV/AIDS लाई घ्याङफेदी रोग पनि भन्ने गरिन्छ भने चेलीवेटी बेचविखन भन्ने वित्तिकै सबैको मुखमा घ्याङफेदीको नाम आउने गरेको पाइन्छ। सतिऔं देखि आफ्नै छोरीचेली बेच्दै आएको कारण बेचविखनले यस समाजको परिचयमा नकरात्मक छाप पार्दै आएको छ भने बेचविखनको कारण यस समाजले विश्वास गुमाएको पाईन्छ। पुरुषले विवाह गर्नको लागि महिला नपाउने तथा घ्याङफेदीमा कुनै पनि महिला विवाह गरेर जान नमान्ने परिस्थिति समेत चेलीबेटी बेचविखनको कारणले निम्त्याएको पाइन्छ। यस ठाउँमा आफ्नो छोरीचेली श्रीमती बेचविखन गर्दै आएको कारण यस ठाउँमा, मानिसहरू छोरी दिन पछाडी हटेको पाइन्छ। चेलीबेटी बेचविखनले यस समाजमा यति धेरै नकारात्मक छाप पारेको छ की जो कोहि पनि यस ठाउँको नाम सुन्ने वित्तिकै सोच्न बाध्य हुन्छन्। त्यस

ठाउँमा हुने महिला वेचविखनको कारण अरू ठाउँवाट शिक्षक, स्वयम् सेवक तथा विभिन्न संघसस्थाको कर्मचारी यस ठाउँमा काम गर्न जान हिचकिचाउँछन् । यस समाजमा रहेको लैङ्गिक विभेद तथा चेलीबेटी बेचविखन समस्याले अरू ठाउँको छोरीचेली यस ठाउँमा जान चाहँदैनन् किनकी यस समाजले सबै मानिसहरूको विश्वास गुमाएको छ भने बेचविखनको कारण यस समाजले नराम्रो नाम मात्र कमाएको पाइन्छ । सतिऔं देखि अपनाइदै आएको चेलीबेटी वेचविखनले यस समाजलाई निकै प्रभाव परेको पाइन्छ । यस समाजमा लागेको दाग, हटाउन अझ निकै लामो समय लाग्ने देखिन्छ ।

### ४.२६.५ राष्ट्रमा

दक्षिण एसियामा पर्ने गरिब राष्ट्रहरू मध्ये नेपाल पनि एक राष्ट्र हो । पर्यटन क्षेत्रमा नेपालले विश्वमा एउटा छुट्टै पहिचान बनाएको छ भने नेपालमा रहेको विभिन्न समस्याहरू जस्तै गरिबी, अशिक्षा, अन्धविश्वास, कुरिती, भ्रष्टचार लगायत चेलीबेटी बेचविखन जस्तो कुराहरूले विश्वस्तरमै नेपालको छवि विगारेको पाइन्छ । दक्षिण एसियाली राष्ट्रहरूमा फष्टाउँदै आएको महिला तस्करीको संख्यालाई हेर्दा बर्षेनी सबैभन्दा बढि छोरीचेली बेचविखन गर्ने राष्ट्र नेपाल रहेको पाइन्छ । विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको तस्करीको तथ्याङ्कलाई हेर्दा नेपाल चेलीबेटी बेचविखन गर्ने राष्ट्रहरूमध्ये पहिलो नम्बरमा पर्ने राष्ट्र रहेको पाइन्छ । बर्षेनी १२-२८ बर्षसम्मको छोरीचेली तथा महिलाहरू विभिन्न माध्यमबाट खाडीमुलुक तथा मित्र राष्ट्र भारतमा बेश्यावृत्तिको लागि बेचिएको पाइन्छ । जसकारण विश्वसामु नेपालप्रतिको सकरात्मक पहिचान गुमेको पाइन्छ भने नेपाललाई हेर्ने दृष्टि अझ तल गिरेको पाइन्छ । आफ्नै छोरी बेच्ने मानिसहरू यस देशमा बसोबास गर्ने र यस देशको मानिसहरूले विभिन्न गैरकान”नी कार्यहरू गर्ने भएकोले विश्व सामु नेपालको स्थान घटेको पाइन्छ ।

**४.२७ घ्याङफेदीमा चेलीबेटी बेचविखन रोकथामको लागि NGO/INGO हरूले खेलेको भूमिका :**

**तालिका नं.७**

**घ्याङफेदीमा सक्रिय रूपमा कार्यरत संघसंस्थाहरूको नामवली**

| क.स | नाम | कार्य | सञ्चालित वर्ष |
|---|---|---|---|
| १ | सृजनशील रेड पाण्डा | छोरीचेली संरक्षण गर्ने, तालिमदिने | २०६८ देखी |
| २ | Five- 14 Nepal | Tourism Development | २०६८ देखी |
| ३ | G.F.N (Goods Friends of Nepal) | बाख्रापालन, आर्थिक विकासको गर्ने तथा शैक्षिक संस्थामा सुधार गर्ने | २०६९ देखी |
| ४ | W.F.D (World Food Program) | बाटो बनाउने, टनेल बनाउने, जिवनस्तर उकास्ने, रोजगारी दिने | २०७३ देखी |
| ५ | आधार विकास संस्था | शिक्षा स्तर विकास | २०७२/७३ देखी |
| ६ | Have G.BA | सिलाई/कटाई सिपमुलक (6000 Trainers per month) | २०७२/७३ देखी |
| ७ | Carson Nepal/World Vision | विस्थापितको लागि पुर्नवास खानेपानी | २०७२/७३ देखी |

श्रोतः स्थलगत अध्ययन २०७६ ।

नेपालमा देखा पर्दै आएको विभिन्न महिला सम्बन्धी अपराधहरूमध्ये महिला वेचविखन तीब्र गतिमा फैलिएको एक जघन्य अपराध हो। महिला तस्करीको संख्या नेपालमा वर्षेनी बढिरहेको पाइन्छ। भारत देखि लगायत खाडी मुलुकहरूमा नेपालको बालबालिका तथा महिलाहरू बर्षेनी वेचविखनमा परी शारीरिक रूपमा शोषित भइरहेको छन्। यो समस्या महिलाहरूको लागि एउटा ठुलो समस्या र चुनौतीको रूपमा खडा भएको पाइन्छ। समाजमा यति ठुलो परिवर्तन आउँदा पनि मानब तस्करी अझसम्म पनि रोकथाम हुन नसकेको कारण विभिन्न स्वदेशी तथा विदेशी संघसंस्थाहरू यस कार्य रोकथामको लागि कार्यरत रहेका छन्। ABC नेपाल, माइती नेपाल, शक्ति समुह, नेपालका असल मित्रहरू, सिर्जनशील रेड पाण्डा लगायतका विभिन्न NGO तथा INGO हरूले नेपालमा भइरहेको

महिला तस्करी रोकथाम तथा नियन्त्रणका लागि विभिन्न प्रयासहरू गर्दै आएका छन् । यि NGO, INGO हरूले जनचेतना फैलाउने, गरिबी निबारण, सिपमुलक तालिम, रोजगारी प्रदान गर्ने, चेलीवेटी वेचविखन रोक्ने, बेचिएका छोरी चेलीहरूको उद्धार गर्ने जस्ता कार्यहरू गर्दै आएका छन् । नेपालको चेलीवेटी वेचविखन हुने मुख्य ठाउँहरूमा यि संस्थाहरूले रोकथामको लागि विभिन्न प्रयासहरू गर्दै आइरहेको देखिन्छ । जसमध्ये नुवाकोट जिल्ला दुप्चेश्वर-१ घ्याङफेदीमा इतिहासदेखि महिला तस्करी हुँदै आएको र अहिलेसम्म पनि पुर्ण रूपमा रोकथाम हुन नसकेको कारण त्यस ठाउँमा चेलीको उद्धार तथा वेचविखन रोकथाम गर्न विगत बर्षहरूदेखि विभिन्न NGO तथा INGO हरूले विभिन्न कार्यक्रम मार्फत बेचविखन नियन्त्रण गर्न ठुलो भुमिकाहरू खेल्दै आएको पाइन्छ । यस ठाउँको महिला वेचविखन समस्या रोकथाम गर्नको लागि सक्रिय रूपमा भुमिका खेल्दै आएको NGO तथा INGO को नाम तथा कार्यहरू यस प्रकारका छन् :-

### ४.२७. १. सृजनशील रेड पाण्डा

विश्वमा दुर्लभ भएका विभिन्न बन्यजन्तुहरूमध्ये रेड पाण्डा विश्वस्तरमै दुर्लभ हुँदै गएको एक जनावर हो । रेड पाण्डाको संख्या दिनहुँ घट्दै गएको पाइन्छ र यो जनावर देखिन मुस्किल हुँदै गइरहेको छ । यो जनावरको संरक्षणको लागि विश्वव्यापीरूपमा सक्दो प्रयासहरू भइरहेको पाइन्छ । जसरी रेड पाण्डाको संख्या घट्दै गइरहेको छ र यसलाई पाउन पनि कठिन बन्दै गइरहेको छ । त्यसरी नै घ्याङफेदीमा छोरीचेलीको संख्या दिनहुँ घटदै गएको र छोरीचेली पाउन वा देख्न मुस्किल हुँदै गइरहेको कारण दिनहुँ लोभ हुँदै गएको छोरीचेली बचाउने उद्देश्यको साथ २०६८ सालमा स्थानिय वासिन्दाले दर्ता गरेर सृजनशील रेड पाण्डा भन्ने एउटा संस्थाको स्थापना गरेको छ । हिमाली क्षेत्रमा पाइने रेड पाण्डाको संख्या घट्दै गएको र हिमाली क्षेत्र मुनी रहेको घ्याङफेदीको छोरीचेली पनि लोभ हुँदै गएको कारण विश्वस्तरमा रेड पाण्डा बचाउनुपर्छ भन्ने उद्देश्य जस्तै त्यस ठाउँको छोरीचेली पनि संरक्षण गर्नुपर्छ भन्ने नारामा आधारित रहेर उक्त संस्थाको नाम सृजनशील रेड पाण्डा राखिएको पाइन्छ । यस संस्थामा जम्मा ९ जम्मा कार्यकारिणी समिति रहेको छ भने यस संस्थाको १४ वटा समुह र ३०० भन्दा बढि साधारण सदस्यहरू रहेको छ । यस संस्थाले विशेषगरी चेलीवेटी सुरक्षा, हकहित तथा सिप, तालिम जस्ता कुराहरूमा जोड दिदै आएको पाइन्छ । महिला दिदिबहिनीहरूको सुरक्षा गर्न, उनीहरूलाई सिप तथा तालिम दिन,

शिक्षित बनाउन तथा आत्मनिर्भर बनाउनका लागि यस संस्थाले अन्य संस्याहरूसँग हातेमालो गर्दै आएको पाइन्छ । यो एउटा स्थानिय महिला संस्था भएकाले स्थानिय रुपमा महिलाहरूको विकास गर्दै आएको पाइन्छ । चेलीवेटी वेचविखन न्युनीकरण गर्ने, आर्थिक उपार्जनको लागि सिपमुलुक कार्यक्रम गर्ने, आर्थिक वृद्धि विकास गर्ने यो संस्थाको मुख्य उद्देश्य रहेको  छ । यो संस्थाले विभिन्न संघसंस्थाहरूसँग सहकार्य तथा समन्वय गरी घ्याङफेदीको विकासको लागि पहल गर्ने गर्दछ । यस संस्थाले विभिन्न NGO, INGO सँग सहकार्य गरी यस ठाउँमा विभिन्न विकासका कार्यक्रमहरू जस्तै आर्थिक परियोजना, पशुपालन, कृषि, प्रौढ कक्षा, सिलाई कटाई, पर्यटन प्रवर्द्धन, बाटो बनाउने, रोजगारी, जिवनस्तर उकास्ने, खानेपानी, टनेल बनाउने आदि विकासित कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । यस संस्थाद्धारा महिलाहरूको जनजिवनमा सुधार हुँदै आइरहेको देखिन्छ । महिलाहरूलाई आर्थिक रूपमा बचत गर्न , सिपमुलक तालिम सिक्न, प्रौढ कक्षामा संलग्न हुन लगायत आफ्नो जिवन नरकिय जिवनबाट बचाउन यस संस्थाले धेरै सहायता गर्दै आएको पाइन्छ । केहि बर्ष अघिसम्म यस गाउँमा १२ बर्षदेखि २८ बर्षको महिला दिदी बहिनीहरू पुरा गाउँ भरि डुल्दा पनि देख्न गाह्रो पर्दथ्यो  भने हाल आएर केही संख्यामा १२-२८ वर्षको दिदीवहिनी देख्न थालिएको छ भने शैक्षिक क्षेत्रमा पनि पुरुषको भन्दा महिलाको संलग्नता केहि हदसम्म बढि देखिएको पाइन्छ । यस संस्थाको सहायताबाट महिला दिदीबहिनीहरूले सिलाई कटाई जस्ता सिपमुलक तालिम लिई हाल गाउँमा टेलरको काम गरी आय आर्जन गर्ने अवसर पाएका छन् । यस संस्थाले विभिन्न संघ संस्थाहरूसँग समन्वय गर्दै गाउँको चौतर्फी विकास गर्ने योजना लिई सोहि अनुरूप कार्य गर्दै आएको पाइन्छ । यस संस्थाद्धारा स्थानिय महिलाहरूले बचत कोष निर्माण गर्ने कार्य समेत गर्न थालेका छन् । रेड पाण्डालाई विश्व समुदायमा जोगाउन पर्दछ भने जस्तै घ्याङफेदीमा दुर्लभ हुन थालेका छोरी चेलीलाई पनि उक्त समुदायमा जोगाउन पर्छ भन्ने उद्देश्य बोकेर स्थापना भएको सृजनशील रेड पाण्डा ढिलै भएपनि अगामी पिढीका छोरी चेलिलाई संरक्षण गर्ने, सुरक्षा दिने, शिक्षा दिने, सिप सिकाउने जस्ता कार्यहरू गर्ने उद्देश्यको साथ अघि बढिरहेको पाइन्छ । जसले गर्दा घ्याङफेदीको छोरी चेलीले नयाँ जिवन पाउन थालेको पाइन्छ ।

### ४.२७.२. Five-14 Nepal

घ्याङफेदीको चेलीबेटी बेचविखन रोकथाम तथा नियन्त्रणमा हातेमालो गर्दै आएको अर्को संस्था Five-14 Nepal रहेको छ। यो संस्था २०६८ सालदेखि घ्याङफेदीको विकासको लागि कार्यरत रहेको छ। यस ठाउँमा रहेको मुख्य समस्या चेलीबेटी बेचविखन नियन्त्रण गर्नको लागि यस संस्थाले पर्यटक विकास सम्बन्धी कार्यहरू गर्दै आएको छ। यस ठाउँको प्राकृतिक सुन्दरताको सदुपयोग गर्न यस संस्थाले स्वदेशी तथा विदेशी पर्यटकहरूको आवतजावत होस भन्ने हेतुले पर्यटन प्रवर्द्धन तथा विकास सम्बन्धी कार्य गर्दै आएको छ। पर्यटकको लागि सहजता होस् भन्ने उद्देश्य तथा स्थानिय बासिन्दाले पनि केही रकम आय आर्जन गर्न सकोस् भन्ने हेतुले यस संस्थाले यस ठाउँमा २१ वटा Homestay हरू सञ्चालन गरेको छ। जसले गर्दा त्यस ठाउँको मानिसहरूको लागि आय स्रोत बढेको छ भने स्वदेशी तथा विदेशी पर्यटकलाई बस्नको लागि सुविधा भएको छ। यस संस्थाले यस ठाउँको प्राकृतिक सम्पदाहरूको बर्णन गर्नको लागि सात बर्षदेखि पर्यटन विकास गरी स्वदेशी तथा विदेशी पर्यटक यस ठाउँमा भित्राउने तथा यस ठाउँको मानिसको लागि रोजगारी मिलोस् र केहि आम्दानी भई जिवनस्तर उकास्न सकिएको होस् भन्ने उदेश्यको साथ यस ठाउँको विकाशमा मद्दत गर्दै आएको छ।

### ४.२७.३ Good Friends of Nepal

२०५४/५५ मा नेपाल सरकारमा दर्ता भई समाजको विभिन्न ग्रामीण भागमा सेवामुलक कार्य गर्दै आएको यस संस्थाले  २०६९ साल देखी दुप्चेश्वर-१ घ्याङफेदीमा भइरहेको चेलीबेटी बेचविखन रोकथाम तथा नियन्त्रयणको लागि महत्वपर्ण भुमिका खेल्दै आएको पाइन्छ। गरिबी, अशिक्षा, अचेतना, वेरोजगार जस्ता विभिन्न कारणहरूले भइरहेको चेलीबेटी बेचविखन रोक्न यस संस्थाले त्यस ठाउँमा आर्थिक परियोजना कार्यक्रमहरू लागु गरेर त्यस ठाउँको परिवारको आर्थिक स्थिति उकास्ने कार्यहरू गर्दै आएको छ। यस संस्थाले प्रत्येक घरधुरीलाई २/२ वटा बाख्राहरू वितरण गर्दै आएको छ र यसबाट त्यस गाउँमा पशुपालनमा वृद्धि भई गाउँभरि २०००-२५०० जति बाख्राहरू फैलिसकेको पाइन्छ। यस लगायत यस ठाउँको मानिसहरूमा जनचेतना जगाउनको लागि जनचेतनामुलुक कार्यक्रमहरू गर्ने, बेचविखन बारे सचेत गराउने, लत्ता कपडा, खानाहरू उपलब्ध गराउने, भुकम्प तथा पहिरोले घरविहिन बनाएको मानिसहरूको लागि पुनः बासस्थान निर्माण गर्ने,

जस्तापाताहरू प्रदान गर्ने, औषधी उपचार सम्बन्धी जानकारी दिने, कार्यहरू गर्दै आएको छ। यति मात्र नभएर यस संस्थाले बर्षेनी घ्याङफेदीको किशोरीहरूलाई काठमाडौ ल्याएर उनीहरूलाई बास्तविक संसारको महशुस गराउनुका साथै २ महिना सम्म तालिम केन्द्रमा राखी सिलाई, कटाई, प्रौढ कक्षा, मैनबत्ती बनाउने, सजावटको सामग्रीहरू बनाउने जस्ता सिपमुलक तालिमहरू दिदै आएको छ। Good Friends of Nepal ले यस ठाउँको जन मानिसलाई परिवर्तन गराउन र गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षक पठाउने तथा शैक्षिक स्तर सुधार गरी यस ठाउँलाई परिवर्तन गर्न सक्दो रूपमा पहल गर्दै आएको छ। यस संस्थाले यस ठाउँमा परिवर्तनको लागि सुधारात्मक कदम चालेको पाइन्छ।

### ४.२७.४ World Food Program

घ्याङफेदीमा चेलीबेटी बेचविखन तथा रोकथाममा कदम चाल्ने अर्को संस्था World Food Program (WFP) रहेको छ। यस संस्थाले २०७३ साल देखि यस ठाउँमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। एउटा कुनामा रहेको र सबै कुराबाट बञ्चित यस ठाउँमा यस संस्थाले यातायात विकाशको लागि बाटोहरू खन्ने र गाडी सञ्चालनमा सहजता ल्याउने कार्य गर्दै आएको छ। जसको फलस्वरूप हेर्दा माथि सानो आकाशमात्र देखिने र पहाडले घेरिएको यस ठाउँमा हिउँदमा गाडीहरू पनि सञ्चालनमा आउन थालेको छ। यस संस्थाले टनेल बनाउने, रोजगारी प्रदान गरी यस ठाउँको मानिसको आर्थिक वृद्धि गर्ने जस्ता कार्यहरू पनिगर्दै आएको छ। यस संस्थाले यस ठाउँको मानिसहरूको जनजिवन उकास्नको लागि यस ठाउँको मानिसहरूलाई रोजगारी दिने र बाटो निर्माण गरी यस ठाउँको चौतर्फी विकास गर्ने जस्ता कार्यहरूमा संलग्नता देखाएको पाइन्छ।

### ४.२७.५ आधार विकास संस्था

घ्याङफेदीमा रहेको महिला बेचविखन समस्यालाई रोकथाम तथा नियन्त्रणको लागि विभिन्न NGO, INGO हरूले विभिन्न क्षेत्रबाट योगदानहरू दिदै आएको पाइन्छ। जसमा आधार विकास संस्थाले यस ठाउँमा महिला बेचविखन हुनुको विभिन्न कारणहरूमध्ये अशिक्षाको कारणलाई लिएर महिला तस्करी रोक्न यस ठाउँमा २०७२/७३ सालदेखि शिक्षा स्तर विकास सम्बन्धि कार्यक्रमहरू गर्दै आएको छ। यस संस्थाको मुख्य उद्देश्य यस ठाउँमा भएका अधिकांश अशिक्षित मानिस तथा बालबालिकाहरूलाई उचित तथा गुणस्तरीय शिक्षा

प्रदान गरी यस ठाउँको मानिसलाई एउटा उज्यालो ज्योती दिईरहेको छ। यस संस्थाले यस ठाउँको मानिसहरूको लागि शिक्षा स्तर विकास गर्न स्थानिय तथा सामुदायिक प्रयासहरू गर्दै आइरहेको पाइन्छ भने हाल सम्म मा.वि. तहको विधालय नभएको यस ठाउँमा घ्याङफेदी प्रस्थावित मा. वि. नामक विधालय यस संस्थाले स्थापना गरेको छ जसमा कक्षा ९ सम्म पठनपाठन भइरहेको छ र २०७६ साल देखी कक्षा १० सम्म पठनपाठन हुने उदेश्य राखिएको छ। यस ठाउँमा रहेको अनपढ तथा अशिक्षित ब्यक्तिहरूको लागि जनचेतना जगाउन अत्यन्त आवश्यक भएकोले शैक्षिक स्तर विकास गर्नु यस संस्थाको मुख्य उद्देश्य रहेको छ।

### ४.२७.६ Have G.BA

Have G.BA नामक यस संस्थाले यस ठाउँको महिला तस्करी नियन्त्रण तथा रोकथाम गर्नको लागि यस ठाउँको महिला तस्करी नियन्त्रण र रोकथाम गर्नको लागि यस ठाउँको चेलीबेटीहरूलाई सिलाई कटाई जस्तो सिपमुलक तालिमहरू दिँदै आएको छ। यस संस्थाले २०७२/७३ सालबाट यस ठाउँमा महिलाहरूलाई सित्तैमा सिलाई कटाई सिकाउने तथा सिक्न आउने महिलाहरूलाई मासिक ६००० रूपैया दिदै आएको छ। महिलाहरू स्वयम् आत्मनिर्भर बनोस् भन्ने उद्देश्यले यस संस्थाले शिक्षार्थीहरूलाई पैसा दिएर तालिम दिएको छ। यसको उद्देश्य धेरै भन्दा धेरै महिलाहरूले सिप सिकोस् र आफै केहि गरेर जिविकोपार्जन गर्न सक्षम बनोस् भन्ने रहेको छ। घरको काम धन्दा छाडेर सिलाई कटाई सिक्नको लागि त्यस ठाउँको महिलाहरू गाह्रो मान्ने भएकोले उनीहरूलाई सिपसिक्ने मौका सहित मासिक आम्दानीको स्वरूप एक जना व्यक्ति बराबर रु ६०००  समेत यस संस्थाले प्रदान गरेको छ। ताकी यस ठाउँको महिलाहरू लगनशील भएर सिप सिक्न सकेको होस् र आफ्नो खुट्टामा उभिन सकोस भन्ने उद्देश्य यस संस्थाको रहेको छ।

### ४.२७.७ Carson/World vision

२०७२/७३ सालमा Carson Nepal र World vision ले यस ठाउँको आर्थिक स्तर तथा जनजिवन सुधारको लागि भुकम्प तथा पहिरोमा परि विस्थापित भएका घर परिवारलाई पुर्नबासको स्थापना गर्ने कार्यक्रमहरू गरेको छ। यस संस्थाहरूले घरविहिन परिवारलाई

घरहरू निर्माण गरी विस्थापित परिवारलाई उद्धार गर्ने कार्यमा पहल गर्दै आएको छ भने पानीको सुविधा नभएको टोलहरूमा खानेपानीको लागि धाराहरू निर्माण गरेको पाइन्छ ।

माथी उल्लेखित संघसंस्थाहरू यस ठाउँमा प्रत्यक्ष रूपमा सहभागि भई विभिन्न कार्यहरू गर्दै आएको छ भने यस ठाउँवाट वेचिएको महिला तथा वालवालिकाहरूलाई भारतको वेश्यालयवाट उद्धार गरि नयाँ जिवन दिने काम गर्दै आएका संस्थाहरू निम्न अनुसारका छन् । जून संस्थाहरूले यस ठाँउको महिलालाई सुरक्षा प्रदान गर्न अप्रत्यक्ष रूपमा विभिन्न भुमिकाहरू खेल्दै आएको छ । जसको नाम यस प्रकारका छन् ।

### ४.२७.८ माइती नेपाल

माइती नेपाल महिला तथा बालिबालिका बेचविखन विरुद्ध काम गर्नको लागि १९९३ अप्रिलमा स्थापना भएको एक गैरसरकारी संस्था हो । यस संस्थाले भारतमा बेचविखन भएको चेलीबेटी नेपाली पुलिस, भारत पुलिस लगायत विभिन्न संघसंस्थाहरूको सहायता लिई उद्धार गर्ने देखी लिएर पिडित महिला तथा बालिकाहरूलाई Council गर्ने, कानूनी सुविधा प्रदान गर्ने, स्वास्थ्य Council गर्ने, शिक्षा प्रदान गर्ने, चेतनामुलुक कार्यकम गर्ने, दलाललाई सजाय दिने तथा बेचिएको बालिका तथा महिलालाई सुरक्षित साथ घर फर्काउने जस्ता कार्यहरू गर्दै आएको छ । घ्याङफेदीबाट बेचिएको बालबालिका तथा महिलाहरूलाई पनि यस संस्थाले उद्धार गरी कसैलाई घर पठाएको छ भने कसैलाई केन्द्रमा राखेर तालिम तथा शिक्षा दिँदै आएको पाइन्छ । माइती नेपालले बेचिएको बालबालिका तथा महिलालाई उद्धार गरी यस ठाउँमा अरू नबेचिएको छोरीचेलीको सुरक्षा गर्न समेत जनचेतनामुलुक कार्यक्रमहरू गर्दै आएको छ ।

### ४.२७.९ शक्ति समुह

महिला तस्करीबाट संसारलाई स्वतन्त्र बनाउने लक्ष्य लिएर १९९६ मा स्थापना भएको यो संस्थाले महिला तस्करी विरुद्ध कार्य गर्दै आएको छ । चेलीबेटीको संरक्षण गर्ने, शारीरिक शोषणबाट चेलीबेटीलाई बचाउने, जोखिममा रहेको चेलीबेटीलाई पुर्नस्थापना र मान्यता दिने, लिङ्गमा आधारित हिंसा, बेचविखन तथा HIV Aids जस्ता रोगहरूको बारेमा चेतना जगाउने, बेचिएको चेलीहरूको उद्धार गर्ने, जस्ता कार्य गर्दै आएको यस संस्थाले घ्याङफेदीबाट बेचिएको महिला दिदीबहिनीको उद्धार गर्ने कार्य गर्दै आएको छ। यस

संस्थाले यस ठाउँको छोरी चेलीलाई बन्द कोठीबाट छुटकारा प्रदान गरी नयाँ जिवन दिएको छ ।

### ४.२७.१० Nepalese Home

चेलीबेटी बेचविखन विरुद्ध कार्य गर्दै आएको अर्को गैरसरकारी संस्था Nepalese Home हो । यस संस्थाले घ्याङफेदीबाट बेश्यावृत्तिको लागि बेचिएको छोरी चेलीहरूको उद्धार गर्ने कार्यमा महत्वपुर्ण भुमिका खेलेको पाइन्छ । यस संस्थाले वेश्यावृत्तिको लागि भारतमा बेचिएको निर्दोष चेलीहरूलाई विभिन्न संघसंस्था तथा पोलिस फोर्सको सहायताद्धारा उद्धार गरी कसैलाई उनीहरूकै तालिम केन्द्रमा राखेर सिपमुलक तालिम तथा शिक्षा दिएको छ भने कति जनालाई पुनः आफ्नो गाउँमा पठाएको पाइन्छ । यस संस्थाले नुवाकोट घ्याङफेदीको छोरीचेली माथि सुनौलो मौका प्रदान गरेको पाइन्छ ।

### ४.२७.११ अन्य स्थानिय तथा सरकारी संस्था

**तालिका न.८**

**वेचिएका चेलिवेटीहरू उद्धार गर्ने संस्थाहरूको नाम**

| क.स | उद्धार गर्ने संस्थाको नाम | उद्धार गरिएको महिला (जना) |
|---|---|---|
| १ | माइती नेपाल | २ |
| २ | नेपलिजहोम | ३ |
| ३ | शक्ति समुह | १ |
| ४ | अन्य स्थानिय संघसंस्था | १ |
| ५ | सरकारी निकाय | १ |

श्रोतः स्थलगत अध्ययन, २०७६ ।

माथिको तालिकालाई हेर्दा माइती नेपाल, नेपालिज होम, शक्ति समुह, अन्य स्थानिय संघ संस्था लगायत सरकारी संघ संस्थाहरूले घ्याङफेदीबाट बेचिएको महिलाहरूको विभिन्न संख्यामा उद्धार गरेको पाइन्छ । जसमध्ये नेपालिज होमले सबैभन्दा ठुलो संख्यामा छोरीचेलीहरू उद्धार गरेको माथिको तालिकाबाट स्पस्ट हुन्छ ।

माथिका संघसंस्थाहरू बाहेक अन्य स्थानिय तथा सरकारी संस्थाहरूले चेलीबेटी बेचविखन नियन्त्रण तथा रोकथामको लागि कार्य गरी यस ठाउँको महिला दिदिवहिनीहरूलाई बम्वईको कोठीवाट उद्धार गर्ने कार्यहरू गर्दै आएको पाइन्छ। यि संघ संस्थाहरूले आ-आफ्नो क्षेत्रबाट चेलीबेटी बेचविखन रोकथामको लागि विभिन्न कदमहरू चालेको पाइन्छ। जसबाट घ्याङफेदी लगायत नेपालको विभिन्न ठाउँहरूबाट दलाल मार्फत बेचविखन भएका छोरीचेलीलाई बन्द कोठावाट मुक्त गराउन सफल भएका छन्। विगतका वर्षहरू देखी चेलिवेटी वेचविखन विरुद्ध कार्य गर्दै आएका यि विभिन्न संघसंस्थाहरूले घ्याङफेदीबाट बम्बइको कोठीमा शारीरिक शोषणको लागि बेचिएका नेपाली चेलीहरूको निम्न संख्यामा उद्धार गरेको पाइन्छ। जसलाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ।

### ४.२८ घ्याङफेदीमा हाल आएको परिवर्तनहरू

आजको युगलाई विश्वव्यापीकरणको युगको रूपमा चिनिन्छ। विश्वव्यापीकरणले संसारलाई एउटा गाउँ बनाएको पाइन्छ। शिक्षाको विस्तार, सञ्चारको माध्यम, सामाजिकरण, आधुनिकरण जस्ता कुराहरूले समाजलाई परिवर्तनशील बनाउँदै आएको पाइन्छ। यिनै कुराहरूबाट दुप्चेश्वर-१ मा पर्ने घ्याङफेदीको मानिसहरू पनि केहि हदसम्म प्रभावित भएको र त्यस ठाउँको जनजिबनमा केहि परिवर्तनहरू देखा पर्न थालेको पाइन्छ। समयको परिवर्तनसँगै NGO/INGO हरूको यस प्रति रहेको योगदानहरूबाट यस ठाउँको मानिसहरूमा चेतना जाग्न थालेको देखिन्छ। यस ठाउँलाई नरकजस्तो बनाउँदै आएको मानिसहरू अहिले यस ठाउँको सामाजिक विकासका लागि अघि सर्न थालेको देखिन्छ। समाजमा उनीहरूद्धारा गरिएको मानब बेचविखन एउटा ठुलो अपराध हो र यसबाट उम्किन पर्ने कुराहरू यस ठाउँको मानिसहरूले महशुस गर्न थालेका छन् भने आर्थिक क्षेत्रमा पनि यस ठाउँको मानिसहरूले सुधार गर्न थालेका छन् महिला बेचविखन कम्ती गर्न थालेका छन् , महिलाहरूलाई सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक क्षेत्रमा स्थान दिन थालेका छन्। घ्याङफेदीमा हाल देखिएको परिवर्तनहरूलाई निम्न वुँदाहरूमा स्प्ष्ट पार्न सकिन्छ।

### ४.२८.१ शैक्षिक अवस्थामा परिवर्तन

**तालिका नं.९**

**सरकार तथा समुदायद्धारा सञ्चालित विद्यालयहरू**

| क.स | विधालयको नाम | पुरुष विद्यार्थी संख्या | महिला विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|
| **सरकारद्धारा सञ्चालित विद्यालयहरू** | | | | |
| १. | जानकी प्रा.वि | १ | २ | ३ |
| २. | मगिन प्रा.वि | - | - | - |
| ३. | इन्द्रेणी प्रा.वि | २ | २ | ४ |
| ४. | बोलङ कट्रेन्जेप्रा.वि | २ | ३ | ५ |
| ५. | घ्याङफेदी नि.मा.वि | ४ | ५ | ९ |
| **समुदायद्धारा सञ्चालित विद्यालयहरू** | | | | |
| ६. | नवनिकेतन विद्यालय | १ | १ | २ |
| ७. | रेखीश्वरी विधालय | १ | १ | २ |
| ८. | मङ्गलदेवी विद्यालय | १ | २ | ३ |
| ९. | सुर्यमिति विद्यालय | १ | १ | २ |
| | जम्मा | १३ | १७ | ३० |

श्रोतः स्थलगत अध्ययन, २०७६ ।

यसरी माथिको तालिकालाई हेर्दा घ्याङफेदीमा विद्यार्थीको संख्याहरू बढेको पाइन्छ । जसमा सरकारी र समुदायिक विधालयमा जम्मा गरी ३० जना विधार्थीहरू रहेको देखिन्छ । जसमा १३ जना पुरुष विधार्थी संख्या रहेको छ भने महिला विधार्थी संख्या १७ जना जति रहेको देखिन्छ । यस तालिकाबाट यस ठाउँमा विद्यालयको संख्याको साथै महिला विधार्थी संख्यामा पनि वृद्धि हुन थालेको देखिन्छ ।

अधिकांश मानिसहरू अशिक्षित रहेको यस ठाउँमा हाल आएर शिक्षाको महत्वबारे महशुस गर्न थालिएको पाइन्छ । शिक्षाको अभावको कारण उनीहरूले अंगालेका पेशा प्रति यस

ठाउँको मानिसहरू आत्मग्लानी गर्न थालेको देखिन्छ। एउटा पनि उच्च माध्यमिक तहको विद्यालय नभएको यस ठाउँमा अहिले SEE तथा उच्च शिक्षाको लागि केहि व्यक्तिहरू सदरमुकाम तथा राजधानीमा आई पठनपाठन गर्न थालेको छन् भने गाउँमा शैक्षिक अवस्था सुधार गर्नको लागि स्थानियहरूले पहल गर्दै आएका छन्। अहिले यस गाउँमा ५ वटा सरकारी प्राथमिक विद्यालय रहेको छ भने ४ वटा सामुदायिक विद्यालयहरू स्थापना भएको छ।

### ४.२८.२ आर्थिक अवस्थामा परिवर्तन

घ्याङफेदीमा बसोबास गर्ने अधिकांश मानिसहरूको आर्थिक अवस्थामा पहिलेको तुलनामा हाल केहि परिवर्तनहरू देखा परेको पाइन्छ। विहान बेलुकी छाक टार्न धौ धौ पर्ने यस ठाउँको मानिसहरूको आर्थिक अवस्थामा परिवर्तन आई अहिले खान लगाउन सक्ने अवस्थामा आइपुगेका छन्। यस ठाउँको मानिसहरू अहिले पशुपालन गर्ने, जडिबुटी बेच्ने, मजदुरी गर्ने तथा बैदेशिक रोजगारीमा संलग्न भएकोले यस ठाउँको आय आर्जन वृद्धि हुँदै आएको पाइन्छ भने महिलाहरूले विभिन्न सिपमुलक तालिमहरू सिक्ने, पशुपालन सम्बन्धि तालिम लिने, कृषि प्रणालीमा सुधार गर्दै आफैमा निर्भर हुँदै जान थालेका छन् भने केहि महिलाहरू रोजगारको लागि काम गर्न विदेशीएको पाइन्छ। उनीहरूले मासिक रूपमा आम्दानी गरी घरमा पैसा पठाउने पनि गरेको पाइन्छ।

### ४.२८.३ महिला बेचविखनमा परिबर्तन

छोरा जन्मदा दुखी हुने र छोरी जन्मदा खुसी हुने यस ठाउँको मानिसहरूले १२-२८ बर्ष सम्मको गाउँभरिका छोरीचेलीहरू केहि रकममा दलाल मार्फत भारतमा बेच्ने गर्दथे। गाउँभरि घुम्दा पनि १२-२८ बर्षको बालबालिका तथा महिलाहरू नभेटिने यस ठाउँमा हाल आएर महिला तस्करी गर्न नहुने बारे केहि मात्रामा ज्ञान आएको देखिन्छ। जसको कारण गाउँमा छोरीचेली भेटिन थालेको छ भने विद्यालयमा पनि छोरीचेली अध्ययनरत भएको पाइन्छ। महिला वेचविखन इतिहासदेखि पेशाको रूपमा अगाल्दै आएका यस ठाउँको मानिसहरूले हाल धेरैले छोरी बेचविखन गर्न छाडेको छन् र छोरीलाई पनि शिक्षा दिनुपर्ने, परिवारको एउटा सदस्य मान्नुपर्ने र छोरीको संरक्षण गर्नुपर्ने जस्ता कुरामा जोड दिन थालेका छन्। अहिले यस ठाउँमा छोरीचेली दैनिक रूपमा हराउन छोडेका छन् भने

उनीहरू सिप सिक्ने, विद्यालय जाने, घरधन्दा गर्ने जस्ता कार्यहरूमा संलग्न हुन थालेको देखिन्छ ।

### ४.२८.४ महिला सहभागितामा परिवर्तन

लैङ्गिक विभेदताले जरा गाडेको यस ठाउँमा पुरुषहरूको भुमिका सक्रिय थियो । राजनैतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पुरुषहरू मात्र सक्रिय देखिन्थ्यो भने महिलाहरू घरको कामधन्दा, चुला चौका, खेतीपाती, बालबच्चा हेर्न तथा तस्करीमा पर्ने गर्दथे । समयको परिवर्तन सँगै यस ठाउँको महिलाहरूको भुमिकामा पनि परिवर्तन आउन थालेको पाइन्छ । घरबाहिरको कार्यमा पनि महिलाहरूले सहभागिता जनाउने अवसर पाएका छन् । राजनैतिक, शैक्षिक, सामाजिक, सांस्कृतिक क्षेत्रहरू पनि महिलाहरूलाई सहभागिता गराउन थालेको देखिन्छ भने महिलाहरूको हक, हिततथा संरक्षणको लागि तथा महिलाहरूको वृद्धि विकास गराउन यस ठाउँमा सृजनशील रेड पाण्डा नामक संस्थाको स्थापना भएको छ । १२-१३ बर्ष पुग्ने वित्तिकै बेचिने, छोरी चेलीहरूलाई हाल आएर तालिम तथा सिप सिकाउन काठमाडौ समेत पठाउन थालेका छन् भने शैक्षिक क्षेत्रमा पनि छोरीको सहभागिता बढि भएको पाइन्छ । घरको निर्णय गर्ने कार्यमा पनि महिलाहरूलाई अधिकार दिएको पाइन्छ ।

### ४.२८.५ पेशामा सुधार

मानिसहरू आफ्नो जिविकोपार्जन गर्नको लागि कुनै न कुनै पेशामा संलग्न रहेको पाइन्छ । पेशाको स्वरूप समुदाय, ठाउँ, प्रकृति अनुसार फरक फरक रहन्छ । नेपाल एउटा पहाडी मुलुक भएकोले यहाँको मुख्य पेशा कृषि तथा पशुपालनलाई लिन सकिन्छ । पहाडी तथा हिमाली क्षेत्रको समुदायमा बसोवास गर्ने प्राय मानिसहरूले कृषि तथा पशुपालन जस्ता पेशा अपनाएको पाइन्छ । घ्याङफेदी पनि नेपालको एउटा पहाडी तथा हिमाली भेगमा पर्ने भएकोले यस समुदायको मानिसहरूको मुख्य पेशा कृषि, पशुपालन नै रहेको पाइन्छ भने केहि मानिसहरू अन्य कार्यहरू पनि गर्ने गरेको पाइन्छ । यस ठाउँको पेशामा आएको सुधारलाई निम्नअनुसार व्याख्या गर्न सकिन्छ ।

### ४.२८.५.१ कृषि

घ्याङफेदीमा बसोबास गर्ने मानिसहरू ९० प्रतिशतजति मानिसहरूको मुख्य पेशा कृषि रहेको पाइन्छ। दैनिक गुजारा चलाउनको लागि उनीहरू कृषिमा बढि संलग्न रहेको पाइन्छ। यस ठाउँमा मुख्यवालीको रूपमा मकै, आलु, गहुँ, तोरी लगाइन्छ। यहाँको मानिसहरूले यस ठाउँमा धान नफल्ने कारणले गर्दा यि अन्नवालीहरू नै लगाउने गर्दछ। हिमाली भेगमा पर्ने भएकाले यस ठाउँमा धान फल्दैन र धानको सट्टामा अरू बालीहरू लगाइन्छ र उक्त बालीहरू बेचविखन गरी चामल किन्ने गर्दछ। यस ठाउँको मानिसहरूले कृषि प्रणालीमा सुधार गर्दै आएका छन्। कृषिमा आधुनिक प्रणाली तथा औजार, नयाँ उन्नत जातको विउविजनहरू लगाउने जस्ता कार्यहरू गर्दै आएको देखिन्छ। परम्परागत खेती प्रणालीमा सुधार गर्दै हाल यस ठाँउका मानिसहरूले कृषीउत्पादनमा वृद्धि गरेको पाइन्छ।

### ४.२८.५.२ ज्यामी

यस ठाउँमा हाल १.५ प्रतिशतजति मानिसहरू ज्यामी काम गर्ने गर्दछ। ज्यामी काममा महिलाभन्दा पुरुषहरू बढि संलग्न रहेको पाइन्छ। ज्यामी काम गरेर कमाएको केहि रकमले उनीहरू नुन, तेल किन्ने गर्दछन्।

### ४.२८.५.३ सिकर्मी

बनजंगल नजिक भएकोले यस ठाउँको मानिसहरू काठको काममा पनि अग्रसर देखिन्छन्। उनीहरू काठ चिर्ने, त्यसबाट खाट, झ्याल, ढोका, फर्निचर आदि बनाई सामानहरू बेचविखन पनि गर्न थालेका छन्। यस कार्यमा यस ठाउँको २ प्रतिशतजति मानिसहरू संलग्न रहेको पाइन्छ। काठको काम गरि उनीहरूले फर्निचर घर छिमेक लगायत सदरमुकामसम्म ल्याई वेचविखन गरी आय आर्जन गर्न थालेका छन्।

### ४.२८.५.४ पशुपालन

निकुञ्जको नजिक भएकोले यस ठाउँमा घाँस, दाउराहरू प्रशस्त मात्रामा पाइन्छ। घाँस, दाउराको लागि धरै टाढा जान नपर्ने भएकोले यस ठाउँको ५ प्रतिशत मानिसहरू पशुपालनमा संलग्न हुन थालेका छन्। पशुपालनमा बाखा, भैंसी, चौंरी, गाई, जस्ता पशुहरू

यस ठाउँको मानिसहरूले पाल्न थालेका छन्। Good friends of Nepal (GFN) नामक संस्थाले यस ठाउँको मानिसको प्रत्येक घरधुरीलाई २/२ वटा बाखाहरू वितरण गर्दै आइरहेको छ। जसको कारण अहिले यस ठाउँमा अन्य पशुहरूको तुलनामा बाखाहरूको संख्या र बाखापालन गर्ने मानिसहरूको संख्या वृद्धि भइरहेको पाइन्छ। यस गाउँमा हाल २०००-२५०० वटा बाखाहरू रहेको पाइन्छ। जसबाट यस ठाउँको मानिसहरूले राम्रो आय आर्जन गरिरहेका छन्।

### ४.२८.५.५ Homestay

गणेश हिमाल र लाङटाङ राष्ट्रिय निकुञ्जको फेदीमा अवस्थित यस गाउँ प्राकृतिक रूपमा निकै रमणीय छ। खोलानाला, झरना, बन्यजन्तु, प्रसिद्ध धार्मिक स्थल गोसाईकुण्ड तथा विभिन्न प्रकारका फुलहरूले यस ठाउँप्रति कुनै पनि मानिसहरूलाई सजिलै लोभ्याउन सक्छ। आन्तरिक तथा वाह्य पर्यटक प्रवर्द्धन तथा आर्थिक विकास गर्नको लागि यस ठाउँमा पर्यटकहरूलाई सुविधा होस् भन्ने उद्देश्यले २१ वटा Homestay हरू सञ्चालन गरिएको छ। जसमध्ये हाल ३/४ वटा मात्र सञ्चालनमा आएको देखिन्छ। घ्याङफेदीमा पर्यटक प्रवर्द्धन गर्न र त्यस ठाउँको आर्थिक विकास गर्नको लागि स्थानियहरूको पहलमा five-14 नेपाल नामक संस्थाको सहायतामा यस ठाउँमा २१ वटा Homestay हरू निर्माण भएका छन। जसवाट यस ठाउँको मानिसहरूको केहि मात्रामा आय आर्जन गर्न सकेका छन्। यस ठाउँको ०.५ प्रतिशत मानिसहरूले Homestay बाट पनि आर्थिक आय आर्जन गर्न थालेका छन्।

### ४.२८.५.६ नोकरी

यस ठाउँको १ प्रतिशत मानिसहरू नेपाल भित्र तथा विदेशमा गार्ड बस्ने, रेष्टुरेन्ट, गलैंचा फ्याक्ट्री, होटेल, टुरिष्ट गाइड जस्ता नेकरीहरूमा समाबेश रहेको पाइन्छ। यि कार्यहरू गरेर उनीहरूले केहि हदसम्म आर्थिक रकम संकलन गरेको पाइन्छ।

## ४.२९ विगत र बर्तमानमा छोरीचेली बेचविखनमा पाइएको भिन्नता

**तालिका नं.१०**

**विगत र वर्तमानमा छोरीचेली बेचविखनमा पाइएको भिन्नता**

| क.स | साविक वडा नं. बाट छानिएको टोलको नाम | महिला बेचविखनमा संलग्न घरधूरी (पाँचबर्ष अगाडीको तथ्याङ्क) | प्रतिशत | महिला बेचविखनमा संलग्न घरधूरी (बर्तमानको तथ्याङ्क) | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १ बाट पालुकेचरी टोल | ३ | १२.५ | १ | ४.१६ |
| २ | ४ बाट घ्याङफेदी टोल | ५ | २०.८ | २ | ८.३३ |
| ३ | ५ बाट घ्याङडाडा टोल | ४ | १६.७ | १ | ४.१६ |
| ४ | ६ वटा सि.सि.पू. टोल | ५ | २०.८ | १ | ४.१६ |
| ५ | ७ बाट बोलुङ टोल | ४ | १६.७ | १ | ४.१६ |
| ६ | ९ बाट चेताङ टोल | ३ | १२.५ | - | - |
| जम्मा | | २४ | १०० | ६ | २५ |

श्रोतः स्थलगत अध्ययन, २०७६ ।

घ्याङफेदीमा बर्तमान समयमा विगतको तुलनामा छोरीचेली बेचविखन ७५ प्रतिशत कम्ती हुँदै आएको माथिको तालिकाबाट स्पष्ट देख्न सकिन्छ। पाँचबर्ष अगाडि २४ घरधूरी छोरीचेली बेचविखनमा संलग्नता रहेको देखिन्थ्यो भने बर्तमान समयमा यस ठाउँमा ६ वटा घरधूरी मात्र बेचविखनमा संलग्न रहेको देखिन्छ। जसबाट यो प्रष्ट हुन्छ कि हाल यस ठाउँमा बेचविखन ७५ प्रतिशत परिवर्तन आएको छ र महिलाहरूले नयाँ जिवन पाएको छ।

शहरीकरण, विश्वव्यापीकरण, आधुनिकरण, पुर्वधारको विकास, सञ्चार माध्यम लगायत विभिन्न कारणहरूले यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जिवनशैली, व्यवहार, पेशा, बोलीचाली, संस्कृति आदिमा केहि हदसम्म परिवर्तनहरू देखिन थालिएको छ । सतिऔं देखी छोरीचेलीको संख्या सकिने गरी चेलीबेटी बेचविखन गर्दै आएको घ्याङफेदीमा विगतको तुलनामा बेचविखन ७५ प्रतिशत कम्ती हुन थालेको देखिन्छ । शिक्षाको विकास, पुर्वधारको विकास, सञ्चार माध्यम, जनचेतना, आर्थिक विकास जस्ता कारणहरूले गर्दा यस ठाउँमा केहि मात्रामा १२ बर्ष माथिको छोरी चेलीहरू हाल गाउँमा भेटिन थालको छ ।

# अध्याय पाँच
# सारांश र निष्कर्ष

## ५.१ सारांश

यस अध्ययन नुवाकोट जिल्लाको दुप्चेश्वर मा पर्ने घ्याङफेदीमा बसोबास गर्ने मानिसहरूले बर्षौं देखि अपनाउँदै आएको पेशा चेलीबेटी बेचविखन र उक्त कार्य नियन्त्रण तथा रोकथामको लागि NGO/INGO हरूले खेल्दै आएको भुमिका र हाल के कति परिवर्तन आएको छ भन्ने विषयलाई यस अध्यायले समेटेको छ। पहिलो अध्यायमा त्यस ठाउँमा भएको विभिन्न समस्याहरू जस्तै त्यहाँको मानिसहरूको आर्थिक अवस्था, शैक्षिक अवस्था, चेलीबेटी बेचखिनको कारण, त्यसको प्रभाव जस्ता विषयमा आधारित रहेर उत्तरहरू खोज्ने प्रयास गरेको छ भने यस अध्ययनले त्यस ठाउँमा किनआज सम्म पनि किन चेलीबेटी बेचविखन हुँदै आएको छ ,यसको कारण र समाजमा कस्तो प्रभाव परेको छ ?तथा यस ठाउँको समस्या समाधान गर्न गैरसरकारी संस्थाहरूको भुमिका कस्तो रहेको छ, भन्ने जस्तो प्रश्नहरूलाई विशिष्ट उद्देश्यको रूपमा राखी अध्ययन गरिएको छ। अध्याय दुईमा विभिन्न अनुसन्धानकर्ता, लेखक, पत्रपत्रिका, कृति, जर्नलहरूको सहायताद्धारा चेलीबेटी बेचविखनबारे अझ स्पष्ट पारिएको छ भने अध्याय तिनमा अनुसन्धानको लागिप्रयोग गरिएको विभिन्न अनुसन्धानात्मक ढाचाँ, तथ्याङ्क संकलन, विधि, छनौट विधि, अध्ययनको समग्रता, एकाई विश्लेषण गर्दा सम्भाब्य नमुना छनौट आदिलाई लिइएको छ। यस अध्यायमा अनुसन्धानको लागि अन्वेष्णात्मक र वर्णनात्मक ढाचाँको प्रयोग गरिएको छ। अध्ययन क्षेत्रको छनौट, तथ्याङ्क साथै प्राथामिक श्रोत, द्बितीय श्रोतको प्रयोग गरिएको छ। तथ्याङ्क संकलन विधि अन्तर्गत अर्न्तवार्ता, अवलोकन, मुख्य जानकार ब्यक्तिसँगको अर्न्तवार्ता विधिको प्रयोग गरिएको छ। तथ्याङ्क विश्लेषण र प्रस्तुति अन्तर्गत यस अध्ययनमा गुणात्मक तथ्याङ्कलाई सामान्य रूपमा ब्याख्या र विश्लेषण गरिएको छ।

अध्याय चारले घ्याङफेदीमा रहेको चेलीबेटी बेचविखनको समस्या, त्यसको कारण , प्रभाव, त्यस ठाउँको मानिसहरूको आर्थिक अवस्था, शैक्षिक अवस्था, जिवनशैली, सामाजिक अवस्था जस्ता विषयहरूको बारेमा विभिन्न विधी तथा अनुसन्धान ढाचाँको प्रयोग तथा एकाई विश्लेषण गरी त्यस ठाउँको बारेमा स्पष्ट जानकारी प्रदान गरेको छ। यस क्षेत्रको

उत्तरदाताको आर्थिक अवस्थालाई हेर्दा ७० प्रतिशत परिवार अति विपन्न, २० प्रतिशत विपन्न र १० प्रतिशत परिवार मध्यमवर्गको रहेको छ भने शैक्षिक स्थितिलाई नियाल्दा ६० % मानिसहरू निरक्षर, २६.६ % प्रा.वि. तह पढेको ६.७ % नि.मा.वि. ३.३ % मा.वि र ३.३ % मानिसहरूले उच्च शिक्षा हाँसिल गरेको पाइन्छ। यस ठाउँको शैक्षिक अवस्थालाई अवलोकन गर्दा अधिकांश मानिसहरू अशिक्षित रहेको छ भने उच्च शिक्षा हाँसिल गर्ने मानिसहरू अति कम देखिन्छ।

यस ठाउँको चेलीबेटी बेचविखनको समस्या बारेमा अध्ययन पछि चेलीबेटी बेचविखन हुनुको मुख्य कारण राज्यद्धारा गरिएको शोषण, कमजोर आर्थिक अवस्था, बेरोजगार, अशिक्षा, अचेतनाको कमी जस्ता पक्षहरू रहेको पाइएको छ।

अन्त्यमा, अध्याय पाँचले अध्याय चारको तथ्याङ्क विश्लेषण र प्रस्तुतीको आधारमा रहेर सारांश, निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरेको छ।

### ५.२ निष्कर्षः-

चेलीबेटी बेचविखन घ्याङफेदीको मात्र समस्या नभएर राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा देखा परेको गम्भिर समस्या हो। बेचविखन सम्बन्धि विभिन्न कानुन, निति नियम तथा यसका रोकथामको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरू कार्यरत रहेता पनि चेलीबेटी बेचविखन नियन्त्रण हुन सकेको छैन। शिक्षाको समान अवसर, रोजगारीको ग्यारेन्टी नहुनु, गरिबी, आरक्षण गरिएको क्षेत्रमा सहरी क्षेत्र र खान्दानी वर्गको मात्र प्रभुत्व रहने लगायतका कारणले पनि नेपालमा ग्रामीण भेगका महिलाहरू यो जोखिममा परेको पाइन्छ। दुप्चेश्वर-१ घ्याङफेदीमा रहेको मानब बेचविखन समस्यालाई लिएर गरिएको यस अध्ययनबाट त्यस ठाउँमा रहेको चेलीबेटी बेचविखन सम्बन्धि विभिन्न आधार तथा तथ्याङ्कहरू पत्ता लागेको छ। अन्वेषणात्मक, वर्णनात्मक ढाचाँमा आधारित रहेर यस ठाउँको चेलीबेटी बेचविखनको समस्यालाई विश्लेषण गरिएको छ भने परिमाणात्मक तथा गुणात्मक विधि अपनाएर अनुसन्धानको निष्कर्ष निकालिएको छ। यस अनुसन्धानमा स्थलगत रूपमा अध्ययन गरी रिपोर्ट तयार गरिएको छ। कुनै तथ्यहरू द्धितिय स्रोत तथा प्रश्नोत्तर विधिबाट संकलन गरिएको छ।

दुप्चेश्वर-१ घ्याङफेदीको चेलीबेटी बेचविखनको कारण, प्रभाव र त्यसको रोकथाम तथा नियन्त्रणको लागि चालिएको कदम तथा प्रयासहरूको विश्लेषण र अध्ययनको उद्देश्यमा आधारित रहेर निम्न निष्कर्षहरू चित्रण गरिएको छ ।

यस ठाउँमा सतिऔं देखि छोरीचेली बेचविखन गर्दै आएको र हालसम्म पनि यस ठाउँको मानिसहरू चेलीबेटी बेचविखन जस्तो जघन्य अपराध कायम गर्दै आएको पाइन्छ । चेलीबेटी बेचविखनमा कति आफ्नै अभिभावकको प्रत्यक्ष संलग्नता रहेको देखियो भने कति छोरी चेलीहरू दलाल, काकाकाकी, दाजुभाई, आफन्तमार्फत भई बेचिएको पाइएको छ । यस ठाउँमा चेलीबेटी वेचविखन हुनुको प्रमुख कारणहरू चेतनाको अभाव, गरिबी, अशिक्षा, बेरोजगार, कृषि उत्पादनमा कमी, प्रलोभन, झुटो विवाह, लैङ्गिक असमानता, शोषण इत्यादि रहेका छन् ।

समयले निकै कोल्टो फेर्दा पनि यस ठाउँमा महिला तस्करी पुर्ण रूपमा रोकथाम नहुनुको मुख्य कारणहरू जनचेतनाको कार्यक्रमहरूको पहुचँता नपुग्नु, गरिबी निवारण हुन नसक्नु, गुणयुक्त शिक्षा तथा ज्ञानको अभाव, धन सम्पत्ति (रूपयाँ, पैसा) प्रति मानिसको वढ्दो मोह, राजनैतिक आश्रय, कानून प्रभावकारी नहुनु आदि जस्ता कारणहरू रहेको पाइन्छ । विकट गाउँ भएकोले यस ठाउँमा शिक्षा, स्वास्थ्य, यातायात तथा विभिन्न पुर्वाधारहरूको अभाव रहेको पाइन्छ । जसको कारण चेलीबेटी बेचविखन पुर्ण रूपमा नियन्त्रण नभएको पाइन्छ । चेलीबेटी बेचविखन सतिऔं देखि एउटा पेशा जस्तै रहँदै आएको यस समाजमा चेलीबेटी बेचविखनले निकै नकारात्मक असरहरू पारेको पाइन्छ । चेलीबेटी बेचविखनको कारण यस समाजको छोरीहरूको जिवननिकै पिडादायी भएको  छ , उनीहरू शिक्षाबाट बञ्चित भएको छ र एउटा बन्द कोठामा जिवन बिताउन बाध्य छन् भने कति महिलाहरू शारीरिक शोषणको कारण विभिन्न यौन जन्य रोग तथा HIV AIDS को समेत सिकार भएको पाइन्छ । त्यस्तै यस समाजप्रति हेर्ने र ब्यवहार गर्ने दृष्टिकोणमा निकै भेदभाव पाइन्छ । घ्याङफेदी भन्ने वित्तिकै नुवाकोट बासीहरू छोरी बेच्ने ठाउँ, HIV AIDS भन्ने जस्ता उपनामहरू दिन्छन् भने विभिन्न NGO/INGO को कर्मचारीहरू समेत त्यस ठाउँमा काम गर्न जान पछि हटेको  पाइन्छ र यस ठाउँको युबा पुस्तालाई विवाहको लागि छोरी नदिने पनि गरेको पाइन्छ । चेलीबेटी बेचविखन जस्तो जघन्य अपराध गर्दै आएको कारण यस समाजलाई प्राय मानिसहरूले घृणा गर्ने र नकारात्मक दृष्टिकोणले हेर्ने गरेको पाइन्छ ।

महिलाहरूलाई पशुसरह मोलमलाई गरी बेचिदिने यस समाजमा विगत देखी नै लैङ्गिक विभेदता दरो जरो गाडेको पाइन्छ। छोरीलाई आम्दानीको स्रोतको रूपमा लिने यस समाजको दुर्व्यवहार रोकथाम तथा नियन्त्रणको लागि यस ठाउँमा हाल विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थालहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभिन्न कार्यहरू गर्दै आएको छ। हाल यस ठाउँमा सृजनशिल रेड पाण्डा, नेपालका असल मित्रहरू, World Food Program, आधार विकाश संस्था, Five -14 Nepal, Have G.BA , Carson Nepal / World Vision नामक NGO/INGO हरूले गरिबी निबारण, आयस्रोत, परियोजना, बाटो बनाउने, खानेपानीको व्यवस्था गर्ने, घर बनाउने, टनेल बनाउने, सिपमुलक तालिमहरू सिकाउने, विद्यालयहरू सञ्चालन गर्ने, पर्यटन प्रबर्द्धन गर्ने जस्ता विभिन्न कार्यहरू गर्दै आएको पाइन्छ। जसको मुख्य उद्देश्य त्यस ठाउँको चेलीबेटी बेचविखन रोकथाम तथा नियन्त्रण गर्ने रहेको पाइन्छ भने विभिन्न NGO/INGO जस्तै माइती नेपाल, शक्ति समुह, Nepalese Home,अन्य स्थानिय संघ संस्था तथा विभिन्न सरकारी निकाय आदिले यस ठाउँको बेचिएको चेलीहरूको उद्धार गर्ने तथा तिनीहरूलाई केन्द्रमै राखी तालिम तथा सिपहरू सिकाउने गर्दै आएको पाइन्छ।

# सन्दर्भ सामग्रीहरू (**References**)


आचार्य दिक्षित नरेन्द्रमणि, साझा संक्षिप्त कोष (२०५०) साझा प्रकाशन, काठमाडौं ।

केन्द्रिय तथ्याङ्क विभाग, २०६८ : तथ्याङ्क गतिविधि, राष्ट्रिय योजना आयोग ।

चेलीवेटी वेचविखनको सेरोफेरो (२०६१), महिला पुनस्थापना केन्द्र, काठमाडौँ ।

नेपालमा मानव वेचविखन तथा ओसारपोसार नियन्त्रण सम्बन्धि विद्यमान कानुन तथा कार्यान्वयन प्रकृयाको प्रभावकारीता अध्ययनको सारांश, २०६४ महिला कानुन विकास मञ्च, काठमाडौं ।

नेपाली सिंह गोपाल,१९३५(The Newar), सामाजिक-सांस्कृतिको अध्ययन, काठमाडौँ ।

नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३

नेपालको संविधान २०७२ । (संविधान सभा सचिवालय सिंह दरबार काठमाडौँ)

नेपालको अन्तरिम संविधान (२०६५), पौरवी प्रकाशन, काठमाडौं । बार्षिक प्रतिवेदन ( २०६३), नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, नुवाकोट ।

Bennet Lynne, (सन् १९८३), Dangerous Wives and Sacred Sisters, काठमाडौँ नजिकैको नारीकोट गाउँ अध्ययन ।

March S. Kathryn, (२००२), If Each Comes Halfway:Meeting Tamang Women in Nepal

Mead Maegaret,(1930), Growing up in New Guinea - Arapesh, Mundugumor, Tchambuli )आदिवासी समाजको तुलनात्मक अध्ययन, न्यूगिनी ।

मास्के सुमन, भारतीय यौन बजारमा नेपाली चेलीहरू (२०५५), अस्मिता प्रकाशन, काठमाडौं ।

लइर, डा. सरस्वती राजु र राधा  Mrs. एनWomen in India (oct.2016 ) ISSN:2321-788X

L. Tiger J. Shephes,(१९९५), (woman and kiputz),इस्राएलको समाज अध्ययन।

सिंह टोपबहादुर, कानुनी शब्दकोष (२०५६), लुम्बिनी प्रकाशन, काठमाडौँ ।

American Bar Association (2011). *Human trafficking Assessment Report for Nepal.* (Online) available at, http://www.americanbar.org/content/dam/aba/directories/roli/nepal/nepal_human_trafficking_assessment_report_2011.authcheckdam.pdf>, Accessed on [15 June 2014]

Crawford and Kaufman M.R (2011). *Sex Trafficking in Nepal. A Review of intervention and prevention programs*: Violence against Woman. Sage publications, vol. 17 No (5) 651-66

Eliasson, Jan, (25 June 2013),*(Child Trafficking in Nepal: Causes and Consequences*; Article oct.2013)

Lee. M (2007) *Human Trafficking*. willan publishing

Maiti Nepal (2013), *Living the Golden Dreams*: *The Gulf and Nepalese Women* (online). Available at http://www.maitinepal.org/admin/uploaded/1389690472.pdf, Accessed on [ 20 March 2014]

Ministry of labor and transportation. Management and International organization on Migration (MOLTM, 2013) *Foreign employment, Remittance and its impact on nepali economy-2010,P.10*

Office of the National Rapporteur on Trafficking in women and children (ONRT, 2008) *Trafficking in persons especially on women and children in Nepal.* National Report 2006-2007, and Kathmandu ONRT/NHRC.

Safe world for women (SWW, 2013) *women in Nepal warn of foreign employment exploitation* (online) available at,

http://safeworldforwomen.org/womens-rights/wr-central-and-south-asia/we-nepal/1007-women-in-nepal-warn-of-foreign-employment-exoploitation.html, Accessed on [10 may 2014]

The Asia foundation (2008). Combating human trafficking in venetian (Online), available at, http://asiafoundation.org/resources/pdfs/ FINALVNTraffickingReport0808.pdfAccessed on [ 27 June 2014]

United Nations office and Drugs and Crime (UNDOC, 2012). *Global report on Trafficking in persons*. (Online) Available at http://www.unodc.org/ documents/data-and analysis/glotip/Trafficking_in_peersons_ 2012_web.pdf, Accessed on [15 may 2014]

United Nations office on Drugs and Crime (UNODC, 2010). *Response to human trafficking in Bangladesh, India, Nepal and Sri Lanka* (Online). Available at, http://www.unodc.org/documents/human-trafficking/2011/ Responses_to_HumanTrafficking_in_Bangladesh_India_Nepal_and Sri_Lanka.pdf, Accessed on [20 march 2014]

# अनुसूची १

नुवाकोट जिल्ला दुप्चेश्वर १,

अन्तवार्ता सुची

**भाग १**

मिति :

१. घर संख्या :

घरमुलीको नाम : उमेर : लिङ्ग : वडा नं.:

२.जम्मा परिवार संख्या

| क.स | उमेर संख्या | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | ०-५ | | | |
| २ | ६-१० | | | |
| ३ | ११-१५ | | | |
| ४ | १६-२० | | | |
| ५ | २१-२५ | | | |
| ६ | २६ देखि माथि | | | |

३.शैक्षिक स्थिति

| क.स | उमेर संख्या | लिङ्ग | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | | पुरुष | | |
| | | साक्षर | निरक्षर | साक्षर | निरक्षर | |
| १ | ६-१४ बर्ष | | | | | |
| २ | १५-५९ बर्ष | | | | | |
| ३ | ६० देखि माथि | | | | | |

- १० कक्षा सम्म पढ्नेको संख्या :
- SEE पास संख्या :
- आई.ए पास संख्या :

- बी.ए पास संख्या :
- एम.ए पास संख्या :
- मास्टर डिग्री पास संख्या :

४. वैवाहिक स्थिति

| उमेर/ लिङ्ग | १४-२० बर्ष | २१-२५ बर्ष | २५ देखि माथि |
|---|---|---|---|
| पुरुष | | | |
| महिला | | | |

- तपाइको पारिवारिक अवस्था कस्तो छ ?

  (क)एकात्मक (ख)संयुक्त (ग) वृहत

- तपाइले कुन प्रकारको विवाह गर्नु भएको हो ?

  क) मागी विवाह ख) प्रेम विवाह ग) अन्य

- तपाइको घरमा चेलीको अवस्था छ ?

  क) राम्रो ख) नराम्रो

- छोरा/छोरी कसलाई बढी प्राथमिकता दिईन्छ ?

  (क) छोरा (ख) छोरी

- मुख्य पेशा के हो ?

  (क) कृषि (ख) मजदुर (ग)व्यापार (घ) अन्य

- कन प्रकारको अन्नवाली लगाइन्छ ?

  (क) धान (ख) मकै (ग) गहुँ (घ)कोदो (ङ) अन्य

- तपाईको परिवारमा महिलालाई कस्तो व्यवहार गरिन्छ ? किन ?

  क) राम्रो ख) नराम्रो

- छोरा वा छोरी कसलाई पढाउनु ठिक हो जस्तो लाग्छ ?

  क) छोरा ख) छोरी ग)दुबै बराबर

- वालवालिकालाई विद्यालय नपठाउनको मुख्य कारण के हो ? यस गाउँपालिकामा साक्षरता दर कति रहेको छ ?

  (क)निम्न (ख)मध्यम (ग) उच्च

## भाग २

## अन्तवार्ताको अनुसुची :-

- उत्तरदाताको नाम :
- धर्म
- उमेर
- लिङ्ग :
- पेशा :
- शिक्षा :
- वैबाहिक स्थिति :

विस्तृत पारिवारिक विवरण

| क.स | नाम | लिङ्ग | उमेर | शिक्षा | पेसा | धर्म | वैबाहिक स्थिति | वैवाहिक प्रथा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

- तपाईको घरमुली को हुनहुन्छ ? यदि महिला वा पुरुष भए किन ?
- तपाईको कुन उमेरमा विवाह गर्न भएको छ ?
- तपाईलाई देशको कानुनबारे जानकारी छ वा छैन ? यदि छ भने कसरी प्राप्त भयो ?
- तपाईको परिवारमा कति जना शिक्षित छ ?
- तपाईको मुख्य पेशा के हो ?
- छोरीलाई विद्यालय पठाउनु भएको छ कि छैन ?
- कनै राजनितिक वा सामाजिक संघसंस्थामा वा समुहमा आवद्ध हुनहुन्छ कि भए कुन कुनमा ?
- तपाईको परिवारमा कुन चाडपर्व मनाउनुहुन्छ ?
- तपाइको परिवारको स्वामित्वमा जग्गा छ कि छैन ? छ भने कति आम्दानी हुन्छ ?
- तपाईको आम्दानीको स्रोतहरू के के हुन् ?

| क.स | पेशाको नाम | कुल आम्दानी |
|---|---|---|
| | पशुपालन | |
| | कृषि | |
| | नोकरी | |
| | मजदुरी | |
| | व्यापार | |

- तपाईको घरमा मुख्य गरेर कुन पशुपालन गर्नुहन्छ ?
- घरमा महिला वा पुरुष कसको भुमिका बढि हुन्छ ?
- तपाइको घरबाट स्वास्थ्य चौकी कति टाढा पर्दछ ?
- तपाई उपचारको लागि कुन विधिलाई प्राथमिकता दिनुहुन्छ ?

  (क) स्वास्थ्य संस्था (ख) धामीझाकी (ग) वैध
- तपाईको गाउँपालिकामा बहुविवाह प्रचलन छ कि छैन ?
- SEE पास गर्नेको संख्या कति रहेको छ ?
- यस गाउँमा छोराको मुख्य पेशा के रहेको छ ?
- तपाइको समाज पुरुष प्रधान हो कि महिला ?
- तपाईको जति चेलीवेटी विदेशिनु भएको छ फर्केर आउनु भएको छ कि छैन ?